
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सूचना र मनोरञ्जनको सँगालो
# साप्ताहिक
saptahik.ekantipur.com
• वर्ष २४ • अं
• FRIDAY, 21 SEPTEMBER 2018
• काठमाडौं शुक्रबार, असोज ०
ल्य रू. १५/-



तस्बिर : लालप्रसाद शर्मा

# मुख्यमन्त्रीले छेडेको बहस

पृष्ठ ६ मा



मध्य पृष्ठमा

## आँचल शर्मा

papaya wash

JOY
beautiful by nature



PAPAYA WASH द्वारा
अनुहारको चायाँपोतो तथा
चिपचिपपन भगाउनुहोस्

प्रस्तुत छ, नयाँ Papaya Wash जुन मेवाको वास्तविक गुणले भरिपूर्ण छ। यसले सूर्यको हानिकारक किरणबाट मुहारमा हुने कालोपन तथा दाग धब्बाबाट बचाउँदै तुरुन्तै प्राकृतिक सुन्दरता प्रदान गर्दछ।

अनुष्का शर्मा
एक्ट्रेस




Instant Fairness GLOW | Anti POLLUTION | 24 HRS Skin Glow & Purifying


## YouTube ट्रेन्डिङ

| क्र. | शीर्षक | च्यानल |
|---|---|---|
| १ | फलप सङ- आसुसेन | च्यानल द कार्टुन्ज क्रु |
| २ | स्केच | च्यानल गोल्डमाइन्स |
| ३ | भद्रगोल -१७६ | च्यानल मिडिया हब |
| ४ | २.० टिजर | च्यानल धर्मा प्रोडक्सन |
| ५ | किलसट | च्यानल इमिनेम म्युजिक |
| ६ | द भ्वाइस अफ नेपाल-८ | च्यानल द भ्वाइस अफ |
| ७ | एमएलएका पावर | च्यानल आदित्य म्युजिक |
| ८ | आहा, कति मीठो नेपाली | च्यानल ठूलो पर्दा टिभी |
| ९ | निर्मला हत्याकाण्ड | च्यानल इनसाइडर मिडिया |
| १० | यही त होला माया | च्यानल विशालचौतारी |

## फोटो अफ दि विक



■ **चलचित्रको पर्खाइमा** : नयाँ चलचित्रको पर्खाइमा रहेकी सुरबिना कार्की अहिले फोटोसेसनमै व्यस्त छिन् ।



■ **स्वास्थ लाभको कामना** : पार्किन्सन्स रोगबाट पीडित अभिनेता मदनकृष्ण श्रेष्ठ शल्यक्रियापछि घरमा स्वास्थ लाभ गर्दै ।



■ **संगीतकार सापकोटा** : संगीतकार वसन्त सापकोटाको सेल्फीमा अर्को संगीतकार चेतन सापकोटा ।



■ **बतासे डाँडा** : ट्रोल नेपालको पेजमा अपलोड गरिएको पाल्पाको बतासे डाँडाको तस्बिर ।



■ **पोखरामा प्रियंका र आयुशमान** : प्रियंका कार्की तथा आयुशमान देशराज जोशी गएको शनिबार नयाँबजार, पोखरामा देखिए । उनीहरू ब्लसिनपल ब्युटी आर्टिस्ट्रीको उद्घाटन समारोहमा सरिक हुन त्यहाँ पुगेका थिए । उनीहरूसँग अर्का अभिनेता आशिरमान देशराज जोशी तथा बैंकर रविना देशराज जोशी श्रेष्ठ पनि सँगै थिए । यो पार्लर पोखराका महिला उद्यमीहरूले संयुक्त लगानीमा सञ्चालनमा ल्याएका हुन् ।



■ **शुभ यात्रा** : अस्ट्रेलियाको सांगीतिक यात्रामा गायिका मिलन नेवार तथा गायक निशान भट्टराई ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोध गर्दा अरिंगालले चिल्लाकी नचिल्ला ?

**हेमन्त गौतम**

संविधान कुनै पनि मुलुकको लागि पवित्र ग्रन्थ हो, तर धर्मग्रन्थ होइन । यो उसको विगतको संघर्षको, उपलब्धिको दस्तावेज हो र भविष्यको मार्गदर्शक सिद्धान्त पनि । यसले सबै तह/तप्काका नागरिकको भावनालाई अभिव्यक्त गरेको हुन्छ भनिन्छ । छैन भने निरन्तर सुधार गर्दै जानु पर्छ । यो परिवर्तनशील हुन्छ ।

**सुरेश ढकाल**

तिमीलाई देखेकै दिनदेखि यस्तो लाग्न थालेको हो कि, प्रेम शब्दको उत्पत्ति नि तिम्रै कल्पनामा भएको हो ।

**सुनिता तिमिल्सिना**

दिल तोड्यो उसले,
हात र साथ छोडयो उसले
ए कोही रौसी ल्याओ न
खाइदिम् मलाई छोडेर अर्कैलाई रोज्यो उसले ।

**सानी ठकुरी**

जलस्रोतको दोस्रो धनी देश भएपछि, सडकमा पानी नबगेर के दूध बग्छ त ?

**अमिर दर्पण नेपाल**

व्यस्त पनि यति भैयो कि निन्द्रा आउँदा हाई गर्नेसम्म फुर्सद छैन ।

**इलु प्यारे**

म संसारको एउटा त्यस्तो पात्र हुँ । न जन्मिदा कसैको खुसी थिए न जिउँदा ।

यहाँ खुसीहरू प्रतिक्षारत छन् मेरो अन्तिम बिदाइमा ।

**आरोही**

हेल्लो डियर......

झरी त बाहिर परिरा'छ, तर मेरो मन मस्तिष्कमा तिम्रो प्रेमको बाछिट्टाले भखरै स्पर्श गऱ्यो । के तिमीले चाल पायौ ?

**सगुन**

उसको प्रेमको मूल्य उसैलाई थाहा होला । के भनौं र, म त उसको भरोसामा बिकेकी मान्छे ।

**एन्जिका लम्साल**

खाली गोजी, अनि बिना मोबाइल, हिँड्न अति गाह्रो हजुर ।

**विक्रम बारघरे**

आजकालको जमानामा मान्छेको जति राम्रो जागिर, उति नै राम्री स्वास्नी ।

**चिम्से अजे**

चिन्तामा हाम्रो विवेक शून्य हुँदोरहेछ, अनि रिसमा विवेक एकदमै भारी, यी दुई अवस्था मानसिक तनावको मुख्य जड हुन् ।

**बमु**

नबनिसकेको काम बनेन भनेर दुखी भै समय फाल्नुभन्दा किन बनेन कारण खोजी अर्को प्रयासका लागि सजग हुनु राम्रो ।

**विनोद पाठक**

मलाई भन्न आउँदैन, तिमी मौनता बुझ्न सिक ।

**धुप**

टाढा भएको होइन म तिमीसँग । तिम्रो वरिपरि मानिसहरू थपिँदै गए र, म त्यो भिडमा हराउँदै गएँ ।

**ठुल्दाइ**

दाऱ्ही पालेको केटा देख्यो कि प्रपोज गर्दिम् जस्तो हुन्छ । दारी त त्यस्तो मज्जाले पाल्नेले मलाई झन् कति मज्जाले पाल्दो हो ?

**प्यारी स ?**

हरेक मोडहरूमा आफ्नो गति कति छ भनेर जाँच्नुपर्छ, जसले गर्दा जिन्दगीको लामो यात्रामा सफल होस् ।

**जनक रानामगर**

जिन्दगीमा लाखौं, अर्बौं सम्पत्ति कमाएर के गर्नु ? यमराजले पक्कै घुस खादैनन् क्यारे ।

**नूर**

ढुंगा बाटोमा भेटे कुल्चेर हिडिन्छ,
सर्प घरमा घुसे मारिन्छ,
तर यी दुबै मन्दिरमा भेटे पुजा गरिन्छ,
मतलब,खराब केही हुन्न,बस स्थान सहि हुनु पर्यो

IELTS 6.5
By P. Swoveet, free books, mtrls.
with Dashain Offer!
English in a Month!
Chinese, French, Spanish, Korean
Computer: Basic- Advanced classes
Language Books Audio/Video
Easy Way, Easy Learning, Boost Vocab.,
ESSAY for IELTS.. available in the market
OLC, Bag Bazaar, 4268945, 4244741

मंगल होस्

# 'थकाली भान्छा' घरको ब्रान्ड बचाऊँ



मनोज गजुरेल

> नेपालमा मात्र होइन, विश्वको जुनसुकै सहरमा जानुहोस् जहाँ नेपालीहरूको बसोबास छ, त्यहाँ दुई-चारवटा थकाली भान्छाघर खोलिएकै हुन्छ । भलै भान्छाघरमा थकाली परिकार कम, अन्य परिकार बढी बेचियोस्, तैपनि थकाली खानाको साइनबोर्ड झुन्ड्याइएकै हुन्छ ।

हिमालपारिको जिल्लाबाट सबैलाई नमस्कार । कास्कीको पोखराबाट म्याग्दीको तातोपानी, मुस्ताङको जोमसोम हुँदै अपर मुस्ताङको ल्होमान्थाङसम्मको यात्रामा तपाईंलाई स्वागत छ । आउनुहोस्, यो यात्राका धेरै सम्झनामध्ये एउटा संझनाबाट मनोजरञ्जन गरौं ।

बेनीबाट सुरु भएको हाम्रो यात्रा तातोपानी, दाना, लेते, मार्फा, छुसाङ्हुँदै जोमसोम पुग्छ । बीचबीचमा स-साना बजारहरू पनि छन् । ती बजारमा सबैभन्दा बढी देख्न पाइने के होला ? अनुमान लगाउनुहोस् त ।

कसैलाई लाग्यो होला, स्याउ । कसैलाई लाग्यो होला, स्याउको ब्रान्डी । कसैलाई लाग्यो होला, याक । कसैलाई लाग्यो होला, छुर्पी । तपाईंहरूको अनुमान गलत होइन । यहाँ हिमाली भेगमा पाइने सबै कुरा पाइन्छन्, जुन अरू भेगमा पनि पाइन्छन् ।

यद्यपि अरू हिमाली भेगमा नपाइने तर यो रुटमा पाइने मुख्य कुरा भनेको थकाली खाना हो । बेनीबाट जोमसोम पुगुन्जेल जति पनि बजार छन्, जति पनि खाना वा खाजाघर छन्, तीमध्ये थकाली भान्छाघर नै सबैभन्दा बढी छन् ।

एक हिसाबले यसलाई थकाली खानाको स्वायत्त प्रदेश भने पनि हुन्छ । रमाइलो कुरा त के छ भने थकाली भान्छाघरमा थकालीमात्र होइन, अन्य नेपालीसहित भारतीय, चाइनिज, अमेरिकनलगायत सबै विदेशीको आकर्षण पाइन्छ ।

गन्ने नै हो भने त्यो रुटमा २ सयभन्दा बढी थकाली भान्छा घर होलान् । भलै थकाली भान्छाघरको अगाडि-पछाडि अन्य फुर्को पनि जोडिएका हुन्छन् । दिदीको थकाली भान्छाघर, लेते थकाली भान्छा घर, मीठो थकाली भान्छा घर, स्वादिलो थकाली भान्छाघर, आफ्नै थकाली भान्छाघर, हजुरको थकाली भान्छा घर आदि-इत्यादि ।

वास्तवमा सबैभन्दा बढी कपि गरिएको ट्रेडमार्क थकाली भान्छाघर नै होला । हुन त अमेरिकाको केएफसी तथा बर्गर किङ पनि अन्तर्राष्ट्रिय रूपमा चलेका ब्रान्ड हुन्, तर नेपालजस्तो सानो देशको यति धेरै ब्रान्ड र अमेरिकन ब्रान्डमा नेपाली ब्रान्डले नै जित्छ ।

नेपालमा मात्र होइन, विश्वको जुनसुकै सहरमा जानुहोस् जहाँ नेपालीहरूको बसोबास छ, त्यहाँ दुई-चारवटा थकाली भान्छाघर खोलिएकै हुन्छ । भलै भान्छाघरमा थकाली परिकार कम, अन्य परिकार बढी बेचियोस्, तैपनि थकाली खानाको साइनबोर्ड झुन्ड्याइएकै हुन्छ ।

एक मित्र भन्दै हुनुहुन्थ्यो, कुनै दिन यस्तो पनि साइन बोर्ड देख्न पाइएला जसलाई देख्दै हाँसो उठ्न सक्छ । 'आपका थकाली भान्छाघर । यहाँ अनुभवी भारतीय कुकद्वारा तयार पारिएको मीठो थकाली खाना पाइन्छ । सरदार प्रोप्राइटर : राम एकवाल सिंह ।'

त्यसो त नेपालमा बाजेको पेडा पनि धेरै कपि गरिएको ब्रान्ड हो । सप्तरीको बरमझियास्थित बाजेको पेडाको नाम नसुन्ने कमै होलान्, तर पेडा पसलको नाम कमैलाई थाहा होला । बाजेको पेडा, बूढो बाजेको पेडा, उही बाजेको पेडा, साँच्चैको बाजेको पेडा, खास बुढाको पेडा, ज्यूँदै भएको बुढाको पेडा, बूढाबूढीको पेडा, बुढाका बाउको पेडा, बूढाको छोराको पेडा, बूढैबूढाको पेडा आदि इत्यादि ।

यद्यपि थकाली खानाजस्तो बाजेको पेडाको अन्तर्राष्ट्रियकरण भैसकेको छैन । भविष्यमा होला तर अहिलेलाई भने थकाली खाना नै नेपालको सबैभन्दा चर्चित ब्रान्ड हो, तर यसलाई व्यवस्थित बनाउनुपर्ने देखिन्छ ।

वास्तविक थकाली भान्सा स्वाद, स्वास्थ्य र मीठो स्वागतका लागि चर्चित रहँदै आएको छ । थकाली खाना स्वस्थ हुन्छ । उनीहरूको स्वागत आत्मीय हुन्छ । उनीहरूले तयार पारेको खाना स्वादिलो हुन्छ, तर आफ्नो दोकान चलाउन जोसुकैले 'थकाली भान्छाघर' नाम राख्नाले यसको विश्वसनीयता, स्वाद र मिठासमा कमी आउने खतरा बढ्दै गएको छ । लौन, थकाली खानाको साख जोगाऔं ।

युवा मन

# देखावटी कुरा



सुविन भट्टराई

जीवनभरि दुई वटा कुरामा बाँचियो । थोरै वास्तविकता, जो सधैंभरि मनको छिँडीमा लुकिरह्यो, लुकाइरहियो । धेरै देखावटी कुरा, जसकै वरिपरि अधिकांश समय घुमिरह्यो, घुमाइरहियो ।

कतिपय पुस्तक अरूलाई देखाउन पढियो । राम्रो लागेको होस् वा नहोस्, पढेका ती पुस्तकलाई अरूले पनि राम्रो भनेका छन् भन्ने आधारमै राम्रो भनियो । संसारले राम्रो मानेको सिनेमालाई नराम्रो लाग्दालाग्दै पनि राम्रो भनियो ।

स्कुलमा स्कुले साथीझैं बन्न खोजियो । उनीहरूलाई मनपर्ने कुरा छानी-छानी गरियो । कलेजमा कलेजकै साथीअनुकूल बन्न खोजियो । अफिसमा अफिसकै साथीअनुकूल बनियो । घरमा घर-परिवारअनुकूल बन्ने प्रयास गरियो । जहाँ जाऊँ, उनीहरू केले खुसी हुन्छन्, त्यही बोलियो, त्यही गरियो । राम्रो मान्छे बनेँ/बनिनँ थाहा छैन, तर राम्रो मान्छे बन्ने प्रयास भने सधैं गरिरहेँ । आफू जे हुँ, मौलिक रूपमा आफैंलाई बग्न कहिल्यै दिइनँ ।

देखावटीका लागि पटक-पटक मोबाइल फेरियो । आफ्नो शरीर सुहाउँदो होइन, दुनियाँले राम्रो भनोस् भन्ने हेतुले कपडा लगाइयो । आफ्नो मस्तिष्कले सोचेको होइन, अरूका कान के सुन्न चाहन्छ भन्ने कुरा बुझेर मात्र बोलियो ।

माया पनि त कतिलाई हो कतिलाई देखावटी गरियो । मनबाट होस्/नहोस्, आँखाले साथ देओस्/नदेओस्, व्यवहारमा देखावटी रंग मिसाउँदै मायाको कुची चलाइयो । कसैले देखावटी सम्बन्धमा फसाए, कसैलाई देखावटी सम्बन्धमा फसाइयो ।

देखाउनलाई नै हो मन नपरेका कैयौं चिजलाई राम्रो भनियो । देखाउनैका लागि मन परेका चिजलाई नराम्रो पनि भनियो । मन नपरेका कतिपय मानिसलाई महान्को पगरी गुथाइयो, केवल देखाउनैका लागि ।

भित्र जतिसुकै दुखी हौं, हतास हौं, कति हाँसोहरू अरूको हाँसोसित मिलाउनका लागि मात्र हाँसियो । कति आँसुहरू कनीकुथी, सकी-नसकी अरूको दुःखमा दुःखी छु भन्ने देखाउनकै लागि जबरजस्ती काढियो । जहाँ जोसित भेटियो, उस्तै बन्न खोजियो । उसकै बन्न खोजियो । आफू कहिल्यै बनिएन । आफूजस्तै त आफैंसित एकान्तमा पनि बनिएन । आफ्नो मौलिकता खोज्ने पहल कहिल्यै गरिएन ।

देखाउनका लागि देखाउन नसकिने कुरा पनि देखाइयो । देखावटीकै लागि छोप्नुपर्ने कैयौं कुरा छोपिएन ।


संसार यही भ्रममा बाँचेको छ कि देखिएकै कुरालाई मात्र सत्य हो । छोपिएका, छेकिएका, ढाकिएका, छलिएका चिजहरूको अस्तित्व कमजोर नै हुँदो रहेछ । सत्य मैले केही मान्नुसित होइन, सत्य मैले अरूलाई मनाउनुसित सरोकार राख्छ ।

समाजमा पर्नकै लागि, कसैका आँखामा राम्रो बन्नकै लागि सहीलाई गलत भनियो र गलतलाई सही भनियो । एउटाको विश्वास जित्नका लागि जानी-नजानी अर्काको विश्वास तोडियो ।

न कहिल्यै आफूलाई आफ्नै नजरले हेरियो, केवल अरूकै नजरमा उक्लेर जोखियो । आफ्नो मनले के भन्यो, आफैंलाई कहिल्यै टेरिएन । आफूलाई के चाहिन्छ, ठीकसँग कहिल्यै सोधिएन । जिन्दगीमा दुनियाँको बन्न खोजियो, आफ्नो कहिल्यै बन्न सकिएन । दुनियाले के भन्छ, त्यही सुनियो ।

म जे-जस्तो देखिएको छु, त्यो म होइन । म जे होइन, जस्तो देखिन्न, त्यही हुँ । म देखावटी मान्छे । हर दृष्टिमा हर हर्थमा देखावटी मान्छे । म धेरै छोपिएर थोरै देखिएको, थोरै बुझिएर धेरै बुझ्न नसकिएको, एउटा भ्रम हुँ ।



# एउटा दमित यथार्थ

कमल सुवेदी

आजको संसारमा किशोरावस्थादेखि वयस्क एवं प्रौढावस्थाका अधिकांश मानिस पोर्न चलचित्रसँग परिचित छन् । नेपालमा सरकारले सिधै पोर्न चलचित्र भनेर स्वीकृति त दिएको छैन तर झन्डै पोर्न दृश्यहरू भएका नेपाली भाषाका लघु चलचित्र युट्युबमा प्रशस्त आउन थालेका छन् । नेपाल मात्र एउटा यस्तो देश हो जहाँ राज्यले निर्माण एवं प्रदर्शनको स्वीकृति दिएपछि प्रदर्शन हुने सबै खालका चलचित्रले बराबरी हैसियतमा राज्यबाट प्राप्त सुविधाहरू प्राप्त गर्न सक्छन् । उदाहरणका लागि बलिदान र एटीएम दुवै चलचित्रले राज्यले उपलब्ध गराउने सुविधा समान रूपमा उपभोग गर्न पाएका थिए । अन्य देशमा फरक शैली र विषयवस्तु भएका चलचित्र प्रदर्शन गर्ने हल नै फरक हुन्छन् भने तिनलाई राज्यले दिने सुविधा र तिनले राज्यलाई तिर्नुपर्ने करको व्यवस्थामा जमिन-आकाशको फरक हुन्छ ।

प्रसङ्ग पोर्न चलचित्रको हो– विश्वका धेरै देशमा पोर्न चलचित्र बन्छन् । पोर्न उद्योगको अन्तर्राष्ट्रिय मान्यताअनुसार त्यस्ता चलचित्रमा देखिने कलाकारहरूको उमेर १८ वर्षभन्दा माथि हुनुपर्छ । यो कुराको पुष्टि राज्यको निकायले दिने उमेरको प्रमाणित पत्रले गर्नुपर्छ । कलाकारले निर्माता समक्ष त्यस्तो प्रमाणपत्र पेस गर्छन् र निर्माताले सम्बन्धित फिल्म बोर्डमा उक्त प्रमाणपत्रसहित आवेदन दिन्छ अनि त्यसमा स्वीकृति प्राप्त भएपछि मात्र चलचित्रको छायाङ्कनको काम सुरु हुन्छ ।

आजभन्दा हजारौं वर्षअघि कामसूत्रको परिकल्पना भयो, पोर्न चलचित्रको प्रसङ्ग चल्दा कामसूत्रको पनि उल्लेख हुन्छ तर कामसूत्र यौन विषयक शास्त्रीय विधि हो । कामसूत्रको यौनकलाको प्रस्तुति पोर्न चलचित्रसँग मिल्दोजुल्दो भए पनि कामशास्त्र आफैंमा पोर्नशास्त्र भने होइन । वास्तवमा पोर्न चलचित्रकै रूपमा दर्शकमाझ पहिलो पटक सन् १८९६ मा यस्तो चलचित्र सार्वजनिक भएको हो ।

पोर्न कलाकारहरूको पारिश्रमिक प्रतिदृश्य ३ सय डलरदेखि १० हजार डलरसम्म रहेको पाइन्छ । यो क्षेत्रका नवप्रवेशीहरूले प्रतिदृश्य ३ सय डलरका दरले काम थाल्छन् । स्थापितहरू त वार्षिक रूपमै अनुबन्धित हुने प्रचलन पनि छ, जसअनुसार उनीहरूले वार्षिक १० लाखदेखि १५ लाख डलरसम्म पारिश्रमिक प्राप्त गर्छन् । हामीलाई अचम्म लाग्न सक्छ, रक्सीको चुस्कीसँगै खुल्ला प्राकृतिक एवं अप्राकृतिक यौनाचारका दृश्यमा काम गर्ने पोर्न स्टारहरूमध्ये धैरैजसो शाकाहारी छन् र स्वभावैले लजालु प्रवृत्तिका छन् । अझ कतिपय पोर्न स्टार त श्रीमान्-श्रीमती नै छन् । तिनीहरू एक-अर्कासँग बाहेक अरूसित यौनसम्बन्ध नराखेको दाबी गर्छन् । अल्पविकसित राष्ट्रहरूमा निम्न आय भएको पारिवारिक पृष्ठभूमिबाट आएका र यौनलाई पेसाका रूपमा स्वीकार गर्नेहरू पोर्न कलाकारका रूपमा देखिन्छन्, तर विकसित राष्ट्रहरूमा उच्च घरानियाँ परिवारका युवा-युवतीहरू खुला रूपमै पोर्न चलचित्रमा संलग्न हुन्छन् । यस्ता चलचित्रका कलाकार तथा निर्देशकहरू बीस-बाइसे पठ्ठाहरू मात्र हुन्छन् भन्ने होइन, ८० वर्षको उमेरसम्मकाले पनि यस्ता चलचित्रका काम गरिरहेका हुन्छन् ।

डबल एक्स र ट्रिपल एक्स गरी दुई प्रकारका पोर्न चलचित्र अस्तित्वमा रहे पनि हामी पोर्न भन्नासाथ ट्रिपल एक्स चलचित्र बुझ्छौं । भारतमा डबल एक्स चलचित्रलाई कानुनी मान्यता प्राप्त छ । त्यहाँ नारी कलाकारको कम्मरदेखि माथिको अगाडि र पछाडिको पूरै भाग देखाइएका चलचित्रलाई केवल वयष्कका लागि भनेर सेन्सर बोर्डले स्वीकृति दिएको पाइन्छ । नेपालमा भने त्यस्ता दृश्य भएका चलचित्रले मूलधारकै चलचित्रका रूपमा युनिभर्सल प्रमाणपत्र प्राप्त गर्दै आएका छन् ।

पोर्न कलाकारहरू पोर्न कलाकारितालाई अन्य कर्म जस्तै सहज रूपमा लिन्छन् । विश्वविख्यात पोर्न कलाकार क्वाराले एउटा अन्तर्वार्ताका क्रममा भनेकी छिन्– अन्य सबै किसिमका कार्य र पोर्न कलाकारिता उस्तै-उस्तै हुन् । पृथकता के मात्र हो भने अन्य कर्ममा लाग्नेहरूले लुगा लगाएका हुन्छन् भने पोर्न कलाकारहरू लुगाविहीन हुन्छन् । नेपालमा घोषित रूपमै त्यस्ता चलचित्र नबने पनि सर्ट मुभीका नाममा थुप्रै यौन विषयक नेपाली चलचित्र युट्युबमा राखिएका पाइन्छन् तर तिनलाई पोर्न चलचित्र भन्नु उपयुक्त हुँदैन ।

अश्लील चलचित्र, वयस्क चलचित्र, यौन चलचित्र, नीलो चलचित्र एउटै वर्गमा पर्दैनन् तर ती सबैले मूल विषय भने यौनलाई नै बनाएका हुन्छन् । विशुद्ध पोर्न चलचित्रमा आख्यान तत्व झिनो हुन्छ र कलात्मकता पनि भत्किएको हुन्छ । यसका पात्रहरू मानिस मात्र नभएर कुकुर, घोडा तथा अन्य जनावरहरू पनि हुन सक्छन् र त्यस्ता चलचित्रमा अप्राकृतिक यौनाचारका दृश्य पनि राखिएका हुन्छन् ।

सन् १९१० तिर जर्मनीमा बनेको एक पोर्न चलचित्रका कलाकार तथा निर्माताले प्रहरीको कडाइपछि भूमिगत हुनुपरेको थियो । श्याम-श्वेत उक्त चलचित्र १० मिनेट लामो थियो र कलाकार दुई जना मात्र थिए । उक्त चलचित्रमा एउटा पुरुषले एउटी मोटी महिलाका पहिरन एक-एक गर्दै पूर्ण रूपमा खोलेपछि उनको नग्न शरीरलाई पछाडिबाट देखाइएको थियो । सिल्भिया क्रिष्टलद्वारा अभिनीत उक्त चलचित्रपछि नै यस्ता चलचित्र बनाउने प्रक्रिया प्रारम्भ भएको थियो । कालान्तरमा कतिपय देशले त्यस्ता चलचित्रलाई पोर्न चलचित्रका रूपमा मान्यता दिन थाले । यस्ता चलचित्रमा काम गर्ने निर्माता, प्रदर्शक तथा कलाकारहरूबाट राज्यले ठूलो मात्रामा कर उठाउँछ । विक्रमको पहिलो शताब्दीमै उदाएको कामसूत्रलाई आधार मानेर सुरु भएको पोर्न प्रस्तुति सन् १८७० तिरदेखि नै स्थिर छायाँका रूपमा पोर्न दृश्यहरू खिचिन थालेका हुन् । एप्स र इन्टरनेटको सहजीकरणका कारण हरेक युवायुवतीको हात-हातमा भएको मोबाइलमा पोर्न चलचित्रहरू आइपुगेका छन् । नेपालमा पनि पोर्न चलचित्रका पक्ष र विपक्षमा थुप्रै बहस हुन थालेका छन् । विपक्षमा रहनेहरूले अब बुझ्ने बेला भयो यसको बन्देज आजको भूमण्डलीकृत विश्वमा चाहेर पनि सम्भव छैन ।

## प्रतिक्रिया




सम्बन्ध सुध्रिएको खबरले खुसी बनायो (फ्रन्टपेज : सम्बन्ध सुधार्दै पारस-हिमानी) । कसैको पनि घर बिग्रनु हुँदैन । त्यसले समाजमा राम्रो सन्देश जाँदैन । लामो समयदेखि पारस-हिमानीको सम्बन्धमा आएको चिसोपन सुध्रिएको छ । अब फेरि नबिग्रियोस्, नभत्कियोस् ।

**तेज बटाला**

सरकारले चाहने हो भने दोषीहरूलाई कारबाही गर्न सक्छ (मंगल होस् : छाडबिन आयोग) । यद्यपि पैसा र शक्तिका अगाडि सरकारले पनि घुँडा टेकेको छ । यसले गलत नजिर खडा गरेको छ । दोषीहरू कुनै पनि हालतमा छुट्नु हुँदैन, अन्यायमा परेकाहरूले न्याय पाउनैपर्छ । पीडितहरूलाई सहयोग गर्नुपर्नेमा उनीहरूले उल्टै मानसिक पीडा तथा यातना भोग्नुपरेको छ । यस्तो स्थिति नदोहोरियोस् ।

**शंकर अधिकारी**

समुन्द्रमानसिंह श्रेष्ठजस्ता युवा प्रतिभाहरूबाट धेरै कुरा सिक्न सकिन्छ (समुन्द्रमानको संसार) । नेपालमा पेन्टिङको ठूलो सम्भावना छ । मिडियामा नआएका यस्ता कैयौं पात्र छन्, जसका बारेमा त्यति पढ्न पाइँदैन । यस्ता प्रेरणादायक पात्रहरूका सम्बन्धमा नियमित रूपमा पढ्न पाइयोस् ।

**प्रतिभा सन्जेल**

नेपालमा होटल व्यवस्थापनको प्रशस्त सम्भावना छ (होटल व्यवस्थापन रोजगारीको ग्यारेन्टी) । आफ्ना सन्तानलाई अनुत्पादक क्षेत्रमा लगाउनुभन्दा होटल व्यवस्थापन पढाउनु उचित हुन्छ । कम्तीमा आफ्नो लगानी त खेर जाँदैन ।

**रोशन कटुवाल**

अवेरनेस एकेडेमी (एआईए) ले तयार पारेको यो गीतले नयाँ सन्देश दिएको छ (संगीत : यस्तो पो गीत) । वास्तवमा गीत त यस्तै हुनुपर्ने हो । शिक्षामूलक गीतले सबैलाई लाभ पुऱ्याउँछ । यो गीत खासगरी विद्यार्थी, लेखक तथा पत्रकारहरूका लागि बढी उपयोगी छ ।

**लीला ढुंगाना**

गोल्डेन डोर इन्टरनेसनल फिल्म फेस्टिभलमा रामकृष्ण ढकालको गीत पर्नु खुसीको कुरा हो (विदेशी एवार्डमा नेपाली गीत) । ढकाललाई बधाई एवं शुभकामना ।

**हिमाल उपाध्याय**

राजु परियार नेपाली गीत-संगीतमा फर्कनु सुखद समाचार हो (राजुको कमब्याक) । कुनै बेला निकै चर्चामा रहेका राजु लामै समय ओझेलमा थिए । गीत-संगीतबाट टाढिए पनि राजुको कमब्याक जरुरी थियो ।

**शीतल चालिसे**

बलिउडसँग नेपालको तुलना हुन सक्दैन (बलिउड सेलिब्रेटीका अंगरक्षकको तलब ?) बलिउडको दायरा विशाल छ । नेपालजस्तो सानो देशको मनोरञ्जन उद्योगसँग त्यसको तुलना गर्नु उचित हुँदैन ।

**दीपेन्द्र थापा**

नेपाली कलाकारका लागि यो ठूलो कुरा हो (प्रियंका चोपडाले हग गरेपछि) । सुनिल थापाको कलाबाट प्रभावित भएर प्रियंकाले सम्मान गरेकी हुन् । अन्य कलाकारहरूले पनि अन्तर्राष्ट्रिय स्तरमा यसरी नै आफ्नो कला, प्रतिभा फैलाउन सकून् ।

**वर्षा निरौला**

नेपालमा इलेक्ट्रिक कारलाई प्राथमिकता दिनु उचित हुन्छ (इलेक्ट्रिक कारको सम्भावना) । तेलको अभाव भए पनि इलेक्ट्रिक कारलाई फरक पर्दैन । सरकारले पनि इलेक्ट्रिक कारको खरिदमा छुटको व्यवस्था गर्नुपर्छ ।

**शालिनी पौडेल**

रचना श्रेष्ठको दुखद खबरले भाबुक बनायो (अमेरिकामा आठ गोली खाएर बाँचेकी रचना) । यति जोखिम मोलेर बिदेसिनुभन्दा नेपालमै बसेर सम्भावना खोज्नु उपयुक्त हुन्छ । ठूला र महत्वाकांक्षी सपनाले मानिसलाई दुःखी बनाउँछ । रचनाले भोगेजस्तो जीवन अब कसैले भोग्नु नपरोस् ।

**केशव रिसाल**

कुनै पुरुष सफल हुन महिलाको ठूलो भूमिका हुन्छ भन्ने कुरा प्रमाणित भएको छ (विश्व टेनिसका आदर्श जोडीहरू) । सफल र असल जोडीहरूका बारेमा जानकारी पाएर साँच्चिकै रमाइलो लाग्यो ।

**प्रमिला गुरुङ**

मिस्टर मोडल अफ द वर्ल्डको उपाधि जित्न सफल दिक्पाल कार्कीलाई बधाई (मिस्टर मोडल अफ द वर्ल्ड) । अन्य कार्यक्रममा पनि सफलता मिलोस् भन्ने शुभकामना ।

**मिलन प्रसाई**

follow us on
twitter.com/saptahik

SMS
मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik

# समाजमा ढोंगको पर्दा उघार्नुपर्छ

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले यौन व्यवसायलाई व्यवस्थापन गर्ने विषयमा आफ्नो धारणा सार्वजनिक गरेपछि त्यसले सबैलाई तरंगित बनाएको छ । यही विषयमा केन्द्रित रहेर मुख्यमन्त्री गुरुङसँग हाम्रा पोखरास्थित समाचारदाता राजाराम पौडेलले गरेको कुराकानी :



पृथ्वी सुब्बा गुरुङ, मुख्यमन्त्री, गण्डकी प्रदेश

**यौनकर्मीलाई व्यवस्थापन गर्ने विषयमा तपाईंको विचार बाहिर आएपछि बहस सुरु भएको छ, बहस तपाईंको सोचअनुसार नै अघि बढेको छ ?**

मैले जे सोचेको थिएँ त्यहीअनुसार नै बहस सुरु भएको छ । हरेक समाजमा १० देखि १५ प्रतिशत मानिस विपक्षमा हुने भएकाले यो विषयमा असहमति राख्नेहरू पनि छन् । यो कुरा उठाएर मैले गलत गरें कि भन्ने एक प्रतिशत पनि लागेको छैन । मैले छलफल सुरु गरौं भनेको हो । आफ्नो निष्कर्ष सुनाएको छैन । यो विषयमा गहन छलफल गर्न ढिलो भैसकेको छ ।

**तपाईंको खास भनाइचाहिँ के हो ?**

मैले के भनेको थिएँ भने यौनधन्दा बढिरहेको वा दुर्व्यसनीहरू बढिरहेको सहरमध्ये पोखरा अग्रपंक्तिमा छ । पछिल्लो समयमा यो धन्दा जुन ढंगले विकसीत भैरहेको छ, त्यसलाई व्यवस्थापन गर्नुपर्छ । यसलाई समाजमा नियमित गर्न अब छलफल गरौं । मेरो विचारमा अहिले छलफल गर्‍यौं भने निर्णयमा पुग्न दुई-तीन वर्ष लाग्ला अथवा त्यो समय १० वर्ष पनि तन्किएला । यो विषयमा बहस चलाएर निर्णयमा पुग्न ढिला गर्नु हुँदैन ।

**तपाईंले गरेको अपेक्षा र समाधानका विकल्प के हुनसक्छन् ?**

म अरु कुरा भन्दिनँ, मैले यसमा केवल नियमितता र वैधानिकताको कुरा मात्र गरेको छु । यसमा चारवटा विकल्प छन्, कि यौन व्यवसायलाई अपराध भन्नुपर्‍यो, अपराध गरे बापत जे कसुर हुन्छ त्यो कसुरअनुसार सजाय गर्नुपर्‍यो, होइन भने यसलाई कानुन बनाएर वैधानिकता दिनुपर्‍यो अथवा यसलाई पूर्ण रूपमा बन्द गर्नुपर्‍यो, चौथो विकल्प भनेको रेडलाइट एरियाहरू स्थापना गरेर समाजको विकृतिलाई त्यही ठाउँमा मात्र राख्ने, समाजमा आउन नदिने बनाउनुपर्‍यो । यी चार विकल्पमध्ये के गर्दा उपयुक्त हुन्छ अब छलफल चलाउनुपर्‍यो ।

**नेपालको परिपेक्ष्यमा के सम्भव देख्नुहुन्छ ?**

मैले नै बहस सुरु गरेकाले सम्भव के हुन्छ भनेर मैले नै एकपक्ष लिएर बोल्दा अप्ठ्यारो होला, हामी छलफल गरौं, यसलाई अपराध मानेर त्यही आधारमा व्यवस्थापन गर्दा के होला, सम्भव कति होला असम्भव कति होला, वा यसमा पूर्ण प्रतिबन्ध लगाउने, प्रतिबन्ध लगाउँदा यसको असर के हुन्छ, विस्फोट हुन्छ कि, दबिएर बस्छ कि, नियन्त्रण भएर बस्छ कि ? के हुन्छ छलफल गरौं, होइन भने अब यसलाई वैधानिकता दिऊँ, संसारका कयौं देशमा यस्तो अभ्यास भैरहेकै छ । नेपालको सन्दर्भमा पनि त्यस्तो अभ्यास गर्न सकिन्छ कि ?– गहन छलफलमा जाऔं ।

**यसले समाजमा कस्तो प्रभाव पारेको छ ?**

समाजमा हामीले रोके पनि, अस्वीकार गरे पनि नियन्त्रण हुन नसकेको एड्स रोग छ । अनियन्त्रित तथा अव्यवस्थित ढंगले हुने यौन क्रियाकलापले त्यसलाई अझ बढावा दिइरहेको छ । अरू थुप्रै रोग छन्, हेपाटाइटिस, गनोरिया जस्ता रोगहरू पनि नियन्त्रणमा छैनन्, यो समस्याले सार्वजनिक स्वास्थ्यमा समेत असर पारेको छ । हुँदाहुँदा पारिवारिक विखण्डन समेत देखिन थालेको छ । वैदेशिक रोजगारीका कारण धेरै नेपाली देशबाहिर छन्, छुट्टिएर बस्नुपर्दा उता पनि त्यस्तै भैरहने, यता पनि भैरहने, अब महिला मात्र यौनकर्मी छैनन्, पुरुष यौनकर्मीको संख्या नेपालमा १ लाख जति छ भन्ने अनुमान छ । यो समाजमा देखिएको विकृति हो कि होइन ? यो समाज भित्रभित्रै कुहिरहेको छ । मैले त भित्रभित्रै कुहिरहेको समाजलाई कसरी व्यवस्थापन गर्ने, कसरी सफा गर्ने भन्ने कुरा छलफलको विषय हो मात्र भनेको हुँ ।

**तपाईंले चलाएको बहसबाट निष्कर्षमा पुग्न सम्भव होला ?**

परिस्थिति हेरौं, पोखराले मात्र गरेर कति सम्भव हुन्छ- हुँदैन ? मलाई यी चारवटा विकल्पमध्ये कुनै न कुनै उपायमा जानुपर्छ भन्ने लाग्छ । यसका लागि समय लाग्न सक्छ । यो वेश्यावृत्ति भनेको सभ्यताको कलंक हो कि होइन ? यो अनियन्त्रित र अव्यवस्थित रूपले समाजलाई विकृत तुल्याउने ढंगले फैलिरहेको छ र हामी यसमा आँखा चिम्लिएर बस्छौं भने हामी सभ्य भयौं कि असभ्य ? त्यो कुरामा अब प्रश्न उठ्नुपर्छ ।

**अहिले पनि यसको नियन्त्रणका लागि यसमा संलग्नहरूलाई पक्राउ गरिन्छ नि ?**

हामीले अहिलेसम्म ओठले

पृष्ठ ६ मा


अबको प्राथमिकता युवतीहरूलाई

ADMISSION OPEN FOR PRE-BRITISH ARMY TRAINING

*Special Class running for Ladies Candidates*

ब्रिटिस आर्मीमा १० वर्षदेखि **Physical Training Instructor** को रूपमा कार्य गरी नेपालमा पहिलो पटक २०५० सालदेखि **Pre-British, Indian Army** र **Singapore Police Training** को कक्षाहरू संचालन गराई रहेका दक्ष तथा अनुभवी प्रशिक्षकहरूबाट तालिम गराइने ।



**Army Training Camp** को जस्तै वातारणमा आफ्नै हलमा तालिम गराइने साथै सर्वसाधारणको लागि शारिरीक व्यायापमको सुविधा पनि उपलब्ध रहेको जानकारी गराउँदछौं ।

BULLS INDOOR SPORTS HALL PVT. LTD.

Nakhu, Lalitpur Tel: 01-559599
Basundhara, Maharajgunj, Tel: 014354524, 9851054494, 9851088709




# मुख्यमन्त्रीले छेडेको बहस



मोन्ताज गरिएको तस्बिर

राजाराम पौडेल

कानुनतः नेपालमा यौन व्यापार गर्न पाइँदैन, तैपनि विभिन्न ठाउँमा खुलेआम भैरहेको छ। यदाकदा यसरी व्यापार गर्नेलाई पक्राउ गरिए पनि अधिकांशले सेटिङ मिलाएरै यसबाट फाइदा उठाइरहेका छन्।

केही वर्ष अघिसम्म पोखराको बाग्लुङ बसपार्क अघोषित रेट लाइट एरियाका रूपमा चिनिन्थ्यो। प्रहरीको सक्रियतामा त्यसलाई त्यहाँबाट हटाइयो। केही यौन व्यवसायी तथा यौनकर्मी विस्थापितसमेत भए, तर पनि यो व्यवसाय पूर्ण रूपमा निमिट्यान्न हुन सकेन। बाग्लुङ बसपार्कबाट विस्थापित भएका व्यवसायी एवं यौनकर्मीको धन्दा पोखराका घर, होटल, फ्ल्याट मात्र नभएर पोखरा आसपासका खुल्ला एरियातर्फ समेत सर्‍यो। त्यतिबेला पनि बाग्लुङ बसपार्क मुख्य ठाउँ भनिए पनि पोखराका अन्य ठाउँमा समेत यस्तो धन्दा चल्थ्यो। पोखराका विभिन्न क्षेत्रमा अहिले पनि यो व्यवसाय भैरहेको बताइन्छ। पोखराका केही ठूला होटलमा समेत यस्तो व्यवसाय हुने गरेको आरोप लाग्दै आएको छ।

यही समयमा गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले यौन व्यवसायलाई व्यवस्थापन गर्ने विषयमा आफ्नो धारणा सार्वजनिक गरेपछि यसले सबैतिर तरंग ल्याएको छ। मुख्यमन्त्री गुरुङले त्यस्तो व्यवसायमा लाग्नेलाइ कार्ड दिने व्यवस्था गर्नुपर्ने बताउँदै यसको व्यवस्थापनका विषयमा छलफल र बहस सुरु गर्नुपर्ने कुरा उठाएका हुन्।

## कानुनले के भन्छ ?

गएको भदौ १ गतेदेखि लागू भएको मुलुकी अपराध (संहिता) ऐन–२०७४ मा वेश्यागमनका सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था गरिएको छ। उक्त संहिताको दफा ११९ मा वेश्यागमनको प्रचार-प्रसारमा रोक लगाइएको छ। यस्तो कार्यमा गर्ने-गराउनेलाई तीन वर्षसम्म कैद तथा ३० हजार रुपैयाँसम्म जरिवाना हुनसक्छ। यस्तै, दफा १२० मा वेश्यावृत्ति तथा वेश्यागमनका लागि घर, जग्गा प्रयोगमा रोक लगाइएको छ। कसैले यो कार्यका लागि जानीजानी आफ्नो घर-जग्गा वा सवारी साधन उपलब्ध गराए त्यस्तो कसुर गर्ने व्यक्तिलाई ६ महिनासम्म कैद वा ५ हजारसम्म जरिवाना वा दुवै सजाय हुने संहितामा उल्लेख छ। यसअघि भने वेश्यावृत्तिसम्बन्धी छुट्टै कानुन नभएकाले प्रहरीले यस्ता क्रियाकलापमा संलग्नहरूलाई सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाउँदै आएको थियो।

यसअघि पनि बेला-बेलामा यस्तो बहस-छलफल बाहिर आउँथे। एकथरीको भनाइ यौन व्यवसायलाई पूर्ण रूपमा बन्द गरिनुपर्छ भन्ने छ अर्कोथरीको भनाइ व्यवस्थित गरेर यसलाई सञ्चालन गर्न दिनुपर्छ भन्ने छ।

संसारमा प्रमुख आयस्रोत नै यौन बजार भएका देशसमेत छन्, जहाँ कानुनी मान्यता दिएरै 'रेडलाइट' एरिया निर्धारण गरी यो व्यवसायलाई व्यवस्थित गरिन्छ। यसको उदाहरणमा थाइल्यान्ड, स्पेन, ब्राजिल, केन्या जस्ता मुलुक छन्।

पोखरामा साधारणदेखि उच्च तहसम्मका यौनकर्मी महिला छन्। साधारण युवती पोखरामा सजिलै पाइन्छन्। पोखराका रेस्टुराँ समेतमा उक्त यस्ता युवतीले एक पटकको सेवा बापत १ हजार रुपैयाँसम्म लिन्छन् भने एक रातको ३ हजार रुपैयाँसम्म लिने उनीहरूको शुल्क विदेशीको हकमा त्यसभन्दा केही बढी हुन्छ।

पोखरामा फोनमार्फत नै सम्पर्क गरेर सेवा दिने युवतीहरू पनि छन्। खुलेर आफूलाई यौन व्यवसायी भन्न नचाहे पनि उनीहरू आपसी सहमतिमा सेवा दिँदै रकम असुल्छन्। उनीहरूले ग्राहककै खर्चमा स्तरीय होटलमै पुगेर सेवा दिन्छन्। यसरी सेवा दिनेहरू जिल्ला भित्रका भन्दा बाहिरका बढी हुन्छन्। रमाइलोका लागि यसरी हिँड्नेहरू पनि छन्। कलेज अध्ययनरत युवतीसमेत यस्तो कार्यमा लागेको पाइन्छ, जसमा बाहिरबाट आउनेहरू नै बढी भएको बताइन्छ। उनीहरू बाहिरभन्दा पनि आफ्नै डेरामा सेवा दिन रुचाउँछन्।

दिउँसो अन्यत्र काम गर्ने केही युवतीले समेत आम्दानीको मुख्य पाटो यसैलाई बनाउने गरेका छन्। उनीहरू रात परेपछि पोखराको पर्यटकीय क्षेत्र लेकसाइडमा भेटिन्छन्। उनीहरूको मुख्य ग्राहक विदेशी हुन्छन्। अव्यवस्थित रूपमा यसरी हुने क्रियाकलापका कारण विभिन्न यौन रोग फैलन सक्ने खतरा समेत छन्। पोखरामा महिलासँगै पुरुष यौनकर्मीहरूसमेत सक्रिय छन्। यसमा नियन्त्रणका लागि बेला-बेलामा प्रयास भए पनि अहिले भित्रभित्रै डरलाग्दो गरी फैलँदै गएको छ।

## समाजको ढोंगको...

पृष्ठ ५ मा

समातेझैं गरेका छौं, दाँतले समातेका छैनौं, समातेझैं गर्ने, त्यसलाई चलखेलको विषय बनाउने, कसुर पनि मानिँदैन, गैरकानुनी पनि मानिँदैन, वैधानिकता पनि दिँदैनौं भने त्यो गलत हो। यसको व्यवस्थापनपश्चात् प्रशासन तथा प्रहरीले गर्ने अनियमितता समेत अन्त्य हुन्छ। अहिले एउटाकी श्रीमती अथवा बुहारी अर्काको लोग्ने वा छोरासँग फेला पर्छे। बाहिर एक्सपोज गरे बेइज्जत हुने, बाहिर एक्सपोज नगर्न जति भन्यो त्यति पैसा तिरेर निस्कनुपर्‍यो। फेला पार्नेलाई कमाउने बाटो हुन्छ। त्यसपछि नाम परिवर्तन भन्ने नाटक रचिन्छ। तसर्थ यस्तो विकृतिको अन्त्यका लागि पनि वेश्यावृत्तिको वैधानिक व्यवस्थापन आवश्यक छ।

**तपाईंको विचार करसँग पनि जोडिएको छ ?**

यौन व्यापार अथवा यौन पर्यटनलाई वैधानिक बनाएर त्यसमा कर लगाई प्रदेशलाई समृद्ध बनाउँछु भन्ने कुरा मैले एक प्रतिशत पनि सोचेको छैन, तर हामीले कर नलिए पनि वैधानिक त गर्नुपर्‍यो। वैधानिक गर्नुपर्ने भए त्यसको पनि कुनै न कुनै माध्यम हुन्छ। हामीले के कुरा लुकाउनु हुँदैन भने रेडलाइट एरिया व्यवस्थापनको कुरा आयो भने करको कुरा आउँछ कि आउँदैन ? कर भनौंला, शुल्क भनौंला, कानुनले केही प्रबन्ध गर्ला नि। यसलाई व्यवस्थित गर्दा, कार्डको व्यवस्था गर्दा, हेल्थ चेकअप गर्दा कर जोडिन्छ, नियमविपरीत गरे भने दण्ड सजाय गर्ने कि नगर्ने, योसँग पनि कुनै न कुनै रूपमा कर अथवा जरिवाना जोडिन्छ। यौन व्यवसायीसँग कर लिनुपर्छ भन्नेचाहिँ होइन, त्यसलाई व्यवस्थापन गर्दा के-कस्तो दण्ड-दस्तुर राख्नुपर्छ त्यो त हुन्छ नि !

**हाम्रो समाजमा यो विषयमा कसरी छलफल गर्न सकिएला ?**

हाम्रो ढोंगी समाजको ढोंगको पर्दा उघ्रानुपर्छ। भित्र-भित्र कुहिरहने, बाहिर-बाहिर सफा हुँ भनेर टोपलिने, भित्र-भित्रै व्यभिचारी हुने, बाहिर-बाहिर सदाचारी देखिएझैं गर्ने। यस्तो हुनु हुँदैन, यसको अन्त्य गर्न निष्कर्षमा पुग्नुअघि पर्याप्त



छलफल गर्नुपर्छ। अहिलेसम्म महिला बढी भए पनि कुनै समयमा रेडलाइट एरियामा पुरुष यौनकर्मी पनि बस्ने खालको हुन सक्छ। पुरानो ढंगले सोचेर यो समस्या समाधान हुँदैन। अब समय अनुकूल हुने गरी समाजलाई सर्भिसिङ गर्नुपर्छ र खुल्ला रूपमा यो विषयमा बहस चल्नुपर्छ। म डेनमार्क जाँदा हिप्पी गाउँ जाने कुरा भयो। हिप्पीका बारेमा मैले नेपालमै सुनेको थिएँ। स्वयम्भूमा देखेको समेत थिएँ। त्यतिबेला उनीहरूप्रति मेरो नकारात्मक सोंच थियो, तर जब म त्यहाँ पुगे त्यहाँ त तोकिएको ठाउँभन्दा बाहिर एक जना पनि हिप्पी थिएनन्। त्यहीं भएर खुल्ला समाजको कल्पना गर्ने हो भने यौन व्यवसायलाई पनि वैधानिकता दिएर व्यवस्थित बनाउनुपर्छ भन्ने मेरो आग्रह हो।

**पोखरालाई यौन पर्यटनको केन्द्र बनाउनुपर्ने कुरा पनि बेला-बेलामा उठ्ने गरेको छ ?**

म के भन्छु भने पोखरालाई आजको दिन सम्म पनि यौन पर्यटनको माध्यमबाट समृद्ध बनाउनुपर्ने कुनै आबश्यकता छैन। हाम्रो अनिवार्य आवश्यकता क्यासिनो तथा यौन व्यवसाय होइन। पोखरालाई यौन पर्यटनको केन्द्र बनाउने विषयमा छलफल नै नगरे पनि हुन्छ। किनभने त्यसको आवश्यकता छैन। अहिलेको सन्दर्भ यौन व्यापारलाई कसरी नियन्त्रण गर्ने, कसरी नियमीत गर्ने भन्ने मात्र हो।

**यो बहस गण्डकी प्रदेशबाट सुरु भएको छ, अरू प्रदेशमा यसको प्रभाव कति देखिएको छ ?**

अरूले भन्दैनन्। यस्तो अप्रिय कुरा किन मुख्यमन्त्रीले बोल्ने भन्छन्। म यो समाजका लागि प्रिय कुरा हो भन्छु। सभ्य समाजका लागि यो आवश्यक छ। सबैको बुझाइ एउटै हुँदैन।

**वेश्यावृत्तिलाई वैधानिकता दिंदा अथवा रेडलाइट एरिया तोक्दा के फाइदा होला ?**

फाइदाभन्दा पनि रोग थियो, नियन्त्रण गरियो, रोगबाट मुक्ति पाइयो भने त्यो नै उपलब्धि हो। यसबाट समाजमा समेत सकारात्मक प्रभाव पर्छ।


**तपाईंले सुरु गरेको बहसलाई निष्कर्षमा पुग्न समय कति लाग्ला ?**

बहस कति धेरै चल्छ त्यसले निर्धारण गर्छ। अरू प्रदेशमा पनि यो बहस चल्नुपर्छ। कमसेकम एक नम्बरले चलाओस् न। त्यसको त धेरै ठाउँ छ। धरान, इटहरी, उर्लाबारी, विराटनगर बिर्तामोड, दमक, मेचिनगर आदि सहर-बजारमा छलफल चलाओस्। ३ नम्बर त अझ सबैभन्दा बढी प्रभावित छ उसले चलाओस्। ५ नम्बरको नेपालगञ्ज, भैरहवा, बुटवलका घटना सुन्छौं, ७ मा पनि बहस चलाउनुपर्‍यो यही मौकामा कर्णाली प्रदेशले पनि छलफल चलाउनुपर्‍यो। सबैले गर्ने हो भने यसको समाधान चाँडै निस्कन सक्छ।

**यस्ता एजेन्डालाई मुख्यमन्त्रीहरूको संयुक्त भेलामा राख्न सकिँदैन ?**

मुख्यमन्त्रीको भेलामा भन्दा पनि आन्तरिक मामिला मन्त्रालय, कानुन मन्त्रालय, महिला तथा बालबालिका मन्त्रालय, सामाजिक विकास मन्त्रालय आदिसँग समयक्रम अनुसार छलफल चलाउनु पर्छ।

# रेडलाइट एरिया किन नखोल्ने ?



प्रतीकात्मक तस्बिर एजेन्सी

अविरल थापा

यो संसारमा वेश्यावृत्ति कहिलेदेखि सुरु भयो, कुनै प्रामाणिक दस्तावेज त छैन तर प्राचीन ग्रन्थहरूमा समेत वेश्यावृत्ति आदिम कालदेखि अस्तित्वमा थियो भनेर पढ्न पाइन्छ।

कानुन बनाएर कर उठाए पनि नउठाए पनि वेश्यावृत्ति र यौनकर्मी धेरै देश र समाजमा छन् भन्ने कुरा कसैबाट लुकेको छैन। कसले रहरले, कसले सौखले त कसले बाध्यताले पैसा वा आनन्दका लागि शरीरको किनबेच गरिरहेका छन्, त्यो बहसको बेग्लै पाटो हुनसक्ला। मानिसको यौनचाहना कुनै कानुनको दफा र धारा लगाएर रोक्न सकिने कुरा होइन। हाम्रो समाजमा बेलाबखत यौनकर्म भनेको विवाहितले मात्र गर्ने कुरा हो भन्ने पाखण्ड पनि देखिन्छ। विज्ञानका अनुसार पनि सामान्यतः १४ वर्ष भएपछि कुनै पनि केटा वा केटीमा यौनचाहनाको प्रारम्भ हुन्छ र एक-अर्काप्रति आकर्षण पैदा हुन थाल्छ। हाम्रो समाजले विवाह नगरी यौनसम्बन्ध राख्न हुन्न भन्यो र आज पनि भन्छ। त्यसो भन्नुको एउटा मुख्य कारण यौन अनुशासन कायम गर्नु हो भने अर्को चाहिँ यौनसम्पर्क पछि हुनसक्ने गर्भाधान र त्यसले अविवाहित युवतीको जीवनमा ल्याउन सक्ने सामाजिक समस्या नै हो। विवाहअघि कुनै युवती गर्भवती भइन् भने समाजले दुत्कार्छ र स्विकार गर्दैन। विज्ञानको विकाससँगै गर्भनिरोधक साधनको विकासले यो समस्या निराकरणमा ठूलो भूमिका खेलेको छ। अब वयस्क युवायुवतीहरूले कोसँग यौनसम्बन्ध राख्ने वा नराख्ने, कसरी राख्ने भन्ने कुरा उनीहरूको चाहना र अधिकारको कुरा भएको छ। आपसी सहमतिमा जो कसैले बन्दकोठा भित्र सम्बन्ध राख्न पाउनु उनीहरूको व्यक्तिगत अधिकारको कुरा पनि हो।

## के हो रेडलाइट एरिया ?

रेलको विकासको सुरुवाततताका युरोपका रेलमा ब्रेकम्यानको काम गर्नेहरूले राति रातो लालटिन बोक्थे जसले गर्दा आपतकालीन अवस्थामा रेलका चालक दलका सदस्यले उनीहरूलाई सहजै चिनून् र सम्पर्क गर्न सकून्। यिनै ब्रेकम्यानहरू फुर्सदको समयमा रेलमार्ग आसपासका वेश्यालयहरूमा मन बहलाउन जान्थे र आफूले बालेको रातो लालटिन आफू भएको कोठाको झ्याल बाहिर वा कोठाको भित्रपट्टी झ्यालमा राख्थे। त्यसै कारण उनीहरूलाई खोज्दै कोही आइपुगे भने पनि कहाँ छन् भनेर सजिलै पत्ता लाग्थ्यो। कालान्तरमा रातो बत्ती बलेको झ्याल भने पछि त्यो यौन किनबेच हुने ठाउँ हो भनेर चिनिन थाल्यो र बिस्तारै त्यस्तो क्षेत्रलाई रेडलाइट एरिया भनिन थाल्यो। अहिले रेडलाइट एरिया भनेपछि वेश्यावृत्तिका लागि छुट्याइएको ठाउँ हो भनेर बुझिन्छ।

## कानुनी मान्यता कहिले र किन ?

एथेन्सका विधायक सोलोनले २ हजार ६ सय ९ वर्षअघि वेश्यावृत्तिलाई कानुनी मान्यता दिएको अप्रामाणिक तथ्य इन्टरनेटमा उपलब्ध लेखहरूमा पढ्न पाइन्छ। विवाहलाई जोगाउन, यौन दुराचार र विवाहपश्चात् पनि हुने असीमित यौन चाहनालाई सम्बोधन गर्ने हेतुले त्यतिबेलै वेश्यावृत्तिलाई कानुनी मान्यता दिई व्यवस्थित गर्न खोजिएको पाइन्छ। अहिले संसारका ७७ देशले वेश्यावृत्तिलाई पूर्ण रूपमा कानुनी मान्यता दिएका छन् भने ११ मुलुकले आंशिक रूपमा मान्यता प्रदान गरेका छन्। थाइल्यान्ड जस्तो देश त यौन पर्यटनकै कारण प्रख्यात छ।

## पाखण्डी हुने कि नहुने ?

एउटा स्वस्थ मानिसमा यौनचाहना हुनु आश्चर्यको विषय होइन। चाहे त्यो पुरुष होस् वा स्त्री। विवाह एउटा संस्था हो जसले यौनकर्मलाई अनुशासित तथा मर्यादित तुल्याउन सहयोग गर्छ तर यौनसम्बन्ध राख्न पाउनु र यौन सन्तुष्टि प्राप्त गर्नु फरक कुरा हो। आफ्नो श्रीमान् वा श्रीमतीसँग यौन चाहना पूरा भएको भए संसारमा कसैले पनि अर्को विकल्प खोज्दैनथ्यो होला र वेश्यावृत्तिको विकास पनि हुँदैनथ्यो होला। वेश्यावृत्ति गर्नु र थप यौन सम्बन्ध राख्नु पनि फरक कुरा हो। सामान्यतयः वेश्यावृत्ति भन्नाले पैसा वा कुनै चिजका लागि एक-अर्कालाई शरीर सुम्पेर मनोरञ्जन गर्नु-गराउनु भन्न सकिन्छ। कसैले आफ्नो प्रेमी वा वैवाहिक सम्बन्धमा हुँदाहुँदै पनि एकअर्काको चाहनामै यौन सम्बन्ध राख्न राजी हुन्छन् र मर्यादित रूपमा सम्बन्ध राख्छन् भने त्यो उनीहरूको निजी सम्बन्ध हो। विवाहितले अविवाहितसँग पनि राख्ला, अविवाहितले विवाहितसँग पनि राख्ला त्यो पूर्णतः उनीहरूको निजी चाहना र निर्णयको कुरा हो। कुनै पनि सम्बन्ध नैतिक र अनैतिक भन्ने हुँदैन। यदि कसैले जबर्जस्ती वा ललाई-फकाई कुनै प्रलोभन वा डर-धम्की देखाई करणी गर्छ वा यौनशोषण गर्छ भने त्यसलाई अपराध मान्नुपर्छ तर दुई जना वयस्क महिला-पुरुषले सहमतिमा सम्बन्ध राख्छन् भने त्यहाँ कानुन र समाजको नियमको कुनै मूल्य हुँदैन।

अब कुरा गरौं, समाजले उठाउने प्रश्न के आफ्ना छोरी-बुहारी बेचेर पैसा कमाउने ? एउटा खुला सत्य के हो भने अहिले समाजमा लुकीछिपी भैरहेको यौन कारोबारमा पनि कसै न कसैका छोरी-बुहारी नै सक्रिय छन् र किन्न जाने पनि हामीमध्ये कोही र कसैका छोरा नै हुन्। समाजकै पुरुष र समाजकै स्त्रीबिना यो कार्य सम्भव छैन। हाम्रो र समाजको एउटा आदर्शवादी अनुहार छ अर्को व्यभिचारी दिमाग छ। हामी खुलेर भन्न र स्विकार गर्न डराउँछौं। कुनै नांगो तस्बिर वा भिडियो आयो भने हामी सबै हेर्न उत्सुक हुन्छौं, लुकीलुकी हेर्छौं तर बाहिर नैतिकवान आदर्शवान देखिन पनि पछि हट्दैनौं।

के सामान्य मानिस के उच्च ओहदामा बसेका मानिस समाजमा यौनका भोका र अतृप्त आत्माहरू जताततै छन्, जो आदर्शको खोल ओढेर वा मुखुण्डो लगाएर अन्धकारमा सिकार खोज्न भौंतारिइरहेका छन्। शरीर बेचेर माथि पुग्ने स्त्री र शरीर किनेर वा मागेर पद-पैसा बाँड्ने पाखण्डीहरूको कमी छैन हाम्रो समाजमा। अब धेरै आदर्शको खोल नओढौं। यदि कसैलाई आफ्नो शरीर बेच्न र कसैलाई किनेर मन बहलाउन अनि जिन्दगी चलाउन मन छ भने बाटो खुला गरिदिनु पर्छ। बरु त्यसलाई कसरी कानुनी दायरामा ल्याई मर्यादित बनाउने विधि निर्माण गरौं जसले गर्दा कसैले यौनको भोककै लागि अबला र कलिला बालिकाहरूको बलात्कार नगरोस्। बलात्कारी अपराधी हो, पुरुष होइन।

पृष्ठ ८ मा



# त्यसकारण हामी रेड गर्छौं

रेस्टुराँ, होटल तथा घरहरूमा समेत बेला-बेला प्रहरीले छापा मारेर वेश्यावृत्तिमा संलग्नहरूलाई पक्राउ गर्ने गरेको छ । होटलका कोठामा पस्ने प्रहरीको व्यवहारलाई कतिपयले निजी मामिलामा दक्खल दिएको भन्दै आलोचनासमेत गर्दै आएका छन् । यही सन्दर्भमा साप्ताहिकले काठमाडौं प्रहरी परिसरका प्रमुख एसएसपी वसन्त लामासँग गरेको कुराकानी :



**वेश्यावृत्तिले समस्या निम्त्यायो भन्दै रेडलाइट एरिया तोक्ने विषयमा बहस हुन थालेको छ । वेश्यावृत्तिले निम्त्याउने समस्या के-के हुन् ?**

यो सामाजिक अपराध हो । नेपालजस्तो देशमा खुल्लमखुल्ला गर्न पाउने भन्ने कुनै पनि हालतमा हुँदैन । यो कानुनले बन्देज गरेको कुरा हो । कानुनले बन्देज गरेका कारण नेपालमा यो वैध छैन ।

**के वेश्यावृत्तिको समाधान रेडलाइट एरिया हो ?**

समाधान रेडलाइट एरिया होइन् । यसमा विस्तृत छलफल हुन बाँकी नै छ । हामीसँग जुन कानुन छ, त्यसमा जसले वेश्यावृत्ति गर्छ त्यसलाई कारबाही गर्नुपर्ने व्यवस्था छ । रेडलाइट एरिया यसको उपयुक्त समाधान होइन् । रेडलाइटका विषयमा छलफल र अनुसन्धान पनि भएका होलान । त्यही छलफलको निष्कर्षले कानुनी रूपमा बन्देज गर्नुपर्ने भनेकाले बन्देज लगाइएको हो । हामी कानुन कार्यन्वयन गर्ने एकाइ भएका कारण कानुनले भनेको कुरा नै हाम्रा लागि उपयुक्त हो, त्यही कुरा ठीक पनि हो ।

**होटलको कोठा, कुनै व्यक्तिको घर, रेस्टुराँ आदिमा वेश्यावृत्ति विरुद्ध हुने भनिएका प्रहरी कारबाहीमाथि समेत प्रश्न उठ्ने गरेको छ । निजी मामिलामा प्रहरीले हस्तक्षेप गर्नु कति जायज हो ?**

वेश्यावृत्तिलाई कानुनी रूपमा बन्देज गरिएको छ । हामीले कानुन विपरीतका कार्यहरू मात्र रोक्ने हो, त्यसमा संलग्नहरूलाई कारबाही गर्ने हो । प्रहरी निजी घरमा जाँदैन । यो ठाउँमा संगठित रूपमा वेश्यावृत्ति भैरहेको छ भन्ने सूचना आएपछि मात्र हामीले पक्राउ गर्ने हो । यस्तो ठाउँमा विकृतिका कार्यहरू भैरहेका छन् भनेर सूचना पाएपछि पनि प्रहरी त्यहाँ नजाने हो भने उहाँहरूले प्रहरी त बिक्यो भन्ने मान्नुहुन्छ । यस्ता विकृतिका सूचना दिँदादिँदै पनि त्यहाँ रेड गर्दैन भन्ने कुरा आउँछ, त्यसकारण हामी रेड गर्छौं । विकृति र अपराधका विरुद्ध कदम चाल्नु प्रहरीको दायित्व हो । अनाहकमा कसैको व्यक्तिगत स्वतन्त्रता हनन हुने गरी अनुमानको भरमा प्रहरीले कसैकहाँ छापा मार्दैन, त्यसरी छापा मारिएको छ भने त्यो गलत हो ।

**भनेपछि, प्रहरीले व्यक्तिगत गोपनीयताको सम्मान गर्छ ?**

एकदमै सम्मान गर्छ । सूचना आइसकेपछि कानुनविपरीत गरिएका क्रियाकलापलाई मात्र प्रहरीले नियन्त्रण गर्ने हो । हामी वेश्यावृत्ति भैरहेका पर्याप्त आधार र सूचनाहरू पाएपछि मात्र खानतलासी गर्ने, छापा मार्ने काम गर्छौं । प्रहरीले दुःख दिने हिसाबले वा त्यस्तो विकृति हुनसक्छ भन्ने हिसाबले मात्र व्यक्तिगत गोपनीयता र स्वतन्त्रता हनन हुने गरी काम गर्नुहुँदैन् । यदि त्यस्तो भएको छ भने त्यो गलत कार्य हो, रोकिनुपर्छ ।

# रेडलाइट एरिया किन ...

पृष्ठ ७ बाट

## विवाह र यौन ?

यौनकै लागि विवाह गर्नेहरू मूर्ख हुन तर समाजले विवाहपछि यौन सम्बन्ध राख्नेलाई मात्र राम्रो मान्छ । त्यसैले कतै यौनकर्म विवाहितको मात्र अधिकार हो भन्ने भ्रम सिर्जना हुन्छ । यौन स्वस्थ मानिस जो कसैलाई गर्न मन लाग्न सक्छ र उनीहरूले आफ्नो यौनसाथी रोज्न सक्छन् । एक जनासँग मात्र यौनसम्पर्क राख्नुपर्छ भन्ने कुरा आदर्शवादी हो । कसैले राख्छ भने त्यो राम्रो हो । विवाहितले त घरमै सम्बन्ध राख्ला रे तर अविवाहित जोडीलाई सम्बन्ध राख्न मन लाग्यो भने कहाँ जाने ? सहमतिमा कुनै होटल वा लजमा माया, प्रेम, बास्ना जेसुकै होस् साटिरहेका जोडीलाई समात्न बारम्बार नेपाल प्रहरी किन जान्छ ? के झ्यालका पर्दा लगाएर अनि कोठाका चुकुल लगाएर कोठाभित्र सुत्नु गैरकानुनी हो ? प्रहरीलाई यो अधिकार कानुनको कुन धारा र दफाले दिएको छ ? समातेर कसैको व्यक्तिगत अधिकार र इज्जतमाथि खेलवाड गर्नु निर्लज्ज व्यवहारबाहेक केही होइन ।

यौन चाहना सबैमा हुनसक्छ । कुनै विधवालाई, कुनै विधुरलाई, कुनै सम्बन्धविच्छेद गरेको पुरुष वा स्त्रीलाई, उमेर ढल्किएकोलाई, वृद्धवृद्धा जो कसैलाई हुनसक्छ । आफ्नो यौन साथी कसलाई चुन्ने दुईजनाको नितान्त व्यक्तिगत कुरा हो । यदि उमेर पुगेका जो कोही आपसमा सहमत हुन्छन् भने सार्वजनिक ठाउँमा बाहेक गोप्य तरिकाले सम्बन्ध राख्दा समाज र कानुनका सिड ठाडा हुन आवश्यक छैन । कसैले पनि कसैको व्यक्तिगत जीवनमा हस्तक्षेप गर्ने र सार्वजनिक रूपमा हुर्मत लिने अधिकार छैन । एउटाको श्रीमान् अर्काकै श्रीमतीसँग वा कसैकी श्रीमती कुनै परपुरुषसँग आफ्नै रहर, सहमति र चाहनामा शारीरिक सम्बन्ध राख्छन् भने पनि कसैले टाउको दुखाउनु जरुरी छैन । आफ्नो जिन्दगीको व्यवस्थापन गर्ने र आफूले चालेको कदमको भागिदार उनीहरू आफैं हुने हो । त्यसैले कानुनको दुरुपयोग गरेर अनि पाखण्ड देखाएर दोहोरो चरित्र प्रदर्शन गर्ने काम सबैले छोड्नुपर्छ ।

## के नेपालमा रेडलाइट एरिया खोल्ने ?

हो, सकेसम्म हरेक वडामा हरेक जिल्लामा वा सातै प्रदेशमा खोल्न पहल गर्नुपर्छ । यसले धेरै हदसम्म यौन अपराध रोक्न सहयोग गर्छ । समाजमा व्याप्त बलात्कार र यौनहिंसाका पछाडि यौनदमनको पनि मुख्य भूमिका छ । यौन दमनका कारण नै अब कसैले कसैलाई बलात्कार नगरोस् । कसैलाई शरीर किन्न र बेच्न मन छ भने कुनै निश्चित ठाउँ छुट्याइदिऊँ जसले गर्दा कुनै रोकटोक अनि भयबिना मानिसहरूले आफ्नो चाहना पूरा गर्न पाऊन् । सरकारले कर उठाओस्, स्वस्थ यौन सम्बन्धका लागि चेतना जगाओस् र उक्त स्थानलाई मर्यादित बनाओस् । अर्को कुरा सहमतिमा माया साट्न कुनै होटल वा लजमा पुगेका जोडीलाई तर्साउने र सामाजिक रूपमा मानमर्दन गर्ने अपराध पनि प्रहरीले नगरोस् ।

यति गर्न सके धेरै मात्रामा समाजमा व्याप्त यौन कुण्ठा एवं यौन दमनको व्यवस्थापन हुन्छ । सबैले आफ्नो हैसियत तथा चाहनाअनुसार यौन चाहना पूरा गर्छन् । कसैले यौन बेचेरै जिन्दगी चलाउँछु भन्छ भने पनि त्यो उसको अधिकार हो ।

कसैले पनि नचाहिँदो आदर्श देखाएर पाखण्ड प्रदर्शन गर्नुभन्दा आफ्नो अनुहार राम्रोसँग ऐनामा हेर्नु उपयुक्त हुन्छ । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले ठूलो साहस गर्नुभएको छ– यो समाजरूपी जमेको पोखरीमा ढुंगा फ्यालेर । उहाँले भनेअनुरूप रेडलाइट एरिया खोलेर यौनकर्मीलाई व्यवस्थित गर्न सके समाज फोहोरी होइन सभ्य र मर्यादित हुँदै जाने थियो ।



**सुन्दरकुमार श्रेष्ठ, पर्यटन व्यवसायी**

यौन व्यवसायलाई व्यवस्थित गर्ने विषयमा नागरिक समाज, महिला सञ्जाल लगायत तमाम सम्बद्ध पक्षसँग छलफल चलाउनु पर्छ । यसमा २० वर्षभन्दा माथिको उमेर समूहकालाई व्यवस्थित तरिकाले यौन व्यवसाय गर्न दिन सक्नुपर्छ । भगवान्को पालादेखि नै यौन, धन र शक्तिका कारण झगडा भएको पाइन्छ । त्यसैले सरल तरिकाले यौनक्रियाकलाप गर्न पाए अपराधको दर घट्छ । कतिपय देशमा यसलाई राम्रो व्यवस्थापन गरिएको छ । यसलाई व्यवस्थापन गर्न सके पर्यटन क्षेत्रमा समेत सकारात्मक प्रभाव पर्छ । संसारका ठूलो सिटीमा 'कम्पनी' का रूपमा यसलाई प्रयोग गरिन्छ, जहाँ सँगसँगै लिएर हिँड्ने, डुल्ने, घुम्ने, इच्छा लागे यौनसम्पर्क पनि गरिन्छ । उनीहरूले सहज तरिकाले पर्यटकलाई गाइड गर्छन् । मैले सन् २०१० मा पोखरा पर्यटन परिषद्को अध्यक्ष हुँदा यौन पर्यटनको विषयमा बहस सुरु गरेको थिएँ । त्यति बेला पनि यो विषयमा सकारात्मक तथा नकारात्मक टिप्पणीहरू भएका थिए ।



**विकल तुलाचन, अध्यक्ष, पश्चिमाञ्चल होटल संघ**

पोखरामा यौन व्यवसायलाई व्यवस्थित गर्नुपर्छ भन्ने कुरा विगतदेखि नै उठ्दै आएको हो । पोखरामा पहिलेदेखिनै विभिन्न तरिकाले यौन व्यवसाय भैरहन्थ्यो । प्रहरीले यसलाई शून्यमा झार्ने अभियान चलाए पनि यस्ता गतिविधि पूर्ण रूपमा रोकिन सकेको छैन । फरक यति मात्र हो, यस्तो व्यवसायमा लाग्ने व्यक्ति तथा ठाउँ मात्र परिवर्तन भयो । यो क्रियाकलाप भित्रभित्रै व्यापक रूपमा फैलँदै गएको छ । यदि रेडलाइट एरिया तोकेर यसलाई व्यवस्थापन गर्न सक्ने हो भने यो पेशा गर्ने र यौन चाहना पूरा गर्न खोज्ने दुवै पक्षलाई सहज हुनेछ । केही विदेशी पर्यटकले यस्तो सेवाको चाहना राख्छन् । त्यस्ता पर्यटकका लागि पनि यसले सहज बनाउँछ । स्वास्थ्यका दृष्टिले समेत यो फाइदाजनक हुन्छ । यसबाट व्यवसायीहरूको संख्या यकिन हुन्छ । उनीहरू चिनिन्छिन् । भित्रभित्रै अघोषित रूपमा हुँदै आएको यो व्यवसायलाई व्यवस्थित गर्नु राम्रो हुन्छ ।



**ओमबहादुर राना, प्रहरी प्रमुख (एसपी), जिल्ला प्रहरी कार्यालय, कास्की**

कोही आर्थीक कारणले त कोही रमाइलो गर्ने सोखका कारणले यौन व्यवसायमा लाग्ने गरेका छन् । म कास्कीमा आएपछि झन्डै १ सय जति यौनकर्मी पक्राउ परेका छन् । यस्तो कार्यमा लाग्नेहरू स्थान परिवर्तन गरिरहन्छन् । यदि वैधानिक रूपमा निश्चित एरिया तोकेर यो व्यवसायलाई वैधानिकता दिने हो भने विकराल रूपमा फैलँदै गएको बालकदेखि वृद्धसम्म बलात्कृत हुने घटनामा समेत कमी आउन सक्छ । हामीअवैधानिक रूपमा हुने यस्ता क्रियाकलाप रोक्ने कार्य गरिरहेका छौं । राम्रो आम्दानी हुने तथा पैसावालाहरूसँग सम्पर्क हुने भएकाले पनि यो व्यवसायमा लागेकाहरू सितिमिति जागिर खान खोज्दैनन् । विलासी जीवन बिताउन खोज्नेहरूसमेत यसतर्फ आकर्षित भएका छन् । नयाँ फौजदारी संहिता आएपछि भदौ महिनामा भने यस्ता क्रियाकलापमा संलग्नहरू पक्राउ परेका छैनन् । अब हामी आफ्नो सक्रियता बढाउँछौं ।



**सरलाकुमारी पाण्डे, अधिवक्ता**

यो काम विभिन्न माध्यमबाट लुकिछिपि भैरहेकै छ । लुकिछिपी भएको कुरालाई व्यवस्थित गर्न सके राम्रो हुन्छ । श्रीमान्बाहेक अरूसँग यौन सम्बन्ध राख्नुहुँदैन भन्ने नेपाली समाज पहिलेको तुलनामा अलि बढी खुला हुँदै गएको छ । यही कारणले पनि यौन व्यवसायमा वृद्धि भैरहेको छ । अहिले पनि कानुनी रूपमा यौन व्यवसायलाई वैधानिक मानिँदैन । निश्चित एरिया तोकेर कानुनी रूपमै यसलाई व्यवस्थित गर्न सके उपयुक्त हुन्छ ।



**सरिता तिम्सिना पंगेनी, नागरिक अगुवा**

यौन व्यवसायलाई व्यवस्थापन होइन, जरैदेखि निर्मूल गर्नुपर्छ । रेडलाइट एरिया तोक्ने वा अन्य कुनै तरिकाले यसलाई व्यवस्थापन गर्नु हुँदैन । निगरानी बढाएर यसलाई निर्मूल तुल्याउनुपर्छ । यदि खुल्लमखुल्ला व्यवसाय भयो भने यसले विकराल रूप लिन्छ । सबैका श्रीमान् पनि जान थाल्छन् । विभिन्न बहानामा छोरी चेलीलाई त्यहाँ पुऱ्याएर काम गर्न बाध्य पारिन्छ । पर्यटकका नाममा चेलिबेटीलाई अघि देखाएर कर उठाउने कुरा स्वीकार्य हुँदैन । बरु प्रदेश सरकारले के कारणले यौन व्यवसायमा लागेका छन्, त्यसको कारण के हो ? खोजेर तथ्यांक लिएर त्यसलाई व्यवस्थापन गर्नुपर्छ । बैकल्पिक रोजगारीको अवसर दिनुपर्छ । नियममा कडाइ गरेर यो व्यवसायलाई निर्मूल पार्नुपर्छ । यदि व्यस्थापनका नाममा वैधानिकता दिन खोज्ने हो भने सबै बरवाद हुन्छ ।

केवल एक प्रश्न

# तपाईंले झ्याप पारेको महत्वपूर्ण वस्तु के हो ?

यसपालिको गाईजात्रा कार्यक्रममा पत्रकार ऋषि धमलाको पाइलट पेन झ्याप हानेको छु। त्यसभन्दा अघि सानैमा छिमेकीको बारीमा पाकेको काँक्रा झ्याप हानेको याद छ।

**केदार घिमिरे, हास्यकलाकार**

मैले यो उमेरसम्म झ्याप हानेको भनेको दर्शकको माया मात्र हो।

**दीपाश्री निरौला, अभिनेत्री**

कलेज पढ्दा टेबलटेनिसमा राम्रो खेल प्रदर्शन गरेर एउटीको दिल झ्याप्प चोरेको थिएँ, तर उनी मेरी हुन सकिनन्।

**स्यारोन रेग्मी, मोडल**

मेरी भाउजूको चस्मा निकै मन परेर उहाँसँग नसोधि सुटुक्क लिएकी छु।

**कल्पना कुसुम, गायिका**

पाँच वर्षअघि शेर्पा मलको कफी सपमा बाहिरपट्टि कौशीमा बसेर हट लेमन विथ हनी खाँदा हावा चलेर मेरो केश हावाले उडाएको उडाई गऱ्यो अनि मलाई साह्रै रिस उठ्यो। त्यसपछि मैले त्यो हनी घोल्ने घोचोले केश जुरो पारेर त्यसलाई अड्याएकी थिएँ। पार्किङमा पुगेर स्कुटरको ह्यान्डलमा भएको हेयर क्लिप देखेपछि त्यो घोचोको याद आयो तर हतार भएकाले म त्यो घोचो फिर्ता गर्न माथि चढिनँ। त्यो घोचो झ्याप हानेजस्तै भयो।

**नानी थापा, रंगकर्मी**

धेरै मानिसले आफूलाई मन परेको कुरामा अरुलाई चुना लगाइदिने, गिफ्ट माग्ने, झ्याप पार्ने आदि गरेको देख्छु। त्यसरी अरूलाई दुःख दिन यो कृष्ण काफ्लेलाई कहिल्यै आएन। त्यस्तो गर्दा आफू असक्षम भएको पुष्टि हुन्छ। त्यसैले म कहिल्यै त्यस्तो गर्न चाहन्नँ र अरुले त्यस्तो गरेको पनि मलाई मन पर्दैन।

**कृष्ण काफ्ले, गायक**

सामान नै त झ्याप परेको छैन। आजसम्म सबैभन्दा ठूलो झ्याप हानेको कुरा भनेकै दर्शकहरूको माया हो। त्यसैले आउने दिनमा पनि अझ राम्रो टेलिभिजन कार्यक्रम बनाएर दर्शकको माया झ्याप हान्ने दाउमा छु।

**पुजन थापा, मोडल**

म सानोमा निकै चञ्चल थिएँ। मलाई एउटा म्युजिक क्यासेट किन्ने ठूलो धोको थियो, तर आफूसँग पैसा थिएन। त्यतिबेला मैले क्यासेट किन्न बुबाको खल्तीबाट ५० रुपैयाँ झ्याप पारेको थिएँ। मैले जीवनमा झ्याप पारेको महत्वपूर्ण कुरा भनेको त्यही ५० रुपैयाँ मात्र हो।

**विक्रान्त मेहता**
**चिकित्सक तथा गायक**

सानोमा बुबाको पैसा धेरै झ्याप हानेको छु। यद्यपि मैले त्यसबाहेक अरू केही झ्याप हानेको छैन। मेरा साथीहरूले भने मेरा सामान खुबै झ्याप पारेका छन्। त्यो कुरा थाहा पाएर मैले उनीहरूको संगतै छाडिदिएँ।

**कृष्ण आचार्य, पत्रकार तथा लेखक**

अहिलेसम्म त्यस्तो केही झ्याप पारेको सम्झना छैन।

**गौरव पहारी, अभिनेता**

म धेरैजसो मेरा दिदीबहिनीहरूको नयाँ ड्रेस झ्याप हान्छु अनि कहिलेकाहीं ड्याडीको एटिएमबाट नगदसमेत झ्याप हानेकी छु।

**सञ्चिता लुइँटेल, अभिनेत्री**

मैले अहिलेसम्म कसैको केही कुरा झ्याप पार्न सकेकी छैन।

**अस्मिता राना, मोडल**

मैले अहिलेसम्म झ्याप हानेको भनेकै मेरी श्रीमती हुन्।

**प्रदिप भट्टराई, निर्देशक**

मैले अहिलेसम्म कसैलाई पनि झ्याप हान्न पाइनँ। यद्यपि मलाई भने धेरैले झ्याप हानेका छन्।

**दिनेश काफ्ले, हास्यकलाकार**

करिब ३० वर्षअघि न्युरोडस्थित एक भिडियो क्यासेट पसलबाट हिन्दी चलचित्र सत्ते पे सत्ताको भीएचएस चक्का भाडामा लगेको थिएँ। त्यो चलचित्र साह्रै मन परेर नबुझाए पनि बुझाइसकेको छु भनेर पच पारेको थिएँ।

**निर्मल शर्मा, अभिनेता**

दारुले झ्याप चाहिँ धेरैपटक भएको छु। झ्याप पारेको चाहिँ याद छैन। विवाह गरेको दिन आफूले झ्याप पारियो भन्ठानेको त पछि बुझ्दै जाँदा आफैं पो झ्यापमा परिएको रहेछ।

**दीपकराज गिरी, अभिनेता**

मैले अहिलेसम्म कसैको केही झ्याप पार्न सकेको छैन, किनभने मागेर धनी र दिएर गरिब भईदैन भन्ने मलाई राम्रोसँग थाहा छ।

**प्रल्हाद सुवेदी, गीतकार**

आमाको डायालोसिस गर्ने बेला औषधि पसलबाट रगत बढाउने एउटा इन्जेक्सन झ्याप पारेको थिएँ।

**संगीता तिमिल्सिना, गायिका**

प्रस्तुति : महेश तिमल्सिना







संगीत

# दर्शकको मन जित्दै द भ्वाइस अफ नेपाल




तस्बिर सौजन्य : वेभ म्यागेजिन




महेश तिमल्सिना

विश्वकै सबैभन्दा ठूलो फ्रेन्चाइज गायन ट्यालेन्ट शो द भ्वाइस अफ नेपाल यतिबेला नेपालमा समेत चर्चित छ। विश्वका १ सय ९२ देशमा सफल यो प्रतियोगिताले नेपालमा पनि आम दर्शक-श्रोताको मन जितिरहेको छ। हालसम्म यो प्रतियोगिताले राम्रो प्रतिक्रिया पाइरहेको द भ्वाइस अफ नेपालका निर्देशक लक्ष्मण पौडेल बताउँछन्। पौडेल भन्छन्- सुरुवाती चरणमा मार्केटिङमा हिँड्दा धेरैले भारतको उदाहरण दिँदै भारतमा पनि यो प्रतियोगिता सञ्चालन गरिएको थियो, तर त्यसले भनेजस्तो चर्चा पाएन, नेपालमा चल्ला र ? यो फर्म्याट नेपालीहरूले बुझ्लान् त भन्नुहुन्थ्यो। यद्यपि भ्वाइस अफ नेपालले प्रारम्भदेखि नै पाएको प्रतिक्रियाबाट ठूलो हौसला मिलेको पौडेल बताउँछन्। गायन प्रतियोगिता द भ्वाइस अफ नेपालमा प्रतियोगीले आ-आफ्नो विधाका गीतमा प्रतिभा देखाउँछन्। यो ट्यालेन्ट शोमा दीप श्रेष्ठ, प्रमोद खरेल, अभया सुब्बा, सनुप पौडेल कोचका रूपमा संलग्न छन्। यतिबेला ब्लाइन्ड राउन्डको अन्तिम चरणमा पुगेको द भ्वाइस अफ नेपालले यसअघि पार गरेको चरण र त्यसपछि हुने विभिन्न राउन्डका विषयमा छोटो चर्चा :

### डिजिटल अडिसन

डिजिटल अडिसन द भ्वाइस अफ नेपालको पहिलो चरणको अडिसन हो। उक्त अडिसनका लागि प्रतिभा भएका जोसुकैले पनि द भ्वाइस अफ नेपालको एपमा आफ्नो स्वरको गीत रेकर्ड गरेर पठाउन सक्थे। उक्त एपमा बढीमा २ मिनेटसम्म लामो गीत रेकर्ड गर्न सकिन्थ्यो। डिजिटल अडिसनमा द भ्वाइस अफ नेपालको एप १३ हजार पटक डाउनलोड भएको र त्यसैको हाराहारीमा भ्वाइस प्राप्त भएको निर्देशक पौडेल बताउँछन्। ती १३ हजारजति भ्वाइसबाट ट्यालेन्ट हेड तथा रिसर्च टिमले १ सय २५ जनालाई ब्लाइन्ड अडिसनका लागि छनौट गरे।

### ब्लाइन्ड अडिसन

ब्लाइन्ड अडिसन द भ्वाइस अफ नेपालको दोस्रो चरण हो। यसमा डिजिटल अडिसनबाट छनौट भएका प्रतियोगीहरूले प्रतिभा देखाउँछन्। यो प्रतियोगिताकै महत्वपूर्ण अडिसन हो। कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको यो राउन्डमा प्रतियोगीको प्रतिभा कोचले सुन्न मात्र पाउँछन्, तर प्रतियोगीलाई देख्न पाउँदैनन्। सुनिसकेपछि मन परेको आवाजका लागि कोचले बज गर्छन्। बज गर्नेबित्तिकै कोच बसेको कुर्सी १ सय ८० डिग्रीमा घुम्छ अनि मात्र उनले प्रतियोगीलाई प्रत्यक्ष देख्न पाउँछन्, तर बज गर्ने कोच एक जनाभन्दा बढी भए प्रतियोगीले आफू कसको टिममा जाने भनेर छान्न पाउँछन् भने कुनै पनि कोचले बज नगरेको अवस्थामा प्रतियोगी त्यहीँबाट बाहिरिन्छन्। यसरी छानिएका प्रतियोगीहरूबाट प्रत्येक कोचको १२-१२ जनाको ड्रिम टिम तयार हुन्छ। ब्लाइन्ड अडिसन जम्मा दस एपिसोडको हुनेछ। यसरी आफ्नो भागमा परेका प्रतियोगीलाई कोचहरूले एक महिना लामो प्रशिक्षण प्रदान गर्छन् अनि ब्याटल राउन्ड सुरु हुनेछ।

### ब्याटल राउन्ड

यो द भ्वाइस अफ नेपालको तेस्रो चरण हो। यसमा ब्लाइन्ड राउन्डबाट छनौट भएका ४८ जना प्रतियोगीले प्रतिभा देखाउनेछन्। यसमा हरेक कोचले आफ्नो भागमा रहेका १२ जना प्रतियोगीलाई ६ समूहमा विभाजन गर्छन्। ती प्रत्येक समूहमा २ जना प्रतिस्पर्धी हुन्छन्। उक्त समूहमा जसले राम्रो गाउँछ उसलाई अर्को चरणका लागि छनौट गरिन्छ भने एक जना त्यहीँबाट बिदा हुन्छन्। यो ब्याटल राउन्डअन्तर्गत स्टिल अर्थात् चोरी भन्ने अप्सन पनि छ। चोरीअन्तर्गत कोचले अरू टिमबाट बाहिरिएका ६ जनामध्ये कुनै २ जना प्रतिभालाई आफ्नो टिममा समावेश गर्न सक्छन्। यसबाट हरेक कोचका साथ ८ जना प्रतियोगी हुनेछन्। यसरी ३२ जना प्रतियोगी लाइभ सोका लागि छनौट हुन्छन्।

### लाइभ शो हुँदै फिनाले

लाइभ शोमा प्रत्येक कोचले हरेक दिन आफ्ना ४ जना प्रतियोगीलाई मञ्चमा उतार्नेछन्, जसबाट एक-एक जना छनौट हुँदै जान्छन्। बाँकी ३ जना भोटिङ प्रक्रियामा जान्छन्। ती तीन जनामध्ये जसले कम भोट ल्याउँछ उसलाई त्यहीँबाट बिदाइ गरिन्छ भने बाँकी २ जना छनौट हुन्छन्। लाइभ शोका १३ एपिसोड हुनेछन्। यसरी अन्तिमसम्म पुग्दा हरेक कोचसँग एकएक जना प्रतियोगी बाँकी रहन्छन्। यसरी ४ जना प्रतियोगीलाई लिएर द भ्वाइस अफ नेपाल ग्रान्ड फिनालेमा प्रवेश गर्नेछ। त्यसपछि उनीहरू बीचको भोटिङका आधारमा पहिलो द भ्वाइस अफ नेपाल छनौट हुनेछन्। यो ट्यालेन्ट सो प्रतियोगीहरूबीचको प्रतिस्पर्धा मात्र नभएर कोचहरूबीचको प्रतिस्पर्धासमेत भएको निर्देशक पौडेल बताउँछन्।

म्युजिक अपडेट



### नयाँ गीतमा हरिवंश

अभिनेता हरिवंश आचार्य 'जे भने नि हुन्छ मलाई' शीर्षकको गीत लिएर दर्शक तथा श्रोतामाझ आएका छन्। मह सञ्चारको युट्युब च्यानलमा अपलोड गरिएको उक्त गीतको भिडियोमा हरिवंश नै फिचर छन्। गीतमा आचार्यकै शब्द तथा संगीत सुन्न सकिन्छ भने यसको मादलमा जीवित जल्पी, गीतारमा अन्तज नकर्मी, बाँसुरीमा रविन्द्र महर्जन तथा सारङ्गीमा हेमन्त कान्छा रसाइलीले साथ दिएका छन्।

### संगीत सरोवर १४३ औं श्रृखलामा

कपन संगीत सरोवरको १ सय ४३ औं श्रृंखलामा विभिन्न संगीतकार तथा गायकहरूले शास्त्रीय संगीत एवं भजन प्रस्तुत गरेका छन्। प्रत्येक महिनाको अन्तिम शनिबार सञ्चालन हुँदै आएको यो श्रृंखलाको यसपटकको प्रस्तुतिमा दुर्गाप्रसाद खतिवडाको बाँसुरी वादन तथा तबला वादक बैकटेस ढकालको शास्त्रीय संगीत समेटिएको थियो। यसैगरी कार्यक्रममा सुजाता बर्मा तथा दीपक तामाङले विभिन्न भजन सुनाएका थिए।

### कीर्तिमानी गीत

गायक महेश काफ्ले तथा गायिका मेलिना राईको स्वरको 'नाच फिरिरी...' गीतको म्युजिक भिडियोले युट्युबमा नौलो कीर्तिमान कायम गरेको छ। उक्त भिडियो अपलोड भएको सबैभन्दा छोटो समय अर्थात ३७ औं दिनमै १ करोड पटक हेरिने पहिलो नेपाली गीत भएको छ। यसअघि कुटुमा कुटु गीतको भिडियो ४९ दिनमा १ करोड पटक हेरिएको थियो भने हेमन्त रानाको सुन साइँलीले दुई महिनामा १ करोडमा आँकडा पार गरेको थियो। महेश काफ्लेको शब्द तथा संगीतको नाच फिरिरीको निश्चल बस्नेतद्वारा निर्देशित भिडियोमा निश्चल स्वयंले श्रीमती स्वस्तिमा खड्कासँग अभिनय गरेका छन्।

### लोककलाकारको अडिसन

लोकसंगीतको प्रवर्द्धन तथा लोकगायन प्रतिभाको खोजी अभियानअन्तर्गत इमेज च्यानलले अघिल्लो वर्ष प्रारम्भ गरेको इमेज लोक कलाकार सिजन-२ को अडिसन गत शनिबार प्रारम्भ भयो। लोकसंगीतको महासंग्राम नारा बोकेका उक्त प्रतियोगिताको पोखरा अडिसनबाट १० जना छनौट भएका छन्। प्रतियोगिताको दोस्रो अडिसन बुधबार चितवनको सौराहामा सम्पन्न भएको छ भने तेस्रो अडिसन भोलि शनिबार बुटवलमा हुँदैछ।

### एकल गायनमा बुद्धवीर

गीतकार बुद्धवीर लामाको सम्मानमा काठमाडौंमा आयोजित आठौं बुद्धवीर लामा एकल साँझमा विभिन्न गायक-गायिकाले लामाका रचनाका गीतहरू प्रस्तुत गरे। ब्लुरेन एजुकेसन फाउन्डेसनले आयोजना गरेको उक्त कार्यक्रममा अपेक्षा बस्न्यात, नारायण लामा, पार्वती राई, सत्यकला राई, शम्भु राई, यम बराल, कुन्ति मोक्तान आदि गायक-गायिका सहभागी थिए।

विमोचन




### रोख्तोकोम्को विमोचन

खालिङ राई भाषाका बाल गीतहरूको संग्रह 'रोख्तोकोम्' (इन्द्रेणी) को लोकार्पण काठमाडौंमा सम्पन्न भएको छ। पेन ड्राइभ तथा सिडीमा तयार पारिएको उक्त संग्रहमा संगीतकार पविधन खालिङको शब्द तथा संगीतका सातवटा गीत तथा चारवटा ट्र्याक समावेश छन्। अमेरिकामा सञ्चालनमा रहेको सुर रेकर्डिङ स्टुडियोमा रेकर्ड गरिएका एल्बमका गीतमा संगीतकार खालिङले नै संगीत संयोजन गरेका छन्, जसमा प्रियंका खालिङ राई, यशोदा खालिङ राई, प्रतिक खालिङ राई तथा पविधन खालिङ राईको स्वर सुन्न सकिन्छ।

### भजन एल्बम सार्वजनिक

सुमंगल बिहारमा आयोजित एक समारोहमा नेपाल भाषाका ११ वटा भजनको म्युजिक भिडियो संग्रहित एल्बम वलम्बु ज्ञानमालाको दोस्रो भाग सार्वजनिक भएको छ। संगीतज्ञ भीमबहादुर नकःमीको एकल रचना तथा भीमबहादुर तथा मनराजा नकःमीको संगीत निर्देशनमा उक्त भजन संग्रह तयार पारिएको हो।

### युट्युब प्रिमियर

**गीत** : सरसर, **गायन** : राजु लामा,
**निर्देशन** : सुव्रत आचार्य

**गीत** : मलाई म जस्तै, **गायन** : शिव परियार, **निर्देशक** : संगीता श्रेष्ठ

**गीत** : रेलीमाई, **गायन** : महेश भण्डारी र मिस्टर आरजे,
**निर्देशन** : दीपक आचार्य

**गीत** : सँगै जिउने, **गायन** : पुष्कल शर्मा र शान्तीश्री परियार,
**निर्देशन** : बबिता श्रेष्ठ

**गीत** : हाम्रो नविन, **गायन** : रामचन्द्र काफ्ले र पूर्णिमा लामा,
**निर्देशन** : निश्चल केसी

**गीत** : थोरै माया, **गायन** : मौसम गुरुङ र रेजिना परियार,
**निर्देशन** : काजिश श्रेष्ठ

## फिल्मी डायरी

### कथा काठमाण्डू सेन्सर पास

निरन्तर विवादमा मुछिदै आएको चलचित्र कथा काठमाण्डूलाई सेन्सरबोर्डले पीजी प्रमाण पत्र दिएको छ। चलचित्रको गीत तथा ट्रेलर सार्वजनिक भएसँगै बोल्ड दृश्यका कारण केही समयअघि चलचित्र विकास बोर्डले चलचित्रको ट्रेलर युट्युबबाट हटाउन लिखित निर्देशनसमेत दिएको थियो। राजधानीका तीन भिन्न कथा प्रस्तुत गरिएको यो चलचित्र असोज १२ गते प्रदर्शनमा आउँदैछ। यो चलचित्रमा प्रेम, कामवासना तथा जीवनका तीन फरक कथा प्रस्तुत गरिएको निर्देशक संगीता श्रेष्ठले बताएकी छिन्। विजय राईको लगानीको यो चलचित्रमा प्रियंका कार्की-प्रमोद अग्रहरी, सञ्जोग कोइराला-सन्ध्या केसी तथा आयुष्मान देशराज जोशी-प्रेक्षा अधिकारी गरी तीन जोडीले अभिनय गरेका छन्।

### छक्कापञ्जाको राइट्स बिक्री

दसैंमा प्रदर्शनमा आउने चलचित्र छक्का पञ्जा-३ को ओभरसिज राइट्स बिक्री भएको छ। स्रोतका अनुसार हाइलाइट्स नेपालले उक्त चलचित्र १ करोड रुपैयाँमा खरिद गरेको छ। अब यो चलचित्रको विदेश प्रदर्शन हाइलाइट्सले मात्र गर्नेछ। यो युट्युब कम्पनीले यसअघि छक्कापञ्जा-२ को डिजिटल तथा ओभरसिज राइट्स ९५ लाख रुपैयाँमा खरिद गरेको थियो। निर्माता तथा कलाकार दीपकराज गिरीले यसपटक चलचित्रको डिजिटल राइट्स बिक्री नगरेको बताएका छन्। निर्माता गिरीका अनुसार अब युट्युबमा भन्दा नेटफिक्स जस्ता भिडियो साझेदारी साइटलाई प्राथमिकता दिइनेछ।

### कलेजमा अनुराग

पत्रकार ऋषि धमलाकी श्रीमती एलिजा गौतमले निर्माण तथा अभिनय गरेका चलचित्र अनुराग असोज १२ गते प्रदर्शनमा आउँदैछ। प्रदर्शन मिति नजिकिँदै जाँदा निर्माण टिमले कलेज अभियान सुरु गरेको छ। चलचित्रको प्रचार गर्न सजिलो हुने भएकाले कलेज केन्द्रित प्रचार प्रारम्भ गरिएको अभिनेत्री एलिजा गौतमले बताएकी छिन्। यो चलचित्रमा ठिलेन लामा, राजाराम पौडेल, सरोज खनाल, रुद्ररूपा राणा, विश्व बस्नेत, शिशिर राणा, मोहन निरौला आदि कलाकारले समेत अभिनय गरेका छन्। एरिका फिल्म्सको ब्यानरमा निर्माण भएको अनुराग सांगीतिक प्रेमकथामा आधारित भएको निर्माण पक्षको भनाइ छ।




स्क्रिप्ट लेखनमा सुनिल उत्कृष्ट : यसपटकको स्कृप्ट राइटिङ कम्पिटिसन सुनिल गुरुङले जितेका छन्। उक्त प्रतियोगितामा १ सय ५० वटा स्क्रिप्ट सहभागी थिए। गुरुङको स्क्रिप्ट द गिफ्टमा द्वन्द्वकालमा सैनिक बन्ने सपना बुनेका युवक तथा नर्स बन्ने लक्ष्य लिएकी युवतीको प्रेमकथा प्रस्तुत गरिएको छ। नेपाली चलचित्रको कथामा देखिँदै आएको कमजोरी हटाउँदै कथालाई बलियो तुल्याउने उद्देश्यले मनोज अधिकारीको टिमले सन् २०१२ देखि स्क्रिप्ट राइटिङ प्रतियोगिता सञ्चालन गर्दै आएको छ।

### ए मेरो हजुरमा अर्पण र रवीन्द्र

झरना थापाले निर्देशन गर्ने चलचित्र ए मेरो हजुर-३ को शुभमुहूर्त केही दिनअघि पोखरामा सम्पन्न भएको थियो। अनमोल केसी तथा सुहाना थापाको मुख्य भूमिका रहने यो चलचित्रमा अभिनेता अर्पण थापा तथा रवीन्द्र झा पनि भित्रिएका छन्। यसअघि चलचित्रमा सलोन बस्नेत अनुबन्धित भएका थिए। कथाको माग अनुसार नै पात्र चयन गरिएको निर्देशक थापाले बताएकी छिन्। यसअघि थापाको निर्देशनको चलचित्र ए मेरो हजुर-२ व्यवसायिक रूपमा सफल साबित भएको थियो।

### बन्ने भो पेसा

विश्वदीप घिमिरेको निर्देशनमा चलचित्र पेसा निर्माण हुने भएको छ। यसै साता काठमाडौंको कोटेश्वर महादेवस्थानमा शुभ साइत गरिएको उक्त चलचित्रलाई फायर इन्टरप्राइजेजको ब्यानरमा जीएस आलेले निर्माण गर्न लागेका हुन्। चलचित्र पेसाको कथा टिकाराम रखालले लेखेका छन् भने यसमा रोजन रखाल, प्रशान्त यादव, बालकृष्ण बन्जारा, पुरब बन्जारा, निशा सुनुवार, सरगम तामाङ, अनिता रसाइली आदिले अभिनय गर्नेछन्। समसामयिक राजनीति एवं चेलिबेटी बेचबिखनको कथामा आधारित यो चलचित्रमा जनक पाखिनको नृत्य निर्देशन, राजुजंग थापाको द्वन्द्व तथा टंक बुढाथोकी तथा जीएस आलेको संगीत रहनेछ।

### अमेरिकन बाबु प्रिमियर

अमेरिका बस्ने नेपालीहरूको कथाव्यथामा आधारित चलचित्र अमेरिकन बाबु मेड इन नेपालको प्रिमियर अमेरिकाको न्युयोर्कमा सम्पन्न भएको छ। यो चलचित्र अमेरिकामै खिचिएको हो। न्युयोर्कमा नेपाली चलचित्रको पहिलो पटक रेड कार्पेट शो गरिएको र यसका दुवै शो हाउसफुल भएको निर्देशक ईश्वर थापाले बताए। ड्रिम्स गेट नेपाल फिल्म्सका लागि राजेश गुरुङ, मञ्जु रानामगर तथा सम्झना उप्रेतीले निर्माण गरेको चलचित्र अमेरिकन बाबुको नेपाल प्रदर्शन मिति भने तय भैसकेको छैन।

## सानो पर्दा

### अनुरोधको अभिनय

कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको हास्य श्रृंखला ट्वाक्क टुक्क रिटर्न्समार्फत एक जना बाल कलाकारले लामो समयदेखि दर्शकलाई हँसाइरहेका छन्। उक्त श्रृंखलाका करिब ७० वटा भागमा अभिनय गरिसकेका अनुरोध अधिकारीले केही म्युजिक भिडियोमा समेत अभिनय गरेका छन्। लिटिल एन्जल्स स्कुलमा अध्ययनरत अनुरोधले चन्द्रागिरि हिल्स तथा डन साबुनको टिभिसीमा समेत काम गरेका छन्। सानो पर्दामा व्यस्त भैरहेकै बेला अनुरोधले फूलै फूलको मौसम तिमीलाई, तँ, म र ऊ, नेटवर्क तथा हाइवेजस्ता चलचित्रमा समेत अभिनय गर्न भ्याइसकेका छन्।



### दुई च्यानलको वार्षिकोत्सव

डिस होमबाट प्रसारण हुने दुई नेपाली च्यानल रमाइलो टिभी एचडी तथा एक्सन स्पोर्ट्स एचडीले प्रसारणको एक वर्ष पूरा गरेका छन्। अघिल्लो वर्ष असोज १ गते विश्वकर्मा पूजाको दिन प्रसारण प्रारम्भ भएका यी दुई च्यानलमध्ये रमाइलो टिभीले मनोरञ्जन क्षेत्रलाई समेटेको छ भने एक्सन स्पोर्ट्सले खेलकुदलाई समेटेको छ। छोटो समयमै लोकप्रिय भएका यी दुई च्यानलले मंगलबार वार्षिकोत्सव मनाउँदै आगामी वर्ष अझ उत्कृष्ट कार्यक्रम तयार पार्ने जनाएका छन्। डिस मिडिया नेटवर्कका प्रबन्ध निर्देशक सुदीप आचार्यका अनुसार आगामी दिनमा अझ परिष्कृत रूपमा अघि बढ्नेछ।

### हास्यश्रृंखला सुचारु

साउनको पहिलो सातादेखि रोकिएका लोकप्रिय हास्य श्रृंखला मेरी बास्सै, जीरे खुर्सानी तथा भद्रगोलको प्रसारण सुचारु भएको छ। नेपाल टेलिभिजनबाट प्रसारण हुने ती श्रृंखला साउनको पहिलो सातादेखि रोकिएका थिए। सुचारु भएका श्रृंखलामध्ये मेरी बास्सै मंगलबार, जिरे खुर्सानी बिहीबार तथा भद्रगोल शुक्रबार राति प्रसारण हुन थालेका हुन्। मेरी बास्सैमा धुर्मुस र सुन्तली देखिनेछैनन्। चलचित्रको निर्माणमा सक्रिय हुने तयारीमा रहेका उनीहरूले राजु पौडेल (राजु मास्टर) तथा मरिचमान श्रेष्ठ (बल्छी धुर्बे) लाई मेरी बास्सैको निर्देशन गर्ने जिम्मा दिएका छन्। हास्यश्रृंखला ब्रेकफेल भने अहिले सुचारु नहुने तथा पारिवारिक श्रृंखला परिचय अर्को सातादेखि सुचारु हुने मिडिया हबले जनाएको छ।




## पोस्टर/ट्रेलर



### प्रसादको लिरिकल

विपिन कार्की तथा नम्रता श्रेष्ठ अभिनित चलचित्र प्रसादको लिरिकल भिडियो सार्वजनिक भएको छ। लै लै बोलको उक्त गीतमा सुभाष भुषालको संगीत तथा केतन क्षेत्रीको स्वर सुन्न सकिन्छ। उक्त गीतमा भागी विवाह गरेर काठमाडौं छिरेपछि विपिन र नम्रताको जीवनमा आउने उतारचढाव प्रस्तुत गरिएको छ।

### ढल्की ढल्की

कात्तिक १६ गते प्रदर्शनमा आउने चङ्गा चेटको दोस्रो गीत सार्वजनिक भएको छ। उक्त गीतमा रियल जोडी प्रियंका कार्की तथा आयुष्मान जोशीको मुख्य अभिनय छ भने त्यसमा सन्दीप क्षेत्री, रवीन्द्र झा, सुरक्षा पन्त तथा परमिता आरएल राणासमेत प्रस्तुत भएका छन्।



छक्का पञ्जा ३ को पोस्टर : दसैंमा प्रदर्शन हुने चलचित्र छक्का पञ्जा ३ को नयाँ पोस्टर बुधबार सार्वजनिक गरिएको छ। पोस्टरमा जितु नेपाल, दीपकराज गिरी, दीपिका प्रसाईं, बुद्धि तामाङ तथा केदार घिमिरेलाई प्रस्तुत गरिएको छ।

बलिउड



# ५९ वर्षमा प्रेग्नेन्ट !

शानदार अभिनेत्रीका रूपमा बलिउडमा नीना गुप्ताको निकै प्रशंसा हुन्छ । हरेकजसो चलचित्रमा जीवन्त अभिनय गर्ने भएकीले यो उमेरमा पनि उनको लोकप्रियता बढेको बढ्यै छ । नीना अहिले ५९ वर्ष पुगेकी छिन् । उमेरले बुढ्यौली अवस्था छुने बेला यी अभिनेत्री आमा बन्ने तयारीमा छिन् । यद्यपि अचम्म मान्नु पर्दैन, नीनाले रियल लाइफमा नभएर रिल लाइफमा सन्तान जन्माउन लागेकी हुन । १९ अक्टोक्बरमा नीनाको चलचित्र 'बधाई हो' प्रदर्शनमा आउँदैछ, जसमा उनले त्यस्ती महिलाको भूमिका निर्वाह गरेकी छिन्, जसको तन्नेरी छोरो हुन्छ तर पाको उमेरमा उनी फेरि एकपटक प्रेग्नेन्ट हुन्छिन् । सोही कारणले उनलाई समाजमा ठट्टाको पात्र बनाइन्छ । आश्चर्य त के छ भने यी लोकप्रिय अभिनेत्रीले यो चलचित्र स्क्रिप्ट नपढी एक लाइन स्टोरी सुनेकै भरमा साइन गरेकी हुन् । केही समयअघि मिडियामा उनले भनेकी थिइन्– यो चलचित्रको कथा यति दमदार छ कि जसको स्क्रिप्ट पढिरहनु पर्दैन । चलचित्र 'बधाई हो' मा आयुष्मान खुरानाले नीनाको तन्नेरी छोराको भूमिका निर्वाह गरेका छन् ।




# टाढिँदै टाइगर- दिशा

आकर्षक शरीर र अभिनयका कारण धेरैको मन जितेका अभिनेता टाइगर श्राफ तथा अभिनेत्री दिशा पटानीको सम्बन्ध केही वर्षमा निकै प्रगाढ भैसकेको थियो । आफैंले सार्वजनिक रूपमा स्वीकार नगरे पनि उनीहरू केही समयदेखि गहिरो सम्बन्धमा छन् भनेर भारतीय मिडियाले दाबी गर्दै आएका थिए । केहि समयअघि यो जोडीले अभिनय गरेको बागी-२ व्यवसायिक रूपमा सफलसमेत भएको थियो । उक्त चलचित्रको छायांकन सुरु भएपछि नै उनीहरूको प्रेम अझ बलियो भएको बताइएको छ । करण जौहरको स्टुडेन्ट अफ द इयर-२ को छायांकनमा व्यस्त टाइगर अहिले सोची चलचित्रकी अभिनेत्री तारासँग नजिकिएपछि दिशा निकै चिन्तित छिन् । चलचित्रको छायांकनका बेला टाइगर-तारा घण्टौं गफ गरेर बसेको तथा निकै हर्षित मुद्रामा उनीहरूले सँगै तस्बिर खिचाएको घटनापछि दिशा निकै तनावमा परेको बताइन्छ ।

# बलिउड स्टारका सन्तान

बलिउड स्टारलाई त सबैले मार्क गरिहाल्छन्, तर उनीहरूका छोराछोरीलाई धेरैले ख्याल गरेका हुँदैनन् । लाखौं फ्यान फलोइङ भएका कारण बलिउड अभिनेता–अभिनेत्रीका छोराछोरीमध्ये कतिपय त चलचित्रमा आइसकेका छन् भने कतिपय आउने तयारीमा छन् ।

## आर्यन खान



शाहरुख खानका छोरा आर्यन चाँडै चलचित्रमा आउने चर्चा छ । २० वर्षीय आर्यनको फ्यान फलोइङ चलचित्रमा नआउँदै बढेपछि धेरै चलचित्र निर्माता उनलाई चाँडै आफ्नो चलचित्रमार्फत डेब्यु गराउन प्रयासरत छन् ।

## इरा खान



बलिउडका मिस्टर पर्फेसिनिस्ट अमिर खानकी जेठी श्रीमती रिना दत्ततर्फकी छोरी हुन्– इरा खान । निकै सुन्दर इरा चञ्चल स्वभावकी छिन । अध्ययनमा पोख्त इरा सामाजिक कार्यमा रुचि राख्छिन् ।

## जाहन्वी कपुर




चर्चित अभिनेत्री श्रीदेवी तथा बोनी कपुरकी जेठी छोरी हुन्– जाहन्वी कपुर । निकै सुन्दर २० वर्षीया जाहन्वीले केही समयअघि प्रदर्शनमा आएको चलचित्र धडकबाट बलिउडमा पदार्पण गरेकी हुन् ।

## यशवर्द्धन आहूजा



चर्चित अभिनेता गोविन्द आहुजा अर्थात् गोविन्दाका छोरा यशवर्द्धन आहुजा निकै ह्यान्डसम छन् । इस्टाग्राममा बढी सक्रिय यशवर्द्धन बलिउडमा प्रवेश गर्ने सोचमा रहेको भारतीय मिडियाले दाबी गरे पनि अहिलेसम्म उनले मुख खोलिसकेका छैनन् ।

## सारा अली खान



सैफ अली खान तथा उनकी पूर्वपत्नी अमृता सिंहकी छोरी सारा अली खान चलचित्र केदारनाथमार्फत बलिउडमा पदार्पण गर्दैछिन् । सैफले कहिल्यै साराको इच्छामा हस्तक्षेप गरेनन् । सानैदेखि सैफको मायाले पुलपुलिएकी सारा प्रभावशाली अभिनेत्रीका रूपमा बलिउडमा स्थापित हुने दाउमा छिन् ।

## समारा तिजोरी




कुनै बेलाका लोकप्रिय कलाकार दीपक तिजोरीकी छोरी समारा तिजोरीको व्यक्तित्व फोटोजेनिक छ । २०१६ मा प्रदर्शनमा आएको चलचित्र ढिसुममा समेत काम गरिसकेकी समारा धेरै निर्माता-निर्देशकको नजरमा परेकी छिन् । उनी चाँडै नयाँ चलचित्रमा देखिने चर्चा छ ।

## सुहाना खान



शाहरुख खान तथा गौरी खानकी छोरी १८ वर्षीया सुहाना खान चाँडै चलचित्रमा आउने खबरले बलिउड तातेको छ । भनिन्छ, करण जौहर उनलाई आफ्नो चलचित्रमार्फत बलिउडमा इन गराउने सोचमा छन् । खान परिवारले सुहानालाई चलचित्रका लागी ग्रिन सिग्नल दिइसकेको बताइन्छ ।

## आलिया कश्यप



चलचित्र निर्देशक अनुराग कश्यपकी छोरी आलिया कश्यप निकै सुन्दर छिन् । १७ वर्षीया यी सुन्दरी अभिनेत्री जाहन्वी कपुरकी बहिनी खुसी कपुरकी सबैभन्दा बढी मिल्ने साथी हुन् । भारतीय मिडियाहरू आलिया पनि चाँडै चलचित्रमा आउने सम्भावना रहेको बताउँछन् ।

# भदौरे भेल मात्र

















रामजी ज्ञवाली

हरेक चलचित्र सफल हुनुको प्रमुख मापदण्ड हो- उक्त चलचित्रको व्यवसायिक सफलता । दुःखको कुरा नेपाली चलचित्र निर्माताहरूका लागि आफूले निर्माण गरेको चलचित्रले लगानी मात्र उठाए पनि ठूलो सफलता मान्नुपर्ने अवस्था छ । २०७५ सालको पाँच महिना सकिएको छ तै पनि चलचित्रको दयनिय व्यापारिक अवस्था उस्तै छ ।

भदौमा प्रदर्शनमा आएका १० वटा नेपाली चलचित्रमध्ये कुनैले पनि मुनाफा हुने गरी आम्दानी गर्न सकेनन् । ती दश चलचित्रमध्ये नाई नभन्नु ल, रोज तथा रामकहानीले मात्र लगानी उठाए, यद्यपि यी चलचित्रले पनि जस्तो अपेक्षा गरिएको थियो, त्यसअनुसार दर्शक तान्न सकेनन् ।

भदौ १ गते एक साथ चार नेपाली चलचित्रको भिडन्त भयो । ब्ल्याक, जय शम्भु, मिस्टर भर्जिन तथा १२ मासे एकै दिन प्रदर्शनमा आए पनि यीमध्ये कुनै पनि चलचित्र फाइदामा जान सकेनन् । साढे २ करोड लगानी गरिएको भनिएको चलचित्र ब्ल्याकले समेत हावा खायो । अन्य तीनवटै चलचित्र २ दिन पनि राम्रोसँग चल्न सकेनन् । प्रचार-प्रसार तथा स्टारकास्टका कारण ब्ल्याक तथा जय शम्भुले राम्रो व्यवसाय गर्ने अनुमान गरिएको थियो । ब्ल्याकलाई आँचल शर्मा र आकाश श्रेष्ठ तथा जय शम्भुलाई वर्षा सिवाकोटी, अनुप विक्रम शाही तथा प्रशान्त ताम्राकारको लोकप्रियताले समेत जोगाउन सकेन । यौन मनोविज्ञानमा आधारित चलचित्र मिस्टर भर्जिनले पनि अपेक्षा गरे जस्तो बजार पाएन । बेरोजगार तथा कुमार युवाहरूको कथा समावेश यो चलचित्र व्यवसायिक रूपमा असफल मानियो । जयकिशन बस्नेत तथा पूजना प्रधानको चलचित्र १२ मासे सिनेमा हलमा कुन दिन आयो र कहिले उत्रियो, दर्शकले पत्तो पाएनन् ।

भदौ ८ गते प्रदर्शनमा आएका दुई चलचित्र थिए- नाई नभन्नु ल-५ तथा रेनी । धेरै वर्षदेखि सिक्वेल निर्माण गरिरहेका निर्देशक विकास आचार्यको नाई नभन्नु ल-५ ले भने आफ्नो लगानी सुरक्षित गऱ्यो । प्रेमकथामा आधारित उक्त चलचित्रमा निरुता सिंह, दिलीप रायमाझी, प्रियंका कार्की, केकी अधिकारी, स्वस्तिमा खड्का, अनुभव रेग्मी, सेड्रिना शर्मा आदि कलाकारले बेजोड अभिनय गरेका छन् । त्यही दिन प्रदर्शित सनम मल्ल तथा दीपक ढकालको चलचित्र रेनीको व्यवसाय निराशाजनक रहयो । रेनीमा अभिनेता सरोज खनालको समेत अभिनय थियो । एक्सन, लभ तथा कमेडीका साथै सामाजिक सन्देशयुक्त यो चलचित्रमा एक करोडभन्दा बढी लगानी गरिएको थियो । यद्यपि त्यसले १० लाख पनि ग्रस आम्दानी गर्न सकेन ।

भदौ १५ गते प्रदर्शनमा आएको चलचित्र मेरी मामु पनि व्यवसायिक रूपमा सफल मानिएन । बाल कलाकारको मुख्य भूमिका रहेको उक्त चलचित्रप्रति दर्शकको ठूलै आशा थियो, यद्यपि निर्माताले आफ्नो सोच अनुरुपको प्रतिफल प्राप्त गर्न सकेनन् । आमा र छोराबीचको सम्बन्धमा केन्द्रित चलचित्र मेरी मामु कलिलो उमेरको एक बालकको मनोविज्ञानमा आधारित थियो ।

भदौ २२ मा दुई ठूला बजेटका चलचित्र जुधे । प्रदीप खड्काको रोज तथा पूजा शर्माको रामकहानी एकै दिन प्रदर्शनमा आएपछि दर्शक बाँडिनु स्वभाविक थियो । यी दुवै चलचित्रका निर्माताले आफ्नो चलचित्रले सन्तोषजनक व्यवसाय गरेको दाबी गरेका छन् । चलचित्र रोजका वितरक गोविन्द शाहीका अनुसार उनको चलचित्रले हालसम्म २ करोड ७५ लाख रुपैयाँको व्यापार गरेको छ भने रामकहानीका निर्देशक सुदर्शन थापाका अनुसार अहिलेसम्म यो चलचित्रले २ करोड ७० लाखभन्दा बढी आम्दानी गरिसकेको छ । गोपीकृष्ण मुभिजको निर्माण तथा आरोही इन्टरटेन्मेन्टको सहकार्यमा तयार पारिएको चलचित्र रोज यो वर्षको प्रतीक्षित चलचित्र थियो । क्राइम थ्रिलरमा आधारित यो चलचित्रले हास्य कलाकारितामा जमेका केदार घिमिरे, जितु नेपाल, पूजा शर्मा, आकाश श्रेष्ठ आदि कलाकारसँग प्रतिस्पर्धा गरेको थियो । दुवै चलचित्र राम्रै चले पनि यी चलचित्रले ठूलो आम्दानी भने गर्न सकेनन् । यी दुवै चलचित्र यो वर्षकै सबैभन्दा बढी आम्दानी गर्ने चलचित्रमा पर्ने आँकलन गरिएको थियो ।

महिनाको अन्तिममा प्रदर्शित चलचित्र हो, साली कसको भेनाको । खासै प्रचार नभए पनि यो चलचित्रसँग अन्य चलचित्र भने प्रदर्शन भएनन् । रोज र रामकहानी थप केही साता चल्ने सम्भावनाका कारण अन्य निर्माताले यो डेटमा चलचित्र प्रदर्शन गर्न नचाहेको बताइन्छ । यस्तो परिस्थितिमा साली कसको भेनाको मारमा पर्नुलाई अस्वभाविक मान्नु पर्दैन ।

# इमेज एवार्डको मनोनयन सार्वजनिक




इमेज च्यानलले आयोजना गर्ने २० औं संस्करणको इमेज एवार्डका लागि १८ विधाका उत्कृष्ट पाँचको मनोनयन सूची सार्वजनिक भएको छ । उत्कृष्ट पाँच मध्येबाट विजेता छनौट गरी यही असोज २० गते उक्त एवार्ड वितरण गरिने बताइएको छ । यो वर्षको एवार्डमा पनि गीत, संगीत, रचनालगायत म्युजिक भिडियो तथा पब्लिक च्वाइस एवार्ड गरी १८ विधाका उत्कृष्ट ५-५ को मनोनयन सार्वजनिक गरिएको हो ।

यस पटकको एवार्डका लागि २०७४ साल असार १ गतेदेखि २०७५ साल जेठ मसान्तसम्म सार्वजनिक भै दर्ता गरिएका नेपाली गीत तथा म्युजिक भिडियो मनोनयनमा समावेश छन् । १७ विधाको मनोनयन नेपाली सांगीतिक क्षेत्रका विज्ञहरूको मूल्यांकनका आधारमा गरिएको र मनोनीत ५ मध्येबाट उत्कृष्ट चयनका लागि संगीत क्षेत्रका विज्ञहरूबाट नै प्राविधिक मत लिइने इमेज च्यानलले जनाएको छ ।

यसपटकको एवार्ड समारोहमा संगीत क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने वरिष्ठ संगीतकार प्रकाश गुरुङलाई 'इमेज लाइफटाइम अचिभमेन्ट एवार्ड'बाट सम्मानित गर्न लागिएको छ । यसैगरी ऊर्जा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई 'पर्सनालिटी अफ दि इयर' का रूपमा विशेष सम्मान प्रदान गर्न लागिएको छ ।

यसपटकको एवार्डका लागि सर्वोत्कृष्ट पुरुष गायनतर्फ शिव परियार, हेमन्त शर्मा, कर्मा ग्याल्जेन बोमजन, सत्यराज आचार्य तथा अजर जंगम मनोनयनमा परेका छन् भने गायिकातर्फ बानिका प्रधान, निखिता थापा, प्रविशा अधिकारी, निशा देशार तथा दुर्गा परियार मनोनीत छन् । उत्कृष्ट पप गायकतर्फ दीपक बज्राचार्य, उत्सन श्रेष्ठ, पुष्पन प्रधान, सुगम पोखरेल तथा कमल खत्री मनोनीत छन् भने पप गायिकातर्फ आकांक्षा बस्याल, श्रेया सोताङ, निखिता थापा, टीका प्रसाईं तथा प्रमिला राई मनोनीत छन् । उत्कृष्ट गीतकारमा रमेश बिजी, आनन्द अधिकारी, राखी गौचन, एमडी फिराक तथा नारायण गौतम मनोनयनमा परेका छन् भने उत्कृष्ट संगीतकारमा हरि लम्साल, सागर राज, सुरेश अधिकारी, कमल खत्री तथा किरण कँडेल मनोनीत छन् । पब्लिक च्वाइस एवार्डका लागि श्रोताहरूले अनलाइन भोट गर्ने छन् जसमा माया लुकी-लुकी, पर्ख-पर्ख मायालु, तिमी रोएको पल, चरी चट्ट परी तथा मन मगन मनोनित छन् ।

# असोज २६ मा कालिका एवार्ड




चितवनको कालिका एफएमले १६ औं वार्षिकोत्सवको अवसर पारी १४ औं कालिका म्युजिक एवार्ड वितरण गर्ने भएको छ । उक्त एवार्ड असोज २६ गते नारायणगढस्थित नारायणी कला मन्दिरमा वितरण गरिने बताइएको छ ।

एवार्डको पूर्व सन्ध्यामा एफएमले काठमाडौंमा विशेष कार्यक्रम आयोजित गरी विभिन्न ३० विधाको मनोनयन सार्वजनिक गरेको छ । कालिका म्युजिक एवार्डमा यो वर्षदेखि ४ वटा विधा थप गर्दै लाइफटाइम एचिभमेन्ट एवार्डसहित ३१ विधामा एवार्ड वितरण गरिनेछ ।

यो वर्ष लाइफटाइम एचिभमेन्ट एवार्डबाट वरिष्ठ गीतकार किरण खरेललाई सम्मानित गर्ने रेडियोले जनाएको छ । थपिएका विधामा सर्वोकृष्ट म्युजिक भिडियो, सर्वोकृष्ट सिनेमाटोग्राफर, सर्वोकृष्ट पुरुष तथा महिला मोडल छन् । प्रत्येक विधामा ५ वटा मनोनयन गरिएको छ, जसमा सर्वोकृष्ट आधुनिक महिला गायक, पुरुष गायक, म्युजिक कम्पोजिसन, आधुनिक गीत रचना प्रमुख छन् । त्यस्तै फिल्म विधामा सर्वोकृष्ट पुरुष/महिला गायक, म्युजिक कम्पोजिसन तथा सर्वोकृष्ट गीत रचना समावेश छन् ।

राष्ट्रिय पप गायनतर्फ सर्वोकृष्ट पुरुष-महिला गायन, सर्वोकृष्ट पप संगित, सर्वोकृष्ट रचनाकार, उत्कृष्ट सांगीतिक समूह छन् । लोकदोहोरी विधामा सर्वोकृष्ट पुरुष-महिला गायन, सर्वोकृष्ट लय तथा शब्द समावेश छन् । कालिका म्युजिक एवार्डमा स्थानीय लोकदोहोरी कलाकार, सर्वोकृष्ट पार्श्व गायन, सर्वोकृष्ट नवोदित गायक, वर्षको सर्वोकृष्ट गीत, सर्वोकृष्ट गजल, सर्वोकृष्ट राष्ट्रिय गीत आदि विधामा समेत एवार्ड वितरण गरिने बताइएको छ ।

विमल खतिवडा

तस्बिर : दिवा भट्टराई अधिकारी

विकेन्ड स्वाद

# ठाउँ एक स्वाद अनेक

सहरमा बग्रेल्ती रेस्टुराँ छन् । केही पाइलाको दूरीमा नयाँ-नयाँ आकर्षक रेस्टुराँ फेला पर्छन् । यद्यपि ती सबै रेस्टुराँमा उपभोक्ताहरूको पहुँच नहुन सक्छ । आर्थिक अवस्थाका कारण महँगा रेस्टुराँमा पुगेर नयाँ स्वाद लिने कतिपयको रहर पूरा नहुन सक्छ । काठमाडौंका प्रमुख सपिङ सेन्टरहरूमा साना र चिटिक्क परेका यस्ता रेस्टुराँ भेटिन्छन्, जहाँ आफूले चाहेजस्तो स्वाद लिन सकिन्छ ।

किनमेलका लागि सबैभन्दा पुरानो सपिङ सेन्टर हो, टंगालस्थित भाटभटेनी सुपर मार्केट । यो सुपर मार्केटको आँगनमा रहेका साना र चिटिक्क परेका क्याफे तथा रेस्टुराँमा भने जस्तै स्वाद फेलापार्न सकिन्छ । मिठाईका लागि आफ्नो क्षेत्रमा स्थापित र लोकप्रिय भैसकेको गुलाब स्वीट्समा मिठाईका सबै आइटम त्यहाँ उपलब्ध छन् । त्यसमा पनि लालमोहन, रसबरी र जलेबी बढी अर्डर हुने मिठाई हुन् । गुलाब स्वीट्सको ठ्याक्कै अघि छ, म्यागी नुडलको आउटलेट । जहाँ नुडल र कफी अर्डर गर्न सकिन्छ । काठमाडौंमा चारवटा आउटलेट भएको म्यागीका थप दुईवटा आउटलेट उपत्यका बाहिर छन् । यो भारतीय नुडलले नेपालमा पनि राम्रै बजार लिएको छ ।

भाटभटेनी सुपर मार्केटमै अवस्थित नेवारी किचेनमा बिभिन्न नेवारी परिकारहरूको स्वाद लिन सकिन्छ । चटामरी, बारा तथा नेवारी खाजा सेट त्यहाँ बढी अर्डर हुने परिकार हुन् । त्यस्तै तिब्बतीयन फुड्स एन्ड स्न्याक्सको मेनु हेर्नुहुन्छ भने लाफिङ, ड्रमस्टिक, स्मुदि, मिल्क सेक, हट् ड्रिंक्स, प्रोटिक सेक तथा कुखुराको मासुबाट बनेका बिभिन्न परिकार चाख्न पाइन्छ । कफीका लागि चर्चित हिमालयन जाभाको आउटलेट पनि छ त्यहाँ, जहाँ झन्डै ५० भन्दा बढी कफीको स्वाद उपलब्ध छ ।








विकेन्ड लाइभ

# दरबारमार्गमा बादशाह



आदित्य प्रतीक सिंह सिसोदिया स्टेज कार्यक्रममा बादशाहको नामले सुपरिचित छन् । सांगीतिक दुनियाँमा भारतका र्‍यापर बादशाहको बेग्लै पहिचान छ । बादशाहले हिन्दी, हरियाणवी तथा पञ्जाबी गीतमा म्युजिक कम्पोज समेत गरेका छन् । भोलि शनिबार दरबारमार्गमा तिनै बादशाहले लाइभ प्रस्तुति दिँदैछन् । बादशाह प्रमुख आकर्षणमा रहने दरबारमार्ग स्ट्रिट फेस्टिभलमा गायिका इन्दिरा जोशी, एज् ब्यान्ड, बुगीबुगी एवं नेपाल आइडलका उत्कृष्ट तीन कलाकारले समेत दर्शकहरूलाई मनोरन्जन प्रदान गर्ने बताइएको छ ।

**आयोजक : जगदम्बा मोटर्स टिभीज**
**समय** : ३ बजे
**प्रवेश** : निःशुल्क

# लुम्बिनीमा कुमार सानु

चर्चित भारतीय गायक कुमार सानुले आज गौतम बुद्धको जन्मस्थल लुम्बिनी तताउने भएका छन् । २० हजारभन्दा बढी गीतमा स्वर दिइसकेका कुमार लुम्बिनीमा एकल सांगीतिक साँझमा प्रस्तुत हुँदैछन् । सानुले नेपाली गीतमा समेत आवाज भरेका छन् । लुम्बिनीमा उनले नेपाली तथा हिन्दी गरी ३० वटा जति गीत सुनाएर मनोरन्जन प्रदान गर्नेछन् । गायनमा उनलाई गायिका देविका बन्दनाले साथ दिने छिन् ।

**आयोजक** : प्यारामाउन्ट इन्टरटेन्मेन्ट **प्रवेश शुल्क** : ३ हजार ५ सय रुपैयाँ
**स्थान** : ड्रिमल्याण्ड गोल्ड रिसोर्ट, मणिग्राम, बुटवल
**समय** : साँझ ६ बजेदेखि



पोखरा लाइभ

# नितेशजंग कुँवरको प्रस्तुति

रक दि ब्लकको आयोजनामा भोलि शनिबार गायक नितेशजंग कुँवर पोखरामा प्रस्तुत हुँदैछन् । लेकसाइडको रोलिङ स्टोन रक बारमा सञ्चालन हुने कन्सर्टमा युट्युबमार्फत चर्चामा आएका नितेशले आफ्ना विभिन्न गीत सुनाउँदै मनोरञ्जन प्रदान गर्नेछन् जहाँ विभिन्न परिकारको स्वाद चाख्दै संगीतको तालमा रमाउने अवसर पाइनेछ । कार्यक्रमको थप आर्कषणमा बारको नियमित ब्यान्ड ओभि-र्‍यापर्सको प्रस्तुतिसमेत रहनेछ ।

**स्थान** : रोलिङ स्टोन रक बार, लेकसाइड, पोखरा
**प्रवेश शुल्क** : ५ सय रुपैयाँ
**समय** : साँझ ६ बजे



# ओजनमा आज डिजे ओला

ओजन डिस्को पोखरामा आज शुक्रबार युक्रेनी डिजे ओला रस 'ओल्गा' को डिजेइङमा रम्न पाइनेछ । सन् २०१७ मा विश्वकै टप ५० डिजेमा पर्न सफल ओलाले नौलोपन महसुस गराउँदै दर्शकलाई संगीतको तालमा उफार्नेछन् । कार्यक्रमको थप आकर्षणमा भिडियो डिजे ओम लामा, डिजे कान्छी, डिजे मिगल, डिजे विकासको डिजेइङ रहनेछ । सरू श्रेष्ठको होस्टिङले कार्यक्रममा थप रौनक प्रदान गर्नेछ ।

**स्थान** : ओजन डिस्को, लेकसाइड, पोखरा
**समय** : बेलुका ८ बजे



विकेन्ड इभेन्ट

दसैंको अबसर पारेर युनाइटेड फिट्नेसले भोली दसैं फिट्नेस फियस्टा-२०१८ को आयोजना गर्दैछ । यो अवसरमा जुम्बा डान्स हेरेर आनन्द लिन सकिनेछ । यो कार्यक्रममा बैंगलोर, भारतकी जुम्बा स्पेसलिस्ट सहाना जगन्नाथ प्रमुख आकर्षणमा रहने छिन् । त्यस्तै उक्त अवसरमा बलिबिट्सका रोहित सावदले समेत प्रस्तुति दिनेछन् ।




# दसैं फिट्नेस फियस्टा-२०१८

**आयोजक** : युनाइटेड फिट्नेस एन्ड डान्स स्टुडियो
**प्रवेश शुल्क** : १ हजार ७ सय रुपैयाँ (स्न्याक्स र डिनरसहित)
**स्थान** : आम्रपाली ब्यांकेट क्याटरिङ एन्ड इभेन्ट्स, बालुवाटार
**समय** : २ बजे

चलचित्र

## धुम-३



**निर्देशक :** जयकिशन बस्नेत **कलाकार :** जयकिशन बस्नेतसहित एलिना रायमाझी, लय संग्रौला, शोभित बस्नेत, उत्तम केसी, सपना श्रेष्ठ, सूरवीर पण्डित आदि । **संगीत :** टंक बुढाथोकी तथा ओम सुनार

भारतमा धुम निकै चलेको चलचित्र हो । यही चलचित्रको नाम सापट लिएर नेपालमा केही वर्षदेखि जयकिशन बस्नेतले धुम सिरिज निर्माण गरिरहेका छन् । धुमको सिक्वेल धुम-३ यही शुक्रबारदेखि देशव्यापी प्रदर्शनमा आउँदैछ । यसअघि धुम र धुम-२ खासै चलेका थिएनन् । केही हप्ताअघि यो चलचित्रको ट्रेलर सार्वजनिक भएको थियो । यो चलचित्र यही हप्ता सेन्सरबाट पास भएको हो, जसमा यसले पिजी सर्टिफिकेट पाएको छ । जयकिशन बस्नेत फिल्म्सको ब्यानरमा निर्माण भएको चलचित्र धुम-३ का प्रस्तुतकर्ता जाह्नवी बस्नेत तथा ब्रबिम बस्नेत हुन् । जीवन श्रेष्ठको छायांकन, हिमाल केसीको द्वन्द्व तथा तुलसी बाँस्कोटाको सम्पादनको यो चलचित्र एक महिनाभन्दा बढी लगाएर छायांकन गरिएको हो । काल्पनिक वा नाटकीयभन्दा पनि मानवीय जीवनका यथार्थमा आधारित रहेर यो चलचित्र निर्माण गरिएको निर्माता बस्नेतको भनाइ छ । झन्डै १ करोड लगानी भएको धुम-३ का दृश्य काठमाडौंका साथै बाहिरका जिल्लामा समेत खिचिएको छ । जय किशन बस्नेतको लगानी तथा लेखनको यो चलचित्रको सम्पादन तुलसी बासकोटाले गरेका हुन् ।

## बाँध मायाले



**निर्देशक :** सविर श्रेष्ठ **कलाकार :** आर्यन अधिकारी, सृष्टि श्रेष्ठ, राजाराम पौडेल, किशोर खड्का, विशाल चाम्लिङ आदि । **संगीत :** अर्जुन पोखरेल ।

चलचित्र बाँध मायाले आज शुक्रबारदेखि देशव्यापी प्रदर्शनमा आउँदैछ । दुई युवायुवतीको प्रेममा आइपर्ने दुख, संघर्ष तथा प्राप्तिमा आधारित यो चलचित्रमा टिनएजर्स युवायुवतीको कथालाई निकै गहिरो ढंगले प्रस्तुत गरिएको निर्देशक सविर श्रेष्ठ बताउँछन् । १ करोड रुपैयाँ लगानी भएको यो चलचित्रका निर्माता रामहरि धिताल, विभेषिका श्रेष्ठ तथा केदार धिताल हुन् । चलचित्रको गीत-संगीत उत्कृष्ट छ । राजु ढुंगानाले सम्पादन गरेको चलचित्र 'बाँध मायाले'लाई बाबु श्रेष्ठले नवलपरासी, त्रिवेणी धाम, कुलेखानी तथा काठमाडौंमा खिचेका हुन् ।

## इन्टु मिन्टु लन्डनमा



**निर्देशक :** रेनशा बान्तवा **कलाकार :** धीरज मगर, साम्राज्ञी राज्यलक्ष्मी शाह, शाहरूख ताम्राकार आदि । **संगीत :** सुजित कर्माचार्य, वसन्त सापकोटा तथा स्वप्न सुमन ।

कोरियोग्राफीमा चर्चा कमाएकी रेनशा बान्तवा राईले निर्देशन गरेको पहिलो चलचित्र हो– इन्टु मिन्टु लन्डनमा । बालगीत 'इन्टु मिन्टु लन्डनमा, हाम्रो बुबा पल्टनमा' बाट शीर्षक सापट लिइएको यो चलचित्र घोषणा भएको लामो समयसम्म छायांकन हुन सकेको थिएन । अन्य कलाकारलाई भिसा दिए पनि मुख्य अभिनेत्री साम्राज्ञीलाई बेलायतले भिसा नदिएपछि चलचित्र निर्माणमा अन्यौल सिर्जना भएको थियो भने साम्राज्ञीले भिसा पाएपछि चलचित्रको छायांकन सुरु भएको थियो । यो चलचित्र प्रेम, संघर्ष तथा प्राप्तिमा केन्द्रित भएको निर्देशक राई बताउँछिन् । निर्माण टिमले यसअघि यो चलचित्रको कलरफुल टिजर सार्वजनिक गरेको थियो, जसले दर्शकको चासो निकै बढाएको छ । यो चलचित्र आइकोर फिल्म्सको ब्यानरमा प्रभुशमशेर जबरा तथा प्रज्वलशमशेर जबराले निर्माण गरेका हुन् । डेढ करोड रुपैयाँ लगानी भएको चलचित्र इन्टु मिन्टु लण्डनमालाई तयार गर्न डेढ महिनाभन्दा बढी लागेको थियो ।

रंगमञ्च

## मण्डलामा जालिनी



अनामनगरस्थित मण्डला नाटकघरमा नाटक 'जालिनी' मञ्चन भैरहेको छ । पत्रकार तथा लेखक ध्रुवसत्य परियारको कथासंग्रह कैरनमा संग्रहित कथा जालिनीमा आधारित उक्त नाटकलाई दयाहाङ राईले निर्देशन गरेका हुन् । नाटकको मुख्य भूमिकामा सिर्जना सुब्बा, विजय बराल, बिनिता गुरुङ तथा पुष्कर कार्कीको अभिनय छ भने अन्य कलाकारमा ईगिहोपा कोइच सुनुवार, पुष्कर कार्की, सागर दाहाल, विकाश पन्त, सञ्जिव राई, दीपक पछलदँग्या, प्रमिला खनाल, शकु शाह, सुदीप खतिवडा, विक्रम श्रेष्ठ, रिजन परियार, कविराज राई, सविन घलान तथा देविन चौधरी छन् । भदौ २९ गते प्रदर्शन प्रारम्भ भएको यो नाटक असोज २१ गतेसम्म नियमित मञ्चन हुने बताइएको छ । यो नाटक हरेक दिन ५:३० बजे मञ्चन हुनेछ भने शनिबार दिउँसो १ बजे यसको अतिरिक्त शो गरिनेछ ।

ग्यालरी

## चित्रकला प्रदर्शनीमा विद्यार्थीहरू

बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा आज शुक्रबारदेखि विद्यार्थी कलाकारहरूको सामूहिक कला प्रदर्शनी भैरहेको छ । उक्त प्रदर्शनीमा काठमाडौं विश्वविद्यालयको कला संकायअन्तर्गत आठौं सेमेस्टरमा अध्ययनरत २६ जना विद्यार्थीको कला अवलोकन गर्न सकिन्छ । प्रदर्शनीमा चित्रकला, मूर्तिकला, ग्राफिक्स कला, एनिमेसन, भिडियो इन्स्टलेसन आदि प्रमुख आकर्षण रहने बताइएको छ ।

प्रसंग

# सिने सर्कलमा तिमीसँग सर्वोत्कृष्ट



उपराष्ट्रपति नन्दबहादुर पुनको प्रमुख आतिथ्य तथा बलिउड अभिनेता गोविन्दाको विशेष आतिथ्यमा काठमाडौंमा सम्पन्न तेस्रो संस्करणको एलजी सिने सर्कल एवार्ड-२०७५ मा विभिन्न ३० विधामा पुरस्कार वितरण गरिएको छ । समारोहमा चलचित्र 'तिमीसँग' ले वर्षको सर्वोत्कृष्ट चलचित्रको एवार्ड जित्यो भने यही चलचित्रका नाजिर हुसेन तथा चलचित्र पञ्चायतकी नीता ढुंगानाले सर्वोत्कृष्ट अभिनेता तथा अभिनेत्रीको एवार्ड हात पारे । सर्वोत्कृष्ट निर्देशकको एवार्डमा भने चलचित्र भुइँमान्छेका नवराज बुढाथोकी उत्कृष्ट घोषित भए ।

संगीतकर्मी मनोहर सुनामको नेतृत्वमा सैनिक ब्यान्डले नयाँ तथा पुराना नेपाली चलचित्रका लोकप्रिय धुनहरू प्रस्तुत गर्दै प्रारम्भ गरेको एवार्ड वितरण समारोहमा बलिउड अभिनेता गोविन्दा आकर्षणको केन्द्रमा रहे । त्यस क्रममा कोरियोग्राफर तथा अभिनेता गम्भीर विष्टले गोविन्दाले अभिनय गरेका केही चलचित्रका लोकप्रिय गीतमा आकर्षक नृत्य गरेर उनीप्रति सम्मान व्यक्त गरे । समारोहमा पुराना चलचित्र निर्देशक किशोर रानालाई नगद ५१ हजार रुपैयाँ राशिसहित लाइफ टाइम एचिभमेन्ट एवार्ड प्रदान गरियो । प्रदर्शनको तयारीमा रहेका दुई चलचित्र सुश्री सम्पत्ति तथा इन्टु मिन्टु लन्डनमाका कलाकारहरूले प्रस्तुत गरेको नृत्यले समेत दर्शकको मन जित्यो । झन्डै तीन घण्टा चलेको समारोहमा अभिनेता गोविन्दाले झन्डै १५ मिनेट मन्तव्य व्यक्त गर्दै नेपाल र नेपालीहरूप्रति प्रेम र स्नेह रहेको धारणा व्यक्त गरे ।

### विजेताहरू

**पोस्टर अफ दि इयर,** सान थापा र विजय वस्याल (शत्रुगते), **ट्रेलर अफ दि इयर** सुरेन्द्र पौडेल (कृ), **स्टन्ट अफ दि इयर** सिम्पसन तामाङ (पिँजडा ब्याक अगेन), **पपुलर सङ अफ दि इयर** कुटुमा कुटु (राजनराज शिवाकोटी, दुई रुपैयाँ), **भीएफएक्स अफ दि इयर** माओत्सु मुकामी (माइ लभ) ।

**कमेन्डेबल फिल्म अफ दि इयर** पञ्चायत, **पपुलर एक्टर अफ दि इयर,** प्रदीप खड्का, **पपुलर एक्ट्रेस अफ दि इयर** प्रियंका कार्की, **ब्याकग्राउन्ड स्कोर अफ दि इयर** एलिश कार्की, **एडिटर अफ दि इयर** मित्र डी गुरुङ (शत्रुगते), **स्क्रिनप्ले अफ दि इयर** तिमीसँग, **सिनेमाटोग्राफर अफ दि इयर** भुइँमान्छे, बिदुर पाण्डे, **एक्सन डिरेक्टर अफ दि इयर** चन्द्र पन्त (कृ), **कोरियोग्राफर अफ दि इयर** कविराज गहतराज (कुटुमा कुटु)

**प्लेब्याक सिंगर अफ दि इयर (मेल)** सुगम पोखरेल, भन्छु आज, (म यस्तो गीत गाउँछु), **प्लेब्याक सिंगर अफ दि इयर (फिमेल)** मेलिना राई, (कुटुमा कुटु), **अन स्क्रिन कपल अफ दि इयर** रमेश उप्रेती र दीपिका प्रसाईं (ऐश्वर्य), **म्युजिक डिरेक्टर अफ दि इयर**अर्जुन पोखरेल (भन्छु आज, म यस्तो गीत गाउँछु)

**एक्ट्रेस अफ दि इयर** नीता ढुङ्गाना (पञ्चायत), **एक्टर अफ दि इयर,**नाजिर हुसेन (तिमीसँग), **डाइरेक्टर अफ दि इयर** नवराज बुढाथोकी (भुइँमान्छे), **फिल्म अफ दि इयर** (तिमीसँग), **क्रिटिक्स एवार्ड** पुष्पल खड्का (मंगलम), **लाइफटाइम एचिभमेन्ट एवार्ड** किशोर राना

## जापानमा सूर्य एवार्ड



जापानको टोकियोमा आयोजित सूर्य इन्टरनेसनल एवार्ड-२०१८ मा पल शाह तथा पूजा शर्माले चलचित्र 'म यस्तो गीत गाउँछु' बाट उत्कृष्ट अभिनेता-अभिनेत्रीको एवार्ड जितेका छन् । उत्कृष्ट निर्देशकको एवार्ड पनि यही चलचित्रका सुदर्शन थापाले जिते भने प्रशान्त ताम्राकार तथा वर्षा राउतले सह-अभिनेता/अभिनेत्रीको एवार्ड हात पारे । लोकप्रियताका आधारमा अनमोल केसी, साम्राज्ञी राज्यलक्ष्मी शाह, निर्देशक प्रदीप भट्टराई तथा चलचित्र छक्का पन्जा-२ उत्कृष्ट भए । समारोहमा बसुन्धरा भुसाललाई लाइफ टाइम एचिभमेन्ट एवार्ड प्रदान गरियो भने भुवन केसीलाई कलाकारिता सम्मान प्रदान गरियो । लोकगीततर्फ गायक रामजी खाँड र सम्झना लामिछाने उत्कृष्ट भए भने पपतर्फ कमल खत्री तथा इन्दिरा जोशी उत्कृष्ट घोषित भए । यसैगरी आधुनिक गीततर्फ राजेशपायल राई र मेलिना राईले एवार्ड प्राप्त गरे ।

# आँचल शर्मा



Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान
लोकेसन : डाइनिङ पार्क रेस्टुरेन्ट, बानेश्वर
पहिरन : पिजेज कलेक्सन, सिभिल मल
मेकअप : जुलेखा खान


सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक



# टिनाको नेपाली भाषा

सन् २०१५ मा प्रदर्शन भएको पञ्जाबी चलचित्र 'सेकेन्ड हेन्ड हस्बेन्ड' मा अभिनय गरेर बलिउड अभिनेता गोविन्दाकी छोरी टिना आहुजाले अभिनयप्रतिको आफ्नो रुचि व्यक्त गरिसकेकी छिन् । बलिउडमा पदार्पण गर्न बाँकी रहे पनि उनी आफू हिन्दी गीतका म्युजिक भिडियोमा सक्रिय रहेको बताउँछिन् । आइतबार काठमाडौंमा आयोजित सिने सर्कल एवार्डमा सहभागी हुन बुवा गोविन्दासँगै काठमाडौं आएकी टिनाले त्रिभुवन विमानस्थलको अति विशिष्ट कक्षमा नेपाली सञ्चारकर्मीहरूलाई आश्चर्यचकित तुल्याइन् । गोविन्दाको कुरा सकिएपछि सञ्चारकर्मीले टिनालाई बोल्न आग्रह गर्दै नेपाली भाषाका बारेमा जिज्ञासा राखे । टिनाले पनि निर्धक्क रूपमा आफूले नेपाली राम्रोसँग बुझ्ने मात्र होइन नेपाली भाषामै बोलेर नेपाली बोल्न आउने कुरा समेत व्यक्त गरिन् । त्यसअघि गोविन्दाले पनि नेपाली बुझ्ने बताइसकेका थिए भने टिनाले त मुम्बईस्थित घरमा आफ्नी आमा सुनितासँग प्रायः नेपाली भाषामै कुराकानी हुने समेत बताइन् । गोविन्दाले कुनै न कुनै दिन नेपाली चलचित्रमा अभिनय गर्ने वाचा गरिरहेका बेला कुनै नेपाली निर्देशकले टिनासमक्ष नेपाली चलचित्रमा अभिनय गर्ने प्रस्ताव पो राख्ने हो कि ? आखिर उनी नेपालीहरूकी भान्जी न हुन् ।



# दंग प्रमोद

निर्देशक संगीता श्रेष्ठको चलचित्र 'कथा काठमाडौं' प्रदर्शनको संघारमा छ । चलचित्रको एउटा गीत तथा ट्रेलर विवादमा आएपछि अभिनेत्री प्रियंका कार्की कथा काठमाडौंको प्रचार-प्रसारबाट पछि हटेकी छिन् । त्यही सामग्रीमा अभिनय गर्ने अभिनेता प्रमोद अग्रहरि भने प्रियंकाको ठिक विपरीत उक्त भूमिकाप्रति उत्साहित छन् । प्रमोदले उक्त अभिनयलाई कलाकारको धर्म मानेका छन् । 'त्यो दृश्यले मेरो अभिनय करियरलाई नराम्रो गर्ला जस्तो लाग्दैन, प्रमोद भन्छन्- 'कलाकार भएपछि हरेक किसिमको चरित्र निर्वाह गर्नुपर्छ ।' अधिकांशले उक्त दृष्यलाई अश्लील माने पनि प्रमोद भने त्यसले समाजलाई एक प्रकारको सन्देश दिने तर्क गर्छन् । यद्यपि प्रमोदले पनि पहिलो पटक गीत हेर्ने दर्शकले त्यसमा छाडापन देखेको अनुभव गरेका छन् । 'गीतमा कथा, क्यारेक्टर र पीडा फेला पार्न थालेपछि दर्शकहरूले हाम्रो चलचित्रको प्रतिक्षा गर्न थालेका छन्, प्रमोदका अनुसार पछिल्ला ६ वर्षको अविधमा उनले अभिनय गरेका झन्डै डेढ दर्जन चलचित्रमध्ये कथा काठमाडौंको उनको गेटअप, व्यक्तित्व, भाषा तथा मनोविज्ञानमा आकाश-जमिनको अन्तर छ ।

# सुस्मिताको इन्गेजमेन्ट



भुवन केसीसँग छुट्टिएर एक्लो जीवन बिताइरहेकी अभिनेत्री सुस्मिता बम्जनले दक्षिण भारतीय नागरिक किलन स्वामीसँग इन्गेजमेन्ट गरेकी छिन् । गत ९ सेप्टेम्बरमा आफूले स्वामीसँग इन्गेजमेन्ट गरेको सुस्मिता आफैंले खुलासा गरेकी हुन् । उनका हुनेवाला श्रीमान् स्वामी अस्ट्रेलियामा बस्दै आएका छन् । बुझिएअनुसार उनीहरू एक वर्षदेखि अफेयरमा थिए । सुस्मिता तथा स्वामीले पारिवारिक सहमतिमै इन्गेजमेन्ट गरेको बताइन्छ । उनीहरूले आगामी भ्यालेनटाइन डेका दिन विवाह गर्ने बताइएको छ । सुस्मिता सन् २००१ मा अभिनेता भुवन केसीसँग छुट्टिएपछि छुट्टै डेरा लिएर बस्दै आएकी थिइन् । म त तिम्रै हुँ, नेपाली बाबु, करोडपति, सुपरस्टार आदि चलचित्रमा अभिनय गरेकी सुस्मीताका पुर्व श्रीमान् भुवन भने अर्की अभिनेत्री जिया केसीसँगको लिभिङ टुगेदरमा छन् । सुस्मिता र भुवनलाई मिलाएर राख्न उनीहरूका सुपरस्टार पुत्र अनमोल केसीले निकै प्रयास गर्दै आएका थिए ।

ब्याक बाइट

# श्रीमान्को कुरा काट्दै झरना थापा



अभिनेत्री झरना थापालाई निर्देशक बनाउने एक मात्र व्यक्ति हुन् चलचित्र निर्माता सुनिलकुमार थापा । श्रीमान्कै कारण चलचित्र क्षेत्रमा स्थापित भएको कुरा बताउँदै आएकी झरनाले साप्ताहिकमार्फत आफ्ना श्रीमान्का राम्रा तथा सुधार्नु पर्ने पक्षका बारेमा यसरी बताएकी छिन् ।

## झरना थापा

राम्रो पक्ष

- समयप्रति जिम्मेवार
- सहयोगी भावना
- गल्ती स्वीकार गर्न सक्ने क्षमता
- परिवारलाई समेटेर राख्न सक्ने
- सरसफाइमा ध्यान दिने ।

सुधार्नुपर्ने पक्ष

- झनक्क रिसाउने
- भविष्य नसोच्ने, क्षणिक मात्र सोच्ने
- जिस्कँदा चिमोटेर कुरा गर्ने
- एक्सरसाइज गर्न अल्छी गर्ने
- चाहिनेभन्दा बढी सरसफाई खोज्ने ।



## उपन्यासकार अभिनेत्री

अभिनेत्री सोबिता सिम्खडा अहिले आफ्नो परिचय परिवर्तन गर्ने क्रममा छिन् । केही वर्ष चलचित्रमा सक्रिय यी अभिनेत्री अब उपन्यासकारका रूपमा दर्शकमाझ आउन लागेकी हुन् । केही दर्जन म्युजिक भिडियोमा समेत अभिनय गरेकी सोबिता यसै साता आफ्नो पहिलो उपन्यास 'वराङ्गना' मार्फत पाठकमाझ आउँदै छिन् । धादिङको गुम्दीमा जन्मिएकी सिम्खडाले उक्त उपन्यासमा आफू जन्मी-हुर्किएको सेरोफेरो, कथित उपल्लो र तल्लो जातिबीचको विभेद, प्रेम, राजनीति, सामाजिक कुरीतिजस्ता विषयहरू समेटिएको बताएकी छिन् । दर्शन शास्त्रमा स्नातकोत्तर गरेकी सोबिताले उक्त उपन्यास लेखनमा तीन वर्ष खर्चिएकी छिन् । उपन्यासको आवरण तथा ट्रेलरसमेत सार्वजनिक भैसकेको छ । ओशोकी अनुयायी सोबिता आफूलाई संन्यासीका रूपमा समेत चिनाउन चाहन्छिन् ।





## कसका लागि व्रत ?

महान् चाड हरितालिका तीजमा महिलाहरू निराहार व्रत बसे । विवाहितहरू आफ्नो श्रीमान्‌को दीर्घायु एवं सुस्वास्थ्यको कामना गर्दै व्रत बसे भने अविवाहितहरू राम्रो पति पाउने कामनाका साथ व्रत बस्ने मान्यता छ ।

आमनेपाली महिलाजस्तै अभिनेत्री नीता ढुङ्गाना पनि तीजमा निराहार व्रत बसिन् । अविवाहित भएकाले नीताको आशा पनि राम्रो पति पाउने नै हो । केही समयअघिसम्म नीताको प्रेमसम्बन्धको चर्चा भए पनि अहिले भने त्यस्तो सम्बन्धका बारेमा खासै चर्चा हुँदैन । नीताले सामाजिक सञ्जालमा अभिव्यक्त गरेका कुराले पनि उनी सिंगल नै छिन् भन्ने दर्साउँछ । उनले तीजको व्रतको दिन फेसबुकमा कोही त होला, कतै त होला, उसैका लागि बसिदिएँ व्रत– ओम नमः शिवाय भन्दै एउटा पोस्ट गरेकी थिइन् । यसबाट पनि नीता सिंगल नै छिन् भन्ने प्रस्ट हुन्छ । अब हामी पनि नीता सिंगलबाट मिंगल हुन् भन्ने कामना गरौं ।

## साम्राज्ञीको एटिच्युट

१२ बजे प्रेस मिट गर्ने भनिएपछि बुटवलका पत्रकार चलचित्र 'इन्टु मिन्टु लन्डनमा' को टिमलाई कुरेर बसिरहेका थिए । 'इन्टु मिन्टु लण्डनमा'का कलाकार सिंह कम्प्लेक्सस्थित फुड कोर्टमा उपस्थित त भए, तर प्रशंसकहरूले घेरेपछि प्रेस मिट ट्राफिकचोकस्थित झिमा होटलमा सारियो । यद्यपि निर्देशक रेनशा वान्तवा राई तथा कलाकार धीरज मगर प्रेस मिट प्रारम्भ हुनुअघि नै भैरहवा हुँदै काठमाडौं उडे । यता अभिनेता शाहरूख ताम्राकार तथा अभिनेत्री साम्राज्ञी मात्र उपस्थित भएको पत्रकार सम्मेलन ५ मिनेट पनि चलेन । साम्राज्ञी निकै हतार भएको भन्दै शाहरूखलाई जानकारीसमेत नदिई भैरहवा एयरपोर्टतर्फ लागिन् र काठमाडौं फर्किइन् । साम्राज्ञीले सँगै जाऊँ समेत नभनी काठमाडौं फर्किएपछि शाहरूख रिसले चुर भए । शाहरूख पनि तुरुन्तै मिनीबस चढेर काठमाडौं हिँडे । साम्राज्ञीले सँगै जाऊँ भनेको भए के हुन्थ्यो ? शाहरूख पत्रकारहरूसँग दुःखेसो पोख्दै थिए, 'मोफसल घुम्दासम्म सँगै भएको मान्छेले कम्तीमा म जाँदैछु भनेर खबर त गर्नुपर्छ नि, क्या अजीवको मान्छे यार !' साम्राज्ञी कहिले पत्रकार सम्मेलनमा ढिला उपस्थित हुने, कहिले पत्रकारसँग कराउने, कहिले सुटिङ सेटमा ढिला उपस्थित भएर किच-किच गर्ने, कहिले अन्तर्वार्ताका लागि समय दिएर अन्तिम समयमा आएर सरी भन्ने व्यवहारका कारण बारम्बार विवादमा तानिइरहन्छिन् । साम्राज्ञीको दिमागमा कहिले घाम लाग्ला बरै !

मेरो रोजाइ

## एक्सन सुहाउने अभिनेताहरू



● हिमाल केसी, द्वन्द्व निर्देशक

श्याम भट्टराईद्वारा निर्देशित 'मर्यादा' बाट प्रारम्भ भएको द्वन्द्व निर्देशक हिमाल केसीको एक्सन-कटको करियर पछिल्लो चलचित्र 'यात्रा' सम्म आइपुग्दा १ सय ८५ कटेको छ । यो अवधिमा हिमालले प्रायः सबै नेपाली अभिनेतालाई फाइट गराइसकेका छन् । उत्कृष्ट द्वन्द्व निर्देशन गरेर दर्जनौं एवार्ड जितिसकेका हिमालले वर्ष २०७३ मा मात्र चलचित्र 'भैरव' का लागि नौ वटा एवार्ड थापेका थिए । प्राकृतिक शैलीको द्वन्द्व निर्देशन गरेर स्थापित भएका हिमाल चलचित्र 'पिंजडा ब्याक अगेन' मार्फत निर्देशनको क्षेत्रमा समेत सक्रिय भएका छन् । आगामी माघ महिनादेखि दोस्रो चलचित्रको निर्देशनमा सक्रिय हुने हिमालले द्वन्द्वमा अब्बल पाँच अभिनेता यसरी छनोट गरेका छन् ।

### निखिल उप्रेती

निखिल उप्रेतीको मुभमेन्ट लोभलाग्दो छ । निखिल रियालिस्टिक तथा नेचुरल एक्सनमा फिट छन् । कुनै पनि दृश्य दिन उनी डराएको अनुभव मैले गरेको छैन ।

### राजेश हमाल

अभिनेता राजेश हमालको शारीरिक बनावट नै आकर्षक छ । अग्लो कद अनि वलिष्ट शरीरका कारण हमालले १५-२० जना फाइटरलाई सजिलै ढलाएको देखाउँदा समेत फरक पर्दैन ।

### विराज भट्ट

विराज भट्टको शारीरिक बनावट पनि एक्सन हिरोको जस्तै छ । उनी द्वन्द्वका दृष्यमा बाघ अथवा सिंह जस्तै डरलाग्दा देखिन्छन् । खासगरी एक्सनका लागि दौडने क्रममा उनी डरलाग्दा देखिन्छन् ।

### आर्यन अधिकारी

नयाँ पुस्ताका यी अभिनेता पनि द्वन्द्वका दृष्यमा अब्बल छन् । आर्यनको पञ्चिङ एक्सप्रेसन डरलाग्दो मात्र होइन, प्राकृतिक पनि लाग्छ ।

### सलिनमान बनियाँ

यी नयाँ अभिनेता अभिनयसँगै द्वन्द्वका विषयमा समेत राम्रो अध्ययन गरेर आएका छन् । अहिलेको पुस्तालाई जस्तो एक्सन मन पर्छ, उनी त्यही शैलीमा अब्बल छन् ।

प्रस्तुति : कृष्ण भट्टराई

आर्युवेद शिक्षा

# को हुन बीएएमएस डाक्टर ?



डा. रुपेश सोनाम



बिहान सबेरै उठिन्थ्यो तर आज अलि ढिला उठियो । हिजोको लामो यात्राको थकान भएर होला । बीएएमएसको साढे पाँच वर्षको अन्तिम परीक्षा दिएर घर आएको थिएँ । लामो समयपछि घर आएको खुसी बेग्लै थियो । नित्यकर्म गरेर बजार घुम्न निस्किएँ । बाटामा एक जना नजिकका काका भेटिनुभयो । 'ओहो ! काका नमस्कार !' मैले सम्बोधन गरे । काकाले 'न..म..स्कार......!!' भन्दै एकछिन ट्वाल्ल परेर मेरो अनुहारतिर हेर्नुभयो । 'चिन्नु भएन कि क्या हो ?' मैले सोधें । 'ए ! ए ! (मेरो कुममा हात राख्दै) चिनें-चिनें, किन नचिन्नु बाबुलाई ।' काकाको अनुहारमा अलिकति चमक देखियो । 'ल आऊ ! चिया पिऊँ न त है ?' म केही नबोली काकाको पछि लागे । नजिकको पसलमा 'काकाले दुईवटा चिया है साउजी' भन्दै चिया मगाउनुभयो । काका सरकारी जागिरे हुनु, त्यो बेलामा पनि स्नातक गरेका ।

मुडा तान्दै काकाले सोध्नुभयो, 'बाबु कहाँ छौ आजभोलि ? के पढ्छौ ?' 'म काठमाडौं छु, डाक्टर पढ्छु काका ।' 'ए ! एमबीबीएस पढेको ?' 'होइन बीएएमएस,' मैले उत्तर दिएँ । काकाले फेरि सोध्नुभो, 'के हो नि यो बीएएमएस भनेको ?' 'आयुर्वेदिक डाक्टर, ब्याचलर अफ आयुर्वेदिक मेडिसिन एन्ड सर्जरी भनिन्छ काका ।' काका र मेरो प्रश्नोत्तर चलिरहयो । काकाले फेरि जिज्ञासा जनाउँदै सोध्नुभो, 'अनि कति ? तीनवर्षे कोर्स हो ?' 'होइन नि काका, साढे पाँच वर्षको हो ।' 'ए ! साढे पाँचै वर्षको पो हो ?' काकाले नौलो कुरा सुनेझैं गरी भन्नुभो ।

म मात्र होइन, आयुर्वेद पढ्ने प्रायः सबैजसो विद्यार्थीले यस्तो प्रश्नको सामना गरिरहेका हुन्छन् । आयुर्वेद पढेका डाक्टर पनि हुन्छन् भन्ने धेरै कमलाई मात्र थाहा छ । डाक्टर भनेको एमबीबीएस मात्र हो भन्ने बुझाइ जनमानसमा रहिआएको छ । काकाजस्तो पढेलेखेको मान्छेलाई त बीएएमएसका बारेमा थाहा छैन भने साधारण मानिसलाई जानकारी नहुनु सामान्य नै हो । मलाई भने आज काकालाई राम्रोसँग कुरा बुझाउनुपर्‍यो भन्ने लागिरहेको थियो । 'ल ! चिया लिनुस्,' साउजीले हातमा चिया थमाइदिए । 'अँ ! हामी कहाँ थियौ रे ?' चियाको चुस्की लगाउँदै काकाले सोध्नुभो ।

'अँ ! काका सुन्नुस्, हजुरले भनेको तीनवर्षे कोर्सचाहिँ कविराजको हो । आयुर्वेद अध्यापनका पनि विभिन्न तह छन् । वैद्य, कविराज र बीएएमएस यसअन्तर्गत पर्छन्, जसमध्ये वैद्य १८ महिने, कविराज ३ वर्षे र बीएएमएस साढे ५ वर्षे कोर्स हो । बाउबाजेका पालादेखि आयुर्वेदको अभ्यास गरिरहेकाहरूलाई बोलीचालीमा वैद्य भनिए पनि वैद्यको डिग्री भने आयुर्वेदको १८ महिने कोर्स गरेपछि मात्र प्राप्त हुन्छ ।'

काकाले बीचमै फेरि अर्को प्रश्न गर्नुभो, 'अनि बाबु ! यी सबैले डाक्टर लेख्न पाउँछन् तँ ?' 'पाउँदैनन् काका, बीएएमएसपछि मात्र हो डाक्टर लेख्न पाइने । त्रिभुवन विश्वविद्यालय तथा नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा साढे चार वर्ष शैक्षिक र एक वर्ष इन्टर्नसिप गरी जम्मा साढे पाँच वर्षको स्नातक तहमा बीएएमएसको अध्यापन हुन्छ । आयुर्वेद क्याम्पस, कीर्तिपुर, नेसनल आयुर्वेद मेडिकल कलेज, वीरगन्ज, केन्द्रीय आयुर्वेद क्याम्पस, दाङ तथा मिथिला आयुर्वेद कलेज, जनकपुर र पतञ्जली आयुर्वेद कलेज, धुलिखेलमा बीएएमएसको अध्ययन-अध्यापन हुन्छ ।'

'अनि बाबु, बीएएमएस डाक्टरले सबै कुरा जानेका हुन्छन् त ?' काकाले प्रश्न गर्नुभयो ।

'जानेका हुन्छन् काका, बीएएमएस डाक्टरले पढ्ने क्रममा शरीर रचना (एनोटोमी) शरीर

> आयुर्वेद पढेका डाक्टर पनि हुन्छन् भन्ने धेरै कमलाई मात्र थाहा छ । डाक्टर भनेको एमबीबीएस मात्र हो भन्ने बुझाइ जनमानसमा रहिआएको छ । काकाजस्तो पढेलेखेको मान्छेलाई त बीएएमएसका बारेमा थाहा छैन भने साधारण मानिसलाई जानकारी नहुनु सामान्य नै हो । मलाई भने आज काकालाई राम्रोसँग कुरा बुझाउनुपर्‍यो भन्ने लागिरहेको थियो ।



क्रिया (साइकोलोजी), विकृति विज्ञान (प्याथोलोजी), अगद तन्त्र (टोक्सोलोजी एन्ड फोरेन्सिक साइन्स), स्वास्थ्यवृत्त (प्रिभेन्टिभ एन्ड सोसल मेडिसिन), द्रव्य गुण (फार्माक्लोजी), शल्य (सर्जरी), स्त्री तथा प्रसूति तन्त्र (अब्स्ट्राटिकब एन्ड गाइनोक्लोजी), शालाक्य तन्त्र (इएनटी, अप्थमोलोजी), कौमारभृत्य (पेड्याट्रिक्स), कायचिकित्सा (इन्टरनल मेडिसिन), आत्यायिक चिकित्सा (इमर्जेन्सी मेडिसिन), बिरामी जाँच आदि अन्य विषयहरू प्राचीन(आयुर्वेदिक) का साथै अर्वाचिन (एलोप्याथिक) पद्धतिबाट पढेका र जानेका हुन्छन् ।'

'ए ! हो र ?' काकाले अलि आश्चर्यमा परेझैं गरी सोध्नुभयो ।

'यति मात्र होइन काका, निरामय जीवनका लागि रात्रिचर्या, दिनचर्या, ऋतुचर्याका साथै आहार-विहारका सम्बन्धमा पनि पढ्नुपर्छ । विभिन्न रोगका साथै स्वस्थ रहन आवश्यक योग चिकित्सा तथा पञ्चकर्म चिकित्साका बारेमा समेत पढ्नुपर्छ । पञ्चकर्मअन्तर्गत स्नेहन (Oleation), स्वेदन (Sudation), वमन (Emesis), विरेचन (Purgation), बस्ती (Enema), नस्य, जलौका (Leech Therapy) को प्रयोगको ज्ञान पनि आयुर्वेद चिकित्सकलाई हुन्छ,' -मैले थपें ।


मेरो उत्तर नसकिँदै काकाले अर्को प्रश्न गर्नुभयो, 'ए ! त्यसो भए त आयुर्वेद डाक्टरलाई रोग नलाग्दा पनि भेट्नुपर्ने रहेछ ?' 'हो नि काका, आयुर्वेद चिकित्सकलाई रोगको उपचार गर्न मात्र नभै स्वस्थ जीवनको परामर्शका लागि समेत भेट्न सकिन्छ ।' मैले मुस्कुराउँदै उत्तर दिएँ ।

'अनि बाबु, आयुर्वेदमा विशेषज्ञ डाक्टरचाहिँ हुन्छन् कि हुँदैनन् ?' काकाले फेरि प्रश्न गर्नुभयो । हुन्छन् नि काका, किन नहुनु ? कायचिकित्सा, शल्य, शालाक्य, कौमारभृत, स्त्री तथा प्रसूति आदि विभिन्न संकायमा एमडी गरेका विशेषज्ञ हुन्छन् । नेपालमा भन्दा पनि हाम्रो छिमेकी देश भारतमा आयुर्वेदको निकै विकास भएको छ । नेपालमा अहिले कायचिकित्सामा मात्र एमडी गर्न सकिन्छ भने अरू सबैका लागि भारततै जानुपर्छ,' -मैले भनें ।

'अनि बाबु यसमा शल्यक्रिया हुन्छ कि हुँदैन ?' काकाले पुरानै शैलीमा सोध्नुभयो । 'हुन्छ नि काका ! शल्यक्रियाको सुरुवात नै आयुर्वेदका आचार्य सुश्रुतले गर्नुभएको हो । उहाँ शल्यक्रियाका पिताका रूपमा पनि चिनिनुहुन्छ । बीएएमएस डाक्टरले गर्ने भनेको सामान्य शल्यक्रिया मात्र हो । सामान्य घाउ सिलाउनेदेखि लिएर क्षारकर्म, अग्निकर्म, सिरावेध आदि बीएएमएस डाक्टरले गर्ने शल्यक्रिया हुन । अहिले नेपालमा भने क्षारसूत्रविधिबाट पाइल्स तथा फिस्टुलाको शल्यक्रिया विशेष रूपमा गरिन्छ । सर्जन नै हुन भने तीन वर्षको एमएसइन शल्य तन्त्र पढ्नुपर्छ ।' मैले यति भन्दा काकाले केही बुझेझैं गरिरहनुभएको थियो ।

'मैले बुझ्न नसकेको एउटा कुरा बाबु, त्यो गाउँघरमा जडीबुटी बेच्दै हिँड्ने पनि आयुर्वेद डाक्टर हुन् र ?' काकाले चियाको गिलास भुइँमा राख्दै सोध्नुभयो । 'होइनन् काका, आयुर्वेद डाक्टर त्यसरी हिँड्दैनन् । गाउँ-गाउँमा म आयुर्वेद डाक्टर हुँ भन्दै हिँड्नेहरू नभेटिने होइनन्, भेटिन्छन् । उनीहरूलाई तपाईंसँग कुन डिग्री छ भनेर सोध्दा त्यसको उत्तर हुँदैन । अझ सोध्दै जाँदा दुई-चार महिना ट्रेनिङ गरेको भन्न पनि पछि पर्दैनन्, जसलाई रोगको सामान्य ज्ञानसमेत हुँदैन । यस्ता मानिसहरूबाट आयुर्वेदको नाममा धेरै बिरामी ठगिँदै आएका छन । यस्तै गाडी-गाडीमा ग्यास्ट्रिक, गानोगोला, जन्डिस आदिको औषधि, ग्यारेन्टीका साथ उपचार भन्दै हिँडिरहेका पनि फेला पर्छन् । यसरी जाँच नै नगरी औषधि प्रयोग गर्दा विभिन्न जटिलताको सिकार भइन्छ । एक कुशल चिकित्सकले रोग कसरी लाग्छ, त्यसको जटीलता के हो, कुन अवस्थामा कुन औषधि प्रयोग गर्ने साथै विभिन्न औषधिको साइड इफेक्टका बारेमा सम्पूर्ण ज्ञान राखेको हुन्छ । तसर्थ, डाक्टरलाई जँचाएर मात्र औषधि प्रयोग गर्नुपर्छ र ग्यारेन्टी दिने उपचारको पछि लाग्नु हुँदैन ।' मेरो यति कुरा सुनेपछि काका दंग पर्नुभयो ।

'ल बाबु, मेरो अफिस जाने बेला भयो, भेट्दै गरौंला ।' मुडाबाट उठ्दै काकाले भन्नुभो । 'हुन्छ काका,' मैले नमस्कार फर्काएँ । काका चियाको पैसा तिरेर आफ्नो बाटो लाग्नुभयो । मलाई भने कताकता एक जनालाई भए पनि बीएएमएस डाक्टरका बारेमा विस्तृत जानकारी दिन पाएकोमा खुसी महसुस भैरहेको थियो ।



# एप्पलको डबल सिम आईफोन

एप्पलले पहिलो पटक दुईवटा सिमकार्ड लाग्ने आईफोन सार्वजनिक गरेको छ । गत साता अमेरिकाको सानफ्रानसिस्कोमा आयोजित विशेष कार्यक्रममा एप्पलले आईफोन एक्सएस, एक्सएस म्याक्स तथा एक्सआर मोडल सार्वजनिक गरेको हो जसमध्ये एक्सएस र एक्सएस म्याक्समा डबल सिम प्रयोग गर्न सकिन्छ । यी तीनवटै फोनमा फेस डिटेक्सन फिचर भएकाले यसलाई विशेष सुरक्षित मानिएको छ । आईफोन एक्सएस म्याक्सलाई हालसम्मकै ठूलो स्मार्ट फोन भनिएको छ किनभने यसमा ६.५ इन्चको स्क्रिन छ । यी नयाँ आईफोन सेप्टेम्बर २८ देखि विश्वका २१ वटा देशमा बिक्रीमा आउनेछन् ।

### आईफोन एक्सएस म्याक्स

आईफोन एक्सएस म्याक्समा ६ दशमलव ५ इन्चको ओएलईडी सुपर रेटिना एचडीआर स्क्रिन छ । यसमा नोच डिस्प्ले छ । यो फोन ए १२ बायोनिक प्रोसेसरबाट चल्छ । त्यसैगरी यसमा १२ र ७ मेगापिक्सलको ड्युअल क्यामेरा जडान गरिएको छ । यो फोन तीन कलरमा उपलब्ध हुनेछ, जसको मूल्य ६४ जीबीको १ हजार ९९ अमेरिकी डलर, २ सय ५६ जीबीको १ हजार २ सय ४९ अमेरिकी डलर तथा ५ सय १२ जीबीको १ हजार ४ सय ४९ अमेरिकी डलर तोकिएको छ ।

### आईफोन एक्सएस

आईफोन एक्सएसमा ५ दशमलव ८ इन्चको ओएलईडी सुपर रेटिना एचडीआर स्क्रिन छ भने यसको रिजोलुसन २४३६X११२५ पिक्सेल छ । आईफोन एक्स एसमा आईफोन एक्सको तुलनामा ३० मिनेट बढी ब्याट्री क्षमता छ । आईओएस १२ सफ्टवेयरयुक्त यो आईफोनमा ए १२ बायोनिक चिप तथा ७ नानोमिटर प्रोसेसर छ, जसका कारण यो सन् २०१७ का आईफोन भन्दा ३० प्रतिशत छिटो चल्ने दाबी गरिएको छ । थ्रीडी टच प्रेसर सेन्सिटिभ स्क्रिन तथा स्टेरियो साउन्ड यसका थप विशेषता हुन् । आईफोन एक्सएस ६४ जीबीको ९ सय ९९ डलर, २५६ जीबीको १ हजार १ सय ४९ अमेरिकी डलर तथा ५ सय १२ जीबीको १ हजार ३ सय ४९ अमेरिकी डलर पर्नेछ ।

### आईफोन एक्सआर

आईफोन एक्सआरमा एज टु एज ६ दशमलव १ इन्चको एलसीडी लिक्विड रेटिना डिस्प्ले छ । यसमा पनि नोच डिस्प्ले छ भने ए १२ बायोनिक चिपको प्रयोग गरिएको छ । यसमा वाइड एंगल लेन्स भएको १२ मेगापिक्सलको सिंगल रियर क्यामेरा छ । यसको ब्याट्री अरू आईफोनको तुलनामा बढी टिकाउ हुने दाबी गरिएको छ । यसमा होम बटन छैन । यसलाई चलाउन हेप्टिक टच नामक नयाँ फिचर्स प्रयोग गर्नुपर्छ भने यसमा थ्रीडी टच सपोर्ट पनि छैन । यसको बजार मूल्य ६४ जीबीको ७ सय ४९ अमेरिकी डलर, १ सय २८ जीबीको ७ सय ९९ अमेरिकी डलर तथा २ सय ५६ जीबीको ८ सय ९९ अमेरिकी डलर मूल्य तोकिएको छ ।

# स्पेस एक्सले चन्द्रमामा पर्यटक लाने




अमेरिकाको स्पेस एक्स नामक कम्पनीले पर्यटकहरूलाई चन्द्रमाको भ्रमणमा लाने भएको छ । स्पेस एक्सले यसका लागि बिग फाल्कन रकेट (बीएफआर) को प्रयोग गर्नेछ र त्यसका लागि बीएफआरलाई व्यापक सुधारसहित डिजाइन गरिएको छ ।

कम्पनीले बीएफआरको प्रयोगमार्फत चन्द्रमाको परिधिमा उड्न विश्वकै पहिलो यात्रुसँग सम्झौता गरिसकेको बताएको छ । अन्तरिक्षमा यात्रा गर्ने सपना बोकेका व्यक्तिका लागि यो एउटा प्रस्थानविन्दु हो । स्पेस एक्सले यस विषयमा थप विवरण सार्वजनिक गरेको छैन ।

टेस्ला विद्युतीय कार निर्माता कम्पनीका प्रमुख कार्यकारी समेत रहेका एलन मस्कले चन्द्रमाको परिधिमा यात्रु लाने घोषणा गरेको यो पहिलो घटना भने होइन । क्यालिफोर्नियाको यो कम्पनीले यसअघि पनि अन्तरिक्षमा पर्यटक लाने घोषणा गरेको थियो । सन् २०१७ को फेब्रुअरीमा स्पेस एक्सले सन् २०१८ को अन्त्यसम्ममा दुई जना पर्यटकलाई अन्तरिक्षमा पठाउने घोषणा गरेको थियो । स्पेस एक्सले हाल अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा आवश्यक सामग्री लाने काम गरिरहेको छ ।

# नाडीमा लगाउने स्मार्टफोन



चाइनिज कम्पनी नुबियाले नाडीमा लगाउन मिल्ने स्मार्टफोन सार्वजनिक गरेको छ । केही दिन पहिले जर्मनीको बर्लिनमा सम्पन्न आईएफए-२०१८ मा नुबियाले पहिलो पटक नाडीमा घडी जस्तै लगाउन सकिने स्मार्टफोन प्रदर्शन गरेको थियो । उक्त स्मार्टफोनको नाम नुबिया अल्फा राखिएको छ । यसमा कब्र्ड ओएलईडी टचस्क्रिन डिस्प्ले तथा फ्रन्ट क्यामेरा छ । क्यामेराका साथमा माइक्रोफोन तथा बटन सपोर्ट उपलब्ध छ । यसमा फ्लेक्जिबल डिस्प्ले टेक्नोलोजीको फ्लेक्स राखिएको छ । फोनको पछाडिको भागमा चार्जिङ पिन्स तथा हार्ट रेट सेन्सर प्रयोग गरिएको छ । उक्त वेयरेबल स्मार्टफोनमा मेटल स्ट्राप प्रयोग गरिएको छ । यद्यपि यसका अन्य विशेषताका बारेमा भने अरू कुनै जानकारी दिइएको छैन ।

# भविष्यको ड्राइभरलेस गाडी




अब यस्ता दिन पनि नजिक आउँदै छन्, जसमा मानिसको सम्पर्कबिनै रेष्टुराँको खाना खान सकिनेछ । एउटा ड्राइभरलेस अर्थात् मानिस नै नभएको कारले रेस्टुराँको मीठो खान लिएर आउनेछ र फर्कनेछ । उक्त खानाको पैसा तिर्न रेस्टुराँ पनि पुग्नुपर्ने छैन । गाडीमै भएको भेन्डिङ मेसिनमार्फत पैसा तिर्न सकिने छ । ड्राइभरलेस डेलिभरी भेइकलमा तापक्रम समेत नियन्त्रणमा राख्न सकिन्छ । त्यसैगरी यसमा भएको स्मार्ट भेन्डिङ मेसिनमा सेल्फीको सहायताले पैसा तिर्न सकिन्छ ।

यो एक प्रकारको दुई सिटे कार हो । चीनमा सम्पन्न स्मार्ट चाइना एक्स्पोमा यसको प्रदर्शन गरिएको थियो । उक्त ड्राइभरलेस गाडीको निर्माण मिचुआन नामक कम्पनीले गरेको हो । एक्सपोमा आगामी एक-दुई वर्षमै बजारमा उपलब्ध हुने टेक्नोलोजी तथा इनोभेसनहरू प्रदर्शन गरिएका थिए । यसमा ५ सय राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रदर्शनकर्ताहरूको उपस्थिति थियो । २८ देशका भिजिटर उक्त प्रदर्शन अवलोकनका लागि चीन पुगेका थिए ।

# भोक चार्जिङ प्रविधि


स्मार्टफोनको बहुआयामिक चारित्रिक विशेषता तथा असंख्य उपयोगिताका कारण अहिले यसको पहिचान फोन गर्ने वा उठाउने तथा सन्देश पठाउने साधनका रूपमा मात्र सीमित छैन । यसको फैलँदो उपयोगिताका कारण अहिले स्मार्टफोनको ब्याट्रीलाई पनि यसको एक प्रमुख अंगका रूपमा लिइन्छ । साधारणतया ठूला ब्याट्री भएका फोन स्वभाविक रूपमा लामो समयसम्म टिक्छन्, तर तिनलाई पूर्ण रूपमा चार्ज गर्न उत्तिकै समय पनि लाग्छ । यही समस्याको समाधानका लागि विभिन्न फास्ट चार्जिङ प्रविधिहरू विकसित गरिएका छन् । फास्ट चार्जिङको कुरा गर्दा ओपोको भोक फ्ल्यास चार्ज प्रविधिलाई स्मार्टफोन उद्योगकै उत्कृष्ट प्रविधिका रूपमा लिइन्छ । यसले साधारण ३ हजार एमएएचको ब्याट्रीलाई मात्र ३० मिनेटमा ७५ प्रतिशत चार्ज गर्ने क्षमता राख्छ ।

# गेमिङ लतबाट जोगाउने एप्स



बालबालिकालाई अनलाइन गेमिङको लतबाट जोगाउन टेक्नोलोजी कम्पनी टेन सेन्टले चीनमा कडा नियम बनाएको छ । सेप्टेम्बरको मध्यदेखि नै लागू हुने उक्त नियमअनुसार गेम खेल्ने बालबालिकाले आफ्नो वास्तविक नामबाटै रजिस्ट्रेसन गर्नुपर्नेछ । यदि उमेर कम छ भने रजिस्ट्रेसन हुँदैन र त्यसपश्चात् अनुगमन पनि गरिन्छ । संसारमै पहिलो पटक गेमिङका लागि यस प्रकारको पहल भएको हो । टेन सेन्टले चीनमा सोसल नेटवर्किङ साइट विच्याट पनि सञ्चालन गर्छ । अनर अफ किङ नामक गेम टेन सेन्टको सबैभन्दा बढी खेलिने गेम हो । उक्त खेल चीनको ऐतिहासिक महत्वको पात्रलाई आधार बनाएर डिजाइन गरिएको छ । यो गेम खेल्न मोबाइल प्लेटफर्म मात्र भए पुग्छ, कम्प्युटर चाहिँदैन । यसलाई सजिलै खेल्न अनि निःशुल्क डाउनलोड गर्न सकिन्छ । बालबालिकाले उक्त गेम खेल्न अत्यधिक चासो देखाएकाले कम्पनीले १२ वर्ष भन्दा कम उमेरका बालबालिकाका लागि १ घण्टा तथा १३ देखि १८ वर्षका किशोर-किशोरीहरूका लागि २ घण्टाको समय सीमा निर्धारण गरेको छ ।

पहिलो विश्व



# मुस्लिम महिलालाई अलग्गै तट

समुद्रमा रमाउनेहरूको संख्या बर्सेनि बढे पनि मुस्लिम महिलाहरूलाई भने समुद्री तटमा बिकिनी लगाएर घुम्न धार्मिक कानुनले नै वर्जित गरेको छ । इस्लामिक कानुनअनुसार महिलाले आफ्ना श्रीमान्बाहेक पर-पुरुषका अगाडि छोटो पहिरन लगाएर उपस्थित हुन पाउँदैनन् । यही कानुनका कारण मुस्लिम महिलाहरू बिकिनी लगाएर समुद्री तटमा उपस्थित हुन सकिरहेका थिएनन् ।

यो समस्याको समाधान हालै लेबनानको जियेह सहरस्थित समुद्री तटमा निस्किएको छ । स्थानीय एक क्लबको पहलमा उक्त तटमा पुरुषहरूको प्रवेश निषेध गरिएको छ । उक्त तटमा कुनै पुरुष प्रवेश गरे उसलाई २ हजार रुपैयाँ जरिवाना हुनेछ । यो व्यवस्थापछि मुस्लिम महिलाहरूले बिकिनी लगाएर घुम्नुको आनन्द उठाउन सक्नेछन् । त्यहाँ कुनै महिलाका ८ वर्षभन्दा मुनिका छोरालाई भने प्रवेश दिइनेछ ।

महिलाहरूलाई उक्त तटमा फोटो खिच्न भने प्रतिबन्ध लगाइएको छ । अहिले उक्त समुद्री तटमा बिकिनी लगाएर स्वतन्त्रताको अनुभव गर्ने मुस्लिम महिलाहरूको संख्या दिन प्रतिदिन बढिरहेको बताइन्छ ।

# ३१ वर्षपछि पर्स फिर्ता




एक बेलायती महिलाको हराएको पर्स ३१ वर्षपछि प्रहरीले उनको परिवारलाई हस्तान्तरण गरेको छ । सन् १९८७ मा लिकोन्सायरस्थित डिपिङ मार्केटमा ती महिलाको पर्स हराएको थियो । ती महिलाले आफ्नो पर्स फेला नपर्ने अनुमान गर्दै त्यसको कुनै सोधखोज गरिनन् । पाउने व्यक्तिले पनि उक्त पर्स कसको हो भन्ने कुनै भेउ पाएनन् । उक्त पर्स फेला पार्ने व्यक्तिले त्यसलाई नखोली सीधै घरमा लगेर राखे । हालै उनले पुराना सामानहरू यताउता गर्ने क्रममा ३० वर्ष पुरानो उक्त पर्स फेला पर्‍यो । त्यसपछि ती व्यक्तिले उक्त पर्स प्रहरीलाई बुझाए । प्रहरीले पनि ३० वर्ष अघि हराएको पर्स कसको हो भन्ने कुरा सोधखोज गरेर फेला पार्न असम्भव देखिएपछि फेसबुकमार्फत पर्स धनीलाई त्यसमा दाबा गर्न अपिल गर्‍यो ।

प्रहरीको उक्त अपिल आउँदासम्म पर्सकी वास्तविक धनी महिला यो संसारबाट बिदा भैसकेकी थिइन् । यद्यपि उनको अनुपस्थितिमा उनका श्रीमान् अघि सरे । उक्त पर्समा १०/१० पाउन्डका दुई पोलिमर नोट तथा केही सिक्का रहेको थियो ।

# शुक्रकिट बैंकको अफर

पश्चिमी मुलुकमा शुक्रकीट बैंकको अवधारणाले व्यापकता पाउँदै गएपछि त्यस्ता बैंकले दिने अफरमा समेत विविधता आउन थालेको छ । क्यालिफोर्नियास्थित क्राइओबैंक नामक शुक्रकीट बैंकले आफूले विश्वमा विभिन्न सेलिब्रेटीको अनुहारसँग मेल खाने किसिमका शुक्रकीटको व्यवस्था गरेको जनाएको छ । उक्त बैंकले कुनै पनि महिलाले आफूले जन्माउने सन्तान कुनै कलाकार, खेलाडी वा संगीतकार जस्तो देखियोस् भन्ने चाहन्छन् भने त्यस्तै अनुहारसँग मेल खाने व्यक्तिको शुक्रकीटको व्यवस्था मिलाउने जनाएको हो । कम्पनीको वेबसाइटमा भनिएको छ- हाम्रा अनुसन्धानकर्ताहरूले त्यस्ता अनुहारका मानिसको खोजी गर्छन् । यसमा हामीले शुक्रकिट दाताको उचाइ, आँखा, केश तथा छालाको रंग उल्लेख गर्ने गरेका छौं । इच्छुक महिलाहरूले तिनै पुरुषमध्ये आफूले चाहेको व्यक्ति छनोट गरेर उसको शुक्रकीट दान लिन सक्छन् ।



# अब साउदी एयरहोस्टेस

साउदी अरबको एयरलाइन्सले विश्वका विभिन्न मुलुकमा हवाई सेवा उपलब्ध गराउँछ । उक्त विमानका पाइलट, स्टेवार्ट साउदी मूलका हुन सक्छन् तर फ्लाइट एटेन्डेन्ट अर्थात् एयरहोस्टेस भने विदेशी मूलकै हुने गरेका छन् । यस्तो किनभने साउदी अरेबियाको इस्लामिक कानुनअनुसार त्यहाँका महिलालाई एयरहोस्टेजका रूपमा काम गर्न निषेध गरिएको छ ।

साउदी अरेबियाका राजकुमारले महिलाहरूमाथि रहेका विभिन्न प्रतिबन्धलाई खुकुलो बनाउदै लगेका छन् । केही महिना अघि राजकुमारले महिलाहरूलाई सवारी साधन चलाउन छुट दिने व्यवस्था गरेका थिए । परिणामस्वरूप अहिले सयौं महिलाले ड्राइभिङ लाइसेन्स लिएर साउदी अरेबियाको सडकमा आफ्ना सवारी साधन गुडाइरहेका छन् । एयरहोस्टेस बन्न पाउने कानुनलाई पनि राजकुमारले खुकुलो बनाएपछि अहिले साउदी अरेबियाका युवतीहरूमा यो पेसाप्रतिको आकर्षण बढिरहेको छ । हालै साउदी अरेबियाको एक एयरलाइन्सले एयरहोस्टेसका लागि आवेदन माग गर्दा २४ घण्टा पनि नबित्दै १ हजार युवतीले आवेदन दिएका थिए ।



# कोकाकोलालाई चित ख्वाउने ड्रिंक्स




कोकाकोलाको आधिपत्य संसारका अधिकांश मुलुकमा छ । अझ अमेरिका त कोकको जननी राष्ट्र नै भएका कारण कोकलाई अमेरिकामा आफ्नो लोकप्रियता खस्कने कुरामा कुनै शंका नरहेको वर्षौं भैसकेको छ । यद्यपि अहिले कोकको उक्त आधिपत्यलाई चुनौती दिन क्यानबिज कोक देखा परेको छ ।

क्यानबिजको अर्थ गाँजा भएका कारण गाँजा कोकले कोकाकोलाको निन्द्रा हराम गरिदिएको छ । यसबीच कोकाकोलाले क्यानबिज कोकको बिक्री-वितरणका विषयमा छलफल हुनुपर्ने आवाजसमेत उठाएको थियो । प्यास मेट्ने पेय पदार्थका रूपमा आफ्नो आधिपत्य कायम गरिरहेको कोकाकोलाको तुलनामा क्यानबिज कोकले इन्फेक्सन, पीडा र मर्किएको जस्ता समस्यामा समेत राहत प्रदान गर्ने दाबी गरेको छ । गाँजामा रहेको पिडा हटाउने तत्वलाई लिएर तयार पारिएको यो पेय पदार्थले बजार लिने पक्का भएपछि कोकाकोला त्यसको प्रतिवादमा उत्रिएको हो । कोकाकोला प्रतिवादमा उत्रिएपछि क्यानबिज कोकका विक्रेता तथा कोकाकोलाबीच भएको वार्तामा दुवै पक्ष क्यानबिज कोकलाई पुर्नताजगी दिने पेय पदार्थका रूपमा बिक्री-वितरण गर्न सहमत भएका छन् । यद्यपि क्यानबिज कोक बजारमा आउनुलाई नै अहिलेका लागि उसको ठूलो सफलताका रूपमा लिइएको छ ।



# रीतिका र कृष्णलाई कलिउड आइकन




फेसन फयाक्ट्रीले काठमाडौंमा आयोजना गरेको मिस्टर एन्ड मिस कलिउड आइकन-२०१८ को उपाधि रीतिका डंगोल एवं कृष्ण कामतले जितेका छन् ।

महिला तथा पुरुष गरी २१ जना प्रतिस्पर्धीले सहभागिता जनाएको यो प्रतियोगितामा गंगा केसी तथा अनमोल राना मगरले फस्ट रनर्सअप एवं रबिना खनाल तथा सुदीप राईले सेकेन्ड रनर्सअपको उपाधि हात पारे । यो प्रतियोगिताका क्रममा गीत, संगीत तथा नृत्य आदिको प्रस्तुतिसमेत समेटिएको थियो ।

# मिस मंगोल नेपाल





ललितपुरको जवलाखेलस्थित डिएभी कलेजको बुद्ध प्रेक्षालयमा सम्पन्न मिस मंगोल नेपालको २०१८ को संस्करणमा जाइम्‌ शेर्पा विजेता घोषित भएकी छिन् । प्रतियोगिताको दसौं संस्करणकी विजेता जाइम्ले मिस लिडरसिपको एवार्डसमेत हात पारिन् । १६ जना प्रतिस्पर्धी सहभागी यो प्रतियोगितामा प्रीति गुरुङ फस्ट रनर्सअप तथा पुनम शेर्पा सेकेन्ड रनर्सअप घोषित भएका थिए । प्रतियोगितामा अस्मिता बज्राचार्य ट्यालेन्ट, समिक्षा राई पब्लिक च्वाइस, इरोशा थापा मगर बेस्ट हेयर, सुमी थापा पर्सनालिटी, रक्षा थिङ फोटोजेनिक तथा प्रियंका राई बेस्ट स्किन एवार्डका विजेता चयन भएका थिए ।

# दोस्रो मिस्टर मकवानपुर

दोस्रो मिस्टर मकवानपुरको उपाधि अतीत श्रेष्ठले प्राप्त गरेका छन् । विभिन्न तौल समूहका ४४ जना प्रतिस्पर्धीमध्ये अब्बल ठहरिँदै अतीतले उपाधि जितेका हुन् । मकवानपुर शारीरिक सुगठन तथा फिटनेस संघद्वारा आयोजित उक्त प्रतियोगितामा यदुकुमार विश्वकर्मा फस्ट रनर्सअप तथा विनय थापा सेकेन्ड रनर्सअप घोषित भए । ५५ देखि ७० किलो भन्दा माथिका विभिन्न ६ तौल समूहको विजेता बन्दै ६ जना प्रतियोगी अन्तिम प्रतिस्पर्धामा उत्रिएका थिए ।

नगेन्द्र अधिकारी



# मिस एमिएसनमा २० जना

टच इन्टरटेमेन्ट तथा स्पर्श फिल्म्सले पहिलो पटक मिस एमियसन क्विनको आयोजना गर्ने भएका छन् । प्रतियोगिताका लागि यसै साता सम्पन्न अडिसनबाट एयर होस्टेसको प्रशिक्षण लिएका २० जना युवती ग्रान्ड फिनालेका लागि छनौट भएका छन् । यो प्रतियोगितामा १८ देखि २४ वर्ष उमेर समूहका युवतीहरू सहभागी छन् भने यसको फाइनल असोजको अन्तिम साता हुने बताइएको छ । निर्णायक प्रतियोगिताअघि प्रतिस्पर्धिहरू भैरहवास्थित टाइगर प्यालेस रिसोर्टमा ट्यालेन्ट सोमा सहभागि हुनेछन् ।

# मिस एरोमा पोखरा

डिमार्क क्रिएसनले आयोजना गरेको मिस एरोमा पोखरा-२०७५ को उपाधि पोखरा जिरो किलोमिटरकी कन्चन भुजेल क्षेत्रीले जितेकी छिन् । उक्त प्रतियोगितामा एनिरुथ फस्ट रनर्सअप तथा प्रियंका सिंह सेकेन्ड रनर्सअप घोषित भए भने अर्गनाइजर च्वाइसको पुरस्कार प्रीति मगर तथा भ्युअर च्वाइसको पुरस्कार अनिषा सुनारले जिते । ग्रान्ड फिनालेको थप आकर्षण विभिन्न कलाकारको गीत तथा नृत्य थियो ।



# मोडल हन्ट नेपाल



मोडल हन्ट नेपालको चौथो संस्करण सम्पन्न भएको छ । प्रतियोगितामा आशिष केसी तथा अदिति अधिकारी विजेता घोषित भएका थिए । आशिषले मिस्टर ओसियन तथा अदितिले सुपर मोडलमा नेपालका तर्फबाट सहभागि हुने अवसर प्राप्त गर्नेछन् भने दुवै जना कोरियामा हुने एलबिएमए एवार्डका लागि नेपाली प्रतिनिधि हुनेछन् । प्रतियोगितामा सुरज राजोपाध्याय र रुबिस्का श्रेष्ठ फस्ट रनर्सअप, मुनिर अहमद र हेलि गुरुङ सेकेन्ड रनर्सअप चयन गरिए ।




**मिस टिन कलेज-२०१८ :** मिस टिन कलेज-२०१८ को फाइनलमा आश्मा अधिकारीले बाजी मारेकी छिन् । प्रतियोगितामा श्रृषा अर्याल फस्ट रनर्सप तथा सरिष्मा ठकुरी सेकेन्ड रनर्सअप घोषित भए । उक्त प्रतियोगिता सिजन मिडियाको ब्यानरमा सञ्चालित थियो ।

# गर्ल्स डान्स च्याम्पियन



पोखरामा आयोजित पाँचौं संस्करणको एमडी गर्ल्स डान्स च्याम्पियनसिप-२०७५ को उपाधि पर्वतकी कृति गुरुङले जितेकी छिन् । पोखरा उद्योग वाणिज्य संघको हल गैह्रापाटनमा सम्पन्न अन्तिम प्रतिस्पर्धामा पुगेका ७ जनामध्ये कृति उत्कृष्ट घोषित भएकी हुन् । प्रतियोगितामा स्याङ्जाकी रचना थापा फस्ट रनर्सअप तथा बाग्लुङकी पुनम थापा मगर सेकेन्ड रनर्सअप भए भने बेस्ट डान्सरको पुरस्कार कास्कीकी जमुना देवकोटाले जितिन् । अडिसनमा भाग लिएका १ सय ९३ जनाबाट छानिएकाहरूलाई विभिन्न तालिम प्रदान गरी अन्तिम प्रतिस्पर्धामा उतारिएको एमडी डान्स ग्रुप्की व्यवस्थापक रञ्जना बुढाथोकीले बताइन् । फाइनलका क्रममा विष्णु गुरुङ, कुमार शर्मा, पूजा गुरुङ, रामचन्द्र ढकाल तथा रामकृष्ण श्रेष्ठको सांगीतिक प्रस्तुति पनि विशेष आकर्षणमा रह्यो ।

# रेन्टरटेनमेन्टको रमाइलो





पोखरामा 'रेन्टरटेनमेन्ट'को पाँचौं संस्करण सम्पन्न भएको छ । कृत्रिम पानीमा रुझ्दै डिजेको तालमा उर्फन पाउनु यो इभेन्टको विशेषता थियो भने प्राकृतिक रूपमा परेको पानीले वातावरण थप रमणीय तुल्यायो । लेकसाइडस्थित व्यञ्जन रेस्टुराँले आयोजना गरेको यो इभेन्ट वर्षा, संगीत, नृत्य एवं फेसनको फ्युजन थियो ।

यो इभेन्टको मुख्य आकर्षण मानिएको फेसन शोमा काठमाडौं तथा पोखराका मोडलहरूले विभिन्न किसिमका पहिरन प्रदर्शन गरे । जयनसुब्बा मानन्धरको कोरियोग्राफीमा दिव्या महर्जन, सोनिया विश्वकर्मा, मुस्कान गुरागाईं, निक्की श्रेष्ठ, श्रेया अधिकारी, पूजा रानाभाट, आशिका रानाभाट, सुस्मिना श्रेष्ठले र्‍याम्प वाक गर्दै दर्शकको ध्यान तान्‍ने । हाइ फेसन, क्लब वेयर तथा व्यञ्जन अफिसियल गरी तीन सिक्वेन्स प्रस्तुत भएका मोडलहरूले दर्शकको ध्यान खिच्न प्रसस्त मेहनत गरे । फेसन शोमा शो-स्टपरका रूपमा पूर्व मिस नेपाल शुभेच्छा खड्का उपस्थित थिइन् भने हरिषा बानियाँको बेली डान्सले दर्शकहरूलाई जोस्याएको थियो ।

राजाराम पौडेल




**कलेज ह्यान्डसम नेपाल :** पहिलो संस्करणको कलेज ह्यान्डसम नेपाल सम्पन्न भएको छ । सिजन मिडियाले आयोजना गरेको उक्त प्रतियोगिताको मुख्य उपाधिमा शिव आले विकेले कब्जा जमाए भने सुदर्शन श्रेष्ठ फस्ट रनर्सअप तथा निवोसराज वन्त सेकेन्ड रनर्सअप घोषित भए ।

साहित्य

# चर्चित पुस्तकहरू कसरी लेखियो ?







नरेन्द्र रौले

उपन्यासकार नयनराज पाण्डेले उलार लेखेको बीस वर्ष पूरा भैसकेको छ। उलारसँगै एउटा पुस्ता नै हुर्कियो। त्यही पुस्ताको हातमा उलार हुन्छ। जब यो दृश्यमा उपन्यासकार पाण्डेको नजर पर्छ, त्यतिबेला उनलाई सुखद आश्चर्य हुन्छ। आश्चर्य र आनन्दको त्यही अनुभूतिले कहिलेकाहीँ उनलाई २० वर्षअघिको एकदमै चिसो र झिसमिसे बिहानमा पुर्‍याउँछ।

पुस वा माघ महिनाको कुनै साधारण दिनको जाडोले लगलग काँपिरहेको बिहान। बाक्लो कुहिरोले काठमाडौंलाई पूरै धमिल्याएको थियो। सुन्धाराको हुलाक भवन अगाडि एउटा रात्रिबस कतैबाट आएर रोकियो। सम्भवतः तराईको कुनै जिल्लाबाट आएको थियो त्यो बस। त्यही बसबाट ओर्लियो दुःखी, पीडित र उपेक्षितजस्तो देखिने एक जना दुब्लो पातलो मधेसी युवक। ऊ एकछिन अलमलियो। ऊ उभिएको चिया पसलको दूध उम्लियो र पोखियो पनि अलिकति। पसले आत्तियो र चियाका गिलास पखालिरहेकी आफ्नी स्वास्नीसित झोक्कियो। त्यही बेला उक्त युवकले पसलेसित आफू पुग्नुपर्ने ठाउँ कता पर्छ भनेर सोध्यो, नम्रतापूर्वक अनि टुटेफुटेको नेपाली भाषामा। पसले पूरै तनावमा थियो। त्यसैले उसले युवकको प्रश्नको जवाफमा आफ्नो गुप्तांगतिर देखाउँदै भन्यो 'यी, यहाँ पर्छ, मूला मर्‍या।'

बस्, त्यही एउटा क्षण थियो, जसले मलाई उलार लेख्न उत्प्रेरित गर्‍यो। आफ्नै आँखाले मैले त्यो क्षण नदेखेको भए वा अनुभूत नगरेको भए सम्भवतः उलार लेखिने थिएन, –पाण्डे भन्छन्। उनलाई नेपालगन्जको झझल्को आयो। सुन्धारामा देखिएको त्यो मधेसी युवकसित उनको चिनजान थिएन। उनले कल्पना गरे, त्यो युवक मेरो नेपालगन्ज तिरको हुनुपर्छ। कुनै बाध्यताले काठमाडौं आएको होला। किनभने गरिब मधेसी काठमाडौं आउनुको अर्थ हो- ऊ सर्वोच्च अदालतसम्म पुगेको आफ्नो कुनै पुरानो मुद्दाको तारिख खेप्न आएको हो कि ऊ आफ्नो निर्वाचन क्षेत्रका विजयी सांसदसित कुनै सहयोगको आशामा आएको हो। पाण्डेले उलार पाँच सिटिंगमा र एउटै मुडमा लेखे। लेखिसकेपछि पाण्डेले त्यसमा परिमार्जन वा पुनर्लेखन भने गरेनन्। उलार २०५५ सालमा प्रकाशित भयो।

पाण्डे प्रायः दिउँसो लेख्छन्। उनलाई खाना खाइसकेपछिको समय लेख्न उपयुक्त लाग्छ। राति लेख्न त्यति सहज लाग्दैन। लेख्न बस्दा कालो चिया त कहिलेकाहीँ दूधको चिया पिउँछन्। उनलाई लेख्नका लागि घर नै एकान्त लाग्छ। पाण्डेको घर मूल सडकभन्दा भित्र भएकाले त्यहाँ होहल्ला हुँदैन। कहिलेकाहीँ एक्लै हुँदा खाना बनाउने, सरसामान किन्ने आदि काम पाण्डे आफैं गर्छन्। त्यसो गर्दा उनलाई रमाइलो पनि लाग्छ। लेख्न बस्दा उनी कहिलेकाहीँ अरूका पुस्तक पढ्छन्। त्यस क्रममा उनी आफूले लेख्न बसेको विधाभन्दा फरक विधाका पुस्तक पढ्छन्।

अमर न्यौपानेको मदन पुरस्कार प्राप्त कृति सेतो धरती कसरी लेखियो होला त ? धेरैले रुचाएको उक्त कृति लेखक न्यौपानेले चितवनको देवघाटका विधवा आमाहरूसँग कुराकानी गरेर लेखेका थिए। जब विधवाहरूसँग उनी पुराना प्रसंग झिक्न खोज्थे, उनीहरू 'बाबु, बिर्सिएका र खाटा बसिसकेका घाउहरू किन कोट्याउनुहुन्छ' भनेर उल्टै प्रश्न गर्थे। त्यतिबेला अमरको मन भारी पनि हुन्थ्यो। अब के गर्ने उनी सोच्नै सक्दैनथे। ती पात्रहरूका बारेमा लेखेर केही पाउने अपेक्षा पनि थिएन। ती पात्रहरूमध्ये धेरैजसो त निरक्षर नै थिए। गहिराइमा डुबेर लेखिएको त्यही पुस्तकले पछि गएर मदन पुरस्कार हात पार्‍यो। 'सेतो धरती' माथि चलचित्र निर्माण गर्न खोज्नेलाई अनुमति दिने तरखरमा छन्, अमर। उक्त पुस्तकका तीनमध्ये एक पात्रमाथि चलचित्र तयार गर्न सकिने उनी बताउँछन्।

पानीको घाम अमरको अर्को चर्चित पुस्तक हो। नेपालगन्ज बस्दा उनले पानीको घाम लेखे। जसमा सीमान्तकृत, गरिब तथा दीनदुःखीहरूकै कथा समावेश छ। 'धनी, ठूलाबडा र महलमा बस्ने मानिसको आवरण हुने भएकाले तिनको कथा लेख्न सकिँदैन।' न्यौपाने भन्छन्, 'मानहानि होला कि भन्ने डरले तिनलाई सोध्न र कोट्याउन पनि गाह्रो। शक्ति, सत्ता र सम्पत्ति भएका मानिसहरूसँग निकै जोगिएर कुरा गर्नुपर्छ।' अमरको नजरमा स्थलगत रूपमा गएर लेख्दा छुट्टै आनन्द प्राप्त हुन्छ। बेलाबेला उनलाई लाग्छ- पुस्तक पढ्नुभन्दा पनि मानिसको जीवन पढ्नु आनन्ददायक हुन्छ। विश्वका महान कृति पढ्नुभन्दा गरिब अथवा निम्न वर्गका सामान्य पात्रको जीवन पढ्नु निकै सुन्दर कुरा हो।

समर लभ युवा पुस्तामाझ चर्चित उपन्यास हो। लेखक सुबिन भट्टराईलाई समर लभको ड्राफ्ट पूरा गर्न तीन महिना लाग्यो। सुबिन कफी पिउँदै लेख्न रुचाउँछन्। लेखनका लागि घरकै वातावरण उपयुक्त लाग्ने उनी बताउँछन्। कतिपय बेला घरमा पनि भने डिस्टर्ब हुने उनको अनुभव छ। कुनै बेला मोनोटोनस हुँदा रिसोर्टतिर गएर लेख्ने गरेको उनी बताउँछन्। भट्टराईले समर लभ चितवनको जंगल सफारीमा १५ दिन तथा पोखराको रिसोर्टमा केही दिन बसेर फाइनल गरेका थिए। चितवनको सौराहास्थित रिसोर्टमा सुबिन बिहान अबेर उठ्थे अनि ब्रेकफास्ट गरेर दिनभर लेख्थे। बेलुका ५ बजेतिर ८ किलोमिटर जति साइकिलिङ गर्नु उनको त्यतिबेलाको दैनिकी थियो। एक्लै बस्थे कोठामा, शून्य लाग्थ्यो। त्यति बेला बढी सम्झना घरकै आउँथ्यो। दिनमा एक पटक घरमा कुराकानी हुन्थ्यो। बाँकी समय भने लेखेरै बिताउँथे। मनमा लेखनको ड्राफ्ट हुन्थ्यो, अनि ल्यापटपमै सीधै लेख्थे।

लेख्न बसेपछि बिहानदेखि बेलुकासम्म लगातार ६ घण्टासम्म लेखेको, कुनै बेला १५ मिनेट लेख्दा झ्याउ लागेको उनको अनुभवले बताउँछ। घरमा १ महिना बसेर लेख्नु र बाहिर १० दिन बसेर लेख्नु एउटै हो भन्ने लाग्छ उनलाई। त्यसबीच उनी बढीमा ३ कप कफी पिउँछन् भने ग्रिन टी अलि बढी नै पिउँछन्।

समर लभको सिक्वेल साया सुबिनले विशालनगरस्थित फाइन प्रिन्टको अफिसमै लेखिसिध्याए। १० बजे अफिस जानेर अनि ५ बजे फर्कनु उनको दैनिकी थियो। त्यसको केही भाग भने न्युरोडस्थित मोबाइल कम्पनीको कार्यालयमा बसेर लेखे। साया लेख्न ४ महिना लाग्यो। मनसुन उपन्यास पनि धेरैजसो घरमै लेखेको भट्टराई बताउँछन्। प्रिय सुफी भने घरमै बसेर लेखियो। ४ महिनाभन्दा बढी लाग्यो। बाहिर गएको भए डेढ महिनामै लेखिन्थ्यो। प्रायः बिहान र दिउँसो लेखियो।

मोहन मैनालीले मान्छा डराएको जुग घरमै बसेर लेखे। यो पुस्तक लेख्न १० वर्षभन्दा बढी समय लगाए उनले। मान्छा डराएको जुग लेख्न किन त्यति समय लाग्यो त ? 'जब म लेख्न बस्थेँ, तिनै पात्रहरू सपनामा, आँखामा आउँथे।

मैनालीले भने, 'मान्छे मारेको, रोएको दृश्यहरू दिमागमा आउँदा पीडा हुन्थ्यो। मानिसहरू त्रसित थिए। देशको अवस्था कहालीलाग्दो थियो। त्यो लेखन सुखद थिएन।' त्यसैले लेख्दा-लेख्दै बीचमै छाडिदिए। सुरुमा पुस्तक होला जस्तो पनि लागेन। त्यसैले लेखिएका केही भाग पत्रिकालाई दिए। यसबीच लेख्दा-लेख्दै उपल्लो थलो पुस्तकमा हात हाले। मान्छा डराएको जुगले पद्मश्री साहित्य सम्मान प्राप्त गर्‍यो। 'म निर्णय गर्न, मूल्यांकन गर्नमा गलत रहेछु भन्ने प्रमाणित भयो।' मैनालीले भने।

मैनालीलाई लेख्न बस्दा घरमा आफ्नै कोठाको त्यही कुर्सी, त्यही टेबल, कम्प्युटर, किताबको गन्ध, भान्सामा कुकरमा लागेको सिठ्ठी आदि मन पर्छ। सानो छोराले डिस्टर्ब नगर्दासम्म उनलाई लेख्नै मन लाग्दैनथ्यो। बेलुकाको समयमा कसैको फोन नआउने हुँदा शान्त लाग्थ्यो, बाहिरको हल्ला पनि नहुने भएकाले त्यही समयमा लेख्न रुचाउँछन् उनी। मान्छा डराएको जुगको चार पटक पुनर्लेखन गरे उनले, त्यो पनि घरमै। 'घरबिनाको लेखन त सोच्न पनि सकिँदैन।' मैनाली भन्छन्, 'नयाँ ठाउँमा निद्रा लाग्दैन। जहाँ गए पनि घर छाडेको रात मलाई निन्द्रा लाग्दैन।

नथिया उपन्यासकी लेखिका सरस्वती प्रतीक्षा यो पुस्तकको अनुसन्धानका क्रममा बाहिर गइन् भने लेख्न बस्दा अन्यत्रभन्दा घरलाई नै रोजिन्। बच्चा सानो भएकाले घरमै बसेर लेख्न सहज लाग्यो। 'घरमा एक प्रकारले अभ्यस्त भैसकेको र घर आफैंमा शान्त भएकाले बाहिरको वातावरण खोज्न मन लागेन।' सरस्वतीले भनिन्। उनले प्राय दिउँसो नै लेखिन्। ११ देखि ७ बजेको समय लेखेरै बित्थ्यो। सरस्वतीले युट्युबबाट १ घण्टा लामो धुन डाउनलोड गरेर राखेकी थिइन् ल्यापटपमा। एउटै खालको बाँसुरीको मेडिटेसन धुन कोठामा बजिरहन्थ्यो। त्यही धुन सुन्दै लेख्दा उनमा ऊर्जा सञ्चार हुन्थ्यो। दिमाग फ्रेस भएजस्तो लाग्थ्यो। नथिया लेख्न बस्दा सुरुका दिनमा १० कप सम्म दूधको चिया पिउँथिन्। पछि ग्रिन टी वा ब्ल्याक टी पिउन थालिन्।

युवा पुस्ताका चर्चित कवि नवराज पराजुली एकदिन घुम्दैघुम्दै पशुपतिनाथ मन्दिर परिसर पुगेका थिए। त्यहाँ उनले लास जलाउने ठाउँमा विदेशबाट कफिनमा आएको एउटा लास देखे। उक्त लास जलाउने क्रममा मृतकका बुबाले आफ्नो छोराको लासलाई ढोगेछन्। त्यसअघि त्यस्तो घटना उनले कहिल्यै देखेका थिएनन्। यस्तो कहालीलाग्दो दृश्य देखेपछि कवि पराजुलीले लेखे, सगरमाथाको गहिराइ। सायद त्यो दिन पशुपति नगएको भए वा त्यो दृश्य नदेखेको भए सगरमाथाको गहिराइ जन्मिने थिएन भन्ने उनलाई लाग्छ। जसले पछि गएर पद्मश्री पुरस्कार नै हात पार्‍यो। लेख्ने निश्चित समय हुँदैन उनको। राती १ बजे, बिहान ५ बजे, दिउँसो १ बजे। आफ्नै कोठामा बसेर लेख्दा पराजुलीमा बढी ऊर्जा सञ्चार हुन्छ। नवराज मनमा कविता फुर्दा प्रायः मोबाइलमा रेकर्ड गरिहाल्छन् अनि पछि त्यसलाई ल्यापटपमा उतार्छन्।

कविता



## निर्मलाको आवाज

विमल वैद्य

निरीह छ मान्छे
मान्छेभन्दा बढी, सरकार निरीह छ
लुट मच्चिरहन्छ
चुपचाप हेरिरहन्छ
चोक-चोकमा अस्मिता च्यातिँदा
ऊ रमिते बनेर बस्छ
सक्दैन केही गर्न
प्रतिवाद जनाउन पनि सक्दैन।
थियो एउटा आवाज
त्यो पनि मलिन भैसकेको छ
नपुङ्सकहरू संसद् भवनमा
मसिनो स्वरले
सदाचारको गीत गाइरहेछन्
यता मन्दिरमा पुजारीहरू
तीजका व्रतालुहरूमाथि
आँखा डुलाइरहेछन्
सुरक्षाका वर्दीहरू
प्रहरी चौकीमै व्यभिचारमा लिप्त छन्
साइरनको आवाजभित्र दबेर
तस्करी दिउँसै सडकमा हुइँकिन्छ
कहाँ पुग्छ सुन
कता हराउँछन् अपराधी
थाहा हुन छोडेको छ
देशमा यतिबेला राष्ट्रवाद जागेको छ
राष्ट्रिय स्वाधिनताका अगाडि



बलात्कारका कुरा अनर्गल हुन्
मान्छे मर्ने कुरा सामान्य हुन्।
घरभित्रै छोरी असुरक्षित छ
स्कुलभित्र विद्यार्थी
गुम्बाभित्र भिक्षुणीको भो कुरै नगर्नोस्
हरे राम, हरे राम होइन
आदर्श रामहरू हराएपछि ग्रन्थबाट
रामहरू पनि हे राम, हे राम हुन थालेका छन्
हराम, हराम हुन थालेका छन्
आफ्नै आमाको प्रसव बिर्सिएर
छोराहरू उस्तै आमाहरूमाथि
नाता बिर्सिन थालेका छन्
देशको ढोका बन्द गरेर
मचानबाट उर्दी लाउनेहरू
लगाइरहेछन्
समृद्धिको भाकामा स्वर थप्नेहरू
थपिरहेछन्
हराउँदै गएको न्याय स्वयं
न्यायालयको गेटमा मगन्ते बनेको छ
देशको शुसासन
सिंहदरबारको मूलढोकामा लम्पसार छ
निर्मलाको रगतमाथि टेकेर
भन्नेहरू भन्छन् अझै पनि
यो सरकार जनप्रिय छ
निर्मलाको आर्तनादभन्दा
यो सरकारको आवाज कर्णप्रिय छ।

अपराध

# आफ्नै साझेदारबाट व्यवसायी मारिए

अर्जुन राजवंशी

दमकका युवा व्यवसायी ३८ वर्षीय खेमराज पौडेलको आफ्नै व्यवसायी सहकर्मीबाट विभत्स हत्या भएको छ । पौडेलको शव गौरीगन्ज गाउँपालिका-६, देवीगन्जस्थित नेपाल-भारत सीमानजिक खेतको नालामा भदौ २६ गते बिहान फेला परेको थियो ।

बिहान ७ बजे गाईवस्तु बाँध्न गएका स्थानीय बासिन्दाले पैनीमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । कमल गाउँपालिका-६, मंगलबारे निवासी पौडेलले दमक नगरपालिका-६ मा राजदीप इन्टरप्राइजेज नामक रेडिमेड कपडा पसल सञ्चालन गर्दै आएका थिए । उनको घाँटी, छाती, पाखुरा, पिँढ्युसहित शरीरका विभिन्न भागमा धारिलो हतियारले काटेको गहिरो चोट रहेको इलाका प्रहरी गौरीगन्जका प्रहरी निरीक्षक टेकेन्द्र पौडेलले बताए । घटनास्थलमा पौडेलको मे ७ प १९०४ नम्बरको मोटरसाइकल, हेलमेट, मोबाइल, ब्याग आदि फेला परेको थियो । पौडेलसँग भएका चेक, पर्स तथा नगदसमेत सुरक्षित रहेकाले नियोजित रूपमै आफ्ना भाइको हत्या भएको मृतकका दाजु धनपति पौडेलले साप्ताहिकलाई बताए ।



पौडेलको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले गौरीगन्ज-६ का २८ वर्षीय सद्दाम हुसेनमाथि आवश्यक कारबाही अघि बढाएको छ । प्रहरी बयानमा हुसेनले अपराध स्वीकार गरेको प्रहरी निरीक्षक पौडेलले बताए । मादक पदार्थ सेवन गरेको अवस्थामा पौडेलको हत्या गरेको हुसेनले प्रहरीसमक्ष दिएको बयानमा बताएका छन् ।

## ९० हजारले गयो ज्यान

पौडेल भदौ २५ सोमबार बेलुका ६ बजेदेखि बेपत्ता थिए । उनी सोमबार दिनभरि पसलमा बसेर बेलुकीपख श्रीमती दीपासँगै पसलको पैसा उठाउन जिल्लाको सीमावर्ती बजार गौरीगन्ज गएका थिए । सद्दाम हुसेन पौडेलको पसलबाट कपडा लिएर गौरीगन्ज, खजुरगाछी, गौरादह, कोरोबारी आदि बजारमा बिक्री गर्थे । पछिल्लो समय उनले एक लाख रुपैयाँको सामान उठाएका थिए, जसमध्ये ९० हजार रुपैयाँ हुसेनले पौडेललाई बुझाउन बाँकी थियो ।

झापा जिल्लाका दक्षिणी बजारहरू गौरादह, जुरोपानी, गौरीगन्ज तथा खजुरगाछीका ७ जना व्यापारीले पौडेलसँग कारोबार गर्थे । पौडेल साप्ताहिक रुपमा पैसा उठाउन प्रत्येक मंगलबार तल्लो क्षेत्र जान्थे, तर हुसेनले ताकेतामा जाने निर्धारित मंगलबारभन्दा अघिल्लो दिन अर्थात् सोमबार नै पैसा लिन बोलाएपछि पौडेल श्रीमतीसँग गौरीगन्ज पुगेका थिए । हुसेनले काम विशेषले आफूलाई मंगलबार फुर्सद नभएकाले सोमबारै पैसा लिन आउनू भनेर बोलाएका थिए । पैसा लिन श्रीमान्-श्रीमती नै आएको देखेपछि हुसेन अचम्मित भएका थिए । उनले भाउजू तपाईं किन आउनुभएको ? भन्दै पौडेलकी श्रीमतीसँग प्रश्न गरेका थिए ।

हुसेनले पैसा घरमा भएकाले आफ्नो घर जान पौडेलसँग आग्रह गरेका थिए । एउटा बाइकमा तीन जना कसरी जानु ? तपाईं यतै कतै बस्नुस्, मेरो घर यहाँबाट १५ मिनेट जान र १५ मिनेट आउन लाग्छ । हामी गएर आइहाल्छौं भन्दै दीपालाई गौरीगन्ज-६ स्थित चौबाटोमा बस्न लगाएर उनीहरू दक्षिण लागेका थिए । उनीहरू दुई घण्टासम्म नफर्किएपछि दीपा सशंकित भएकी थिइन । उनी स्थानीय बासिन्दाको सहयोगमा नजिकै रहेको इलाका प्रहरी कार्यालय, गौरीगन्ज पुगिन । लगत्तै गौरीगन्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठले हुसेनलाई बोलाउन मान्छे पठाए, तर हुसेन अध्यक्ष श्रेष्ठलाई भेट्न नगई आफैं प्रहरी कार्यालय पुगेका थिए ।

## बेइज्जत गरेकाले हत्या

हुसेनले प्रहरीसँगको बयानमा पौडेलले सार्वजनिक स्थानमा आफ्नो बेइज्जत गरेकाले हत्या गरेको बताएका छन् । पैसा उठाउने क्रममा करिब ३ महिना अघि गौरादह बजारमा पौडेलले हुसेनलाई हप्काएका थिए । तिर्नुपर्ने भन्दा निकै कम रकम दिएपछि 'यस्तो पाराले हुँदैन । यति पैसाले तिम्रो ऋण तिरिँदैन' भन्दै पौडेलले हुसेनलाई गाली गरेका थिए । बजारमा पसल थापेकै स्थानमा सार्वजनिक रुपमा आफ्नो बेइज्जत गरेको रिसमा पौडेलको हत्या गरेको प्रहरीसँगको बयानमा हुसेनले उल्लेख गरेका छन् ।

'हुसेनले हत्या गर्ने योजना बनाएरै पौडेललाई बोलाएको अनुसन्धानबाट खुलेको छ' जिल्ला प्रहरी कार्यालयका एसपी भीमप्रसाद ढकालले भने, 'पौडेललाई अपहरणशैलीमा घरभन्दा टाढाको चोकमा लगेर हत्या गरेको पाइयो ।' नेपाल-भारत सीमाना नजिक एकान्त ठाउँमा लगेर पौडेलको हत्या गरेको हुसेनले बताएका छन् । हुसेनले भारतबाट ६० रुपैयाँमा किनेर ल्याएको छुरी प्रहार गरी हत्या गरेको एसपी ढकालले बताए । प्रहरीका अनुसार हुसेन पौडेलको हत्या गरी घर गएर आफ्नो लुगा धोइपखाली गर्नुका साथै आफू पनि नुहाएर बसेका थिए । हुसेनले पौडेलको हत्या आर्थिक लेनदेनकै कारण गरेको र हुसेनमाथि कर्तव्य ज्यान अन्तर्गतको मुद्दा चलाइएको प्रहरीले जनाएको छ ।

## सुरक्षाको माग

व्यवसायी पौडेलको विभत्स हत्यापछि दमक तथा गौरीगन्जका उद्योगी, व्यवसायीले सुरक्षा माग गरेका छन् । उनीहरूले व्यवसायिक सुरक्षा नभएको भन्दै स्थानीय प्रशासनको ध्यानाकर्षण गराएका छन् । नेपाल-भारत सीमा क्षेत्रमा हत्या, अपहरण, लागूपदार्थ कारोबार आदि आपराधिक क्रियाकलाप बढेको भन्दै गौरीगन्जका व्यवसायीहरूले विशेष सुरक्षाको माग गरेका हुन् । झापा उद्योग वाणिज्य संघ, गौरीगन्ज शाखाका अध्यक्ष मखना महतोले लगातारको आपराधिक क्रियाकलापले स्थानीयवासी तथा व्यवसायीहरू त्रसित भएको बताए । दमक उद्योग वाणिज्य संघका अध्यक्ष राजेन्द्र ढकालले खुलेआम व्यवसायीको हत्याले जिल्लाको सुरक्षा व्यवस्थामा प्रश्न चिन्ह खडा भएको उल्लेख गरेका छन् ।



# घर र पढाइ खर्चको जोहो गर्न

मोरङको बेलबारी-११, लक्ष्मीमार्गस्थित लक्ष्मी माध्यमिक विद्यालयको कक्षा ९ मा अध्ययनरत १४ वर्षीया रीता कार्की विद्यालयबाट घर पुर्नेबित्तिकै सिटी रिक्साको ह्यान्डिल समाउँछिन् । विद्यालय जानुअघि पनि उनी सिटी रिक्साको ह्यान्डिलमै हुन्छिन् । ५ महिनादेखि रीताको दैनिकी यसरी नै बितिरहेको छ । उनले सिटी रिक्साको ह्यान्डिल नसमाउँदा उनीहरूको चार जनाको परिवारको हात-मुख जोर्न समस्या पर्छ ।

रीताकै परिश्रमका कारण एक बहिनी तथा एक भाइ विद्यालयमा अध्ययन गरिरहेका छन् । १० धुर जमिनमा निर्मित कच्ची घरमा रीतासँगै आमा जुना, बहिनी नितु तथा भाइ मदन बस्छन् । उनीहरू सोही विद्यालयको क्रमशः कक्षा ७ र २ मा अध्ययनरत छन् । बाबु दुर्गाबहादुर परिवारको सम्पर्कमा छैनन् । पहिले राजमिस्त्रीको काम गर्ने दुर्गाबहादुरले पछिल्लो समय सिटी रिक्सा कुदाएर परिवारको गुजारा चलाउँदै आएका थिए, तर उनी परिवार छाडेर अन्यत्र बस्न थालेपछि १४ वर्षीया रीता परिवारको भरोसा भएकी हुन् ।

परिवारको हात मुख जोड्न तथा आफूसहित भाइ र बहिनीको पढाइ खर्चको व्यवस्था गर्न विद्यालय अघि र पछिको समयमा आफुले सिटी रिक्सा चलाउँदै आएको रीता बताउँछिन् । दैनिक सरदर ६-७ सय रुपैयाँ आम्दानी हुन्छ, रीताले भनिन्– त्यसमध्ये २ सय ५० रुपैयाँ हरेक दिन स्थानीय वित्तीय संस्थामा बचत गरेर बाँकी रकम परिवारको गुजराका लागि आमा जुनालाइ बुझाउने गरेकी छु । राजमिस्त्रीको काम गर्दा पनि रीताका बुबा दुर्गाबहादुर कहिलेकाहीं मात्र घरमा आउँथे । चारकोसे जङ्गलबाट दिनहुँ निगुरो टिपेर बिक्री गर्दै आएकी रीताकी आमा जुनाले भनिन्– श्रीमान् सधैं बरालिएर हिँडेपछि उनलाई लाइनमा ल्याउन माइतीले दिएको १० धुर जमिन बिक्री गरेर २ लाख ५० हजारमा सिटी रिक्सा खरिद गरेर दिए । केही समय उनले सिटी रिक्सा चलाए, तर समय बित्दै जाँदा उनी सम्पर्कमा आउन छाडेपछि सिटी रिक्सा घरमै थन्कियो । सिटी रिक्सा थन्किएसँगै परिवारको गुजारा पनि संकटमा पर्यो । जुनाले भनिन्– मलाई चलाउन आउँदैन । घरको अवस्था देखेर रिता आफैले सिटी चलाउन थालेकी हुन् ।


नरेन्द्र बस्नेत











# युवाहरूका लागि ग्रुमिङ रुल्स

धूलो एवं प्रदूषणको जति बढी सामना गरिन्छ । साबुन छनौट गर्दा त्यति नै सचेत हुनुपर्छ । आफ्नो छालाअनुरूपकै साबुन प्रयोग गर्नुपर्छ । ओयली स्किनका लागि फ्रुट वा जेल बेस्ड साबुन तथा ड्राइ स्किनका लागि क्रिम बेस्ड साबुन प्रयोग गर्नु उपयुक्त हुन्छ ।

रोजिन शाक्य

### आफ्नो स्किन टाइप बुझौं

प्रायः पुरुषलाई आफ्नो छाला कुन प्रकारको छ, थाहा हुँदैन, जसका कारण उनीहरू तैलीय छालामा मोइस्चराइजिङ क्रिम अनि ड्राइ स्किनमा ओयल फ्रि क्रिम प्रयोग गर्छन् । यो समस्याबाट जोगिन एउटा टिस्यु पेपरलाई आफ्नो मुहारमा राखेर छालाको जाँच गर्नुपर्छ । यसबाट आफ्नो छाला तैलीय छ कि छैन पत्ता लाग्छ । यदि ओयलका साथमा डस्ट पार्टिकल्स पनि छ भने छाला तैलीय छ भन्ने बुझ्नुपर्छ ।

### क्लिन्जिङ

दैनिक क्लिन्जिङ गर्नाले छाला चम्किलो एवं कोमल हुन्छ । छालाको प्रकारअनुसार क्लिजिङ प्रयोग गर्दा मुहारको रोमछिद्रमा भरिएको धूलोमैलो निस्कन्छ र अनुहार दागरहित हुन्छ ।

### सेविङ वा ट्रिमिङ

यसबाट मुहारको मैलो सफा हुन्छ । सेविङका लागि हार्ड ब्लेड प्रयोग गर्नु हुँदैन । यदि हेवी बियर्ड राख्न चाहनुहुन्न वा आफ्नो ज-लाइन सार्प छ भने स्टबल बियर्ड राखेर लुकलाई आकर्षक बनाउन सकिन्छ । यदि ज-लाइन सार्प छैन भने चिउँडोमुनिको केश सफा गरी पेच स्टाइल अपनाउन सकिन्छ ।

### मोइस्चराइजर

अनुहारको छालाको नरमपन कायम राख्न जरुरी छ, कारण जब छाला सुख्खा हुन्छ तब त्यो फुट्न थाल्छ । यसबाट छाला कस्सिन्छ । यस्तो अवस्थामा मोइस्चराइजर प्रयोग गरी आफ्नो छालालाई कोमल राख्न सकिन्छ ।

### एक्सफोलिएसन

मुहारबाट छालाका मृत कोषहरू हटाउन एक्सफोलिएट गर्नु आवश्यक छ । धूलोमैलो र तैलीय पदार्थ छालाको बाहिरी भागमा जम्मा हुन्छ र ब्ल्याक तथा ह्वाइट हेड्स मौलाउँछ । यसलाई एक्सफोलिएसनका माध्यमबाट हटाउन सकिन्छ । यो उपाय सातामा दुई पटक अवलम्बन गर्न सकिन्छ ।

### उपयुक्त साबुन छनोट

धूलो एवं प्रदूषणको जति बढी सामना गरिन्छ । साबुन छनौट गर्दा त्यति नै सचेत हुनुपर्छ । आफ्नो छालाअनुरूपकै साबुन प्रयोग गर्नुपर्छ । ओयली स्किनका लागि फ्रुट वा जेल बेस्ड साबुन तथा ड्राइ स्किनका लागि क्रिम बेस्ड साबुन प्रयोग गर्नु उपयुक्त हुन्छ ।

### सनस्क्रिन

घामको प्रभावबाट जोगिन सनस्क्रिन प्रयोग गर्नुपर्छ । एसपीएफ ३० युक्त सनस्क्रिन छालालाई घामबाट जोगाउन प्रभावकारी हुन्छ ।

### माउथवास

मुखबाट आउने दुर्गन्धका लागि दाँतको फोहोर पनि जिम्मेवार हुन्छ । टुथब्रसलाई हरेक तीन महिनामा परिवर्तन गर्नुपर्छ । ब्रस गर्दा जिब्रो पनि सफा गर्नुपर्छ । माउथवास भने दिनहुँ प्रयोग गर्नु हुँदैन ।

### नङ राखौं सफा

नङलाई सफा एवं ट्रिम राख्नुपर्छ । यदि नङ कडा छ भने केही समय पानीमा भिजाए त्यो नरम हुन्छ । भिजेको नङ काट्न सजिलो हुन्छ ।

### सुगन्धको कुरा

महिलाको तुलनामा पुरुषको शरीरमा बढी रौं हुन्छ, जसले गर्दा पसिना पनि बढी आउँछ । राम्रो खालको परफ्युम, डिओ बडी स्प्रे तथा टेलकम पाउडर प्रयोग गरी शरीरको दुर्गन्धबाट छुटकारा प्राप्त गर्न सकिन्छ ।

### स्वयंलाई आकर्षक बनाऔं

आईब्रोज हेभी र बाक्लो छ भने सैलुनमा गएर त्यसलाई ट्रिम गर्नुपर्छ । यसलाई राम्रो खालको ट्रिमरले आफैंले पनि सेट गर्न सकिन्छ । ट्रिमरबाट नाक र कान दुवै स्थानका रौंलाई सहजै सफा गर्न सकिन्छ । प्लकरका मद्दतले ब्रोजको आइवन रौं वा अतिरिक्त रौंलाई प्लक गर्न सकिन्छ ।

### केशको ट्रिमिङ

केश छोटो राख्न हरेक २-३ सातामा त्यसलाई ट्रिम गराउनुपर्छ । गर्दनपछाडि आउने लामो रौं सेब गर्नुपर्छ ।

### नुहाउनुपर्छ


केश नियमित रूपमा सफा गर्नुपर्छ । ड्राइ हेयर छ भने एकदिन बिराएर धुन सकिन्छ । आफ्नो केशको टेक्सचरअनुसार राम्रो खालको स्याम्पु तथा कन्डिसनर प्रयोग गर्नुपर्छ ।

### स्टाइलिङ प्रोडक्ट्स

केशलाई स्टाइल प्रदान गर्न हेयर सिरम प्रयोग गर्न सकिन्छ । यसको प्रयोग भिजेको केशमा गर्नुपर्छ । त्यसबाहेक केशमा हेयर क्रिम वा मुस आदिसमेत प्रयोग गर्न सकिन्छ । यसले केश शाइनी देखाउनुका साथै त्यसलाई सेटसमेत गर्छ ।

### हेयर स्टाइल

केश लामो छ भने पोनी स्टाइल अपनाउन सकिन्छ । त्यसबाहेक बज कट अर्को राम्रो विकल्प हो । जसको केश खुइलिन थालेको छ, जसको केश कम छ उनीहरूका लागि सैग, सर्ट, स्पाइकी तथा क्रु कट उपयुक्त हुन्छ ।



## देखिऔं सुन्दर

हरेक मौसममा जो कोही नेचुरल देखिन चाहन्छन् तर सदैव त्यस्तो हुँदैन । यतिबेला अनुहारमा कुनै कुरा प्रयोग गर्नु स्टिकी र हेभी महसुस गर्नु हो । पुरुषका लागि छालाको हेरचाह आवश्यक हुँदैन भनिन्छ तर यो गलत धारणा हो ।

**नियमित क्लिन्जिङ :** चम्किलो छाला प्राप्त गर्न दिनहुँ क्लिन्जिङ गर्नु उपयुक्त हुन्छ । सूर्यको अल्ट्राभ्वाइलेट किरण तथा बढ्दो प्रदूषणको डस्ट पार्टिकल्स हटाउन नियमित रूपमा फेसियल क्लिन्जर प्रयोग गर्नुपर्छ । यसबाहेक मुहारलाई सफा राख्न गुलाब जल पनि प्रयोग गर्न सकिन्छ ।

**मोइस्चराइजर :** छालाको नरमपन कायम राख्न आफ्नो स्किन टाइपअनुसार मोइस्चराइजर प्रयोग गर्नुपर्छ । यसलाई बाहिर जाँदा र राति सुत्नुपूर्व प्रयोग गर्नुपर्छ ।

**सनस्क्रिन हुनुपर्छ साथमा :** छालामा सूर्यको अल्ट्राभ्वाइलेट किरणको नकारात्मक प्रभाव पर्छ । यसबाट छालाको रंग हल्का हुन्छ र छालाले आफ्नो प्राकृतिक सुन्दरता गुमाउँछ । त्यसैले घाममा निस्कनुपूर्व एसपीएफयुक्त प्रयोग गर्नुपर्छ ।

**धूमपानमा बन्देज :** धूमपान गर्दा शरीरमा अक्सिजनको स्तर कम हुन्छ, परिणामस्वरूप छालामा चाउरी पर्छ र त्यो मृत अवस्थामा पुग्छ ।

**पर्याप्त निद्रा :** निद्रा स्वास्थ्य र छाला दुवैका लागि आवश्यक छ । निद्रा पूर्ण नहुँदा समयपूर्व नै छालामा उमेरको प्रभाव देखिन्छ । त्यसैले स्वस्थ छालाका लागि कम्तीमा ८ घन्टा सुत्नुपर्छ ।

**प्रशस्त पानी :** राम्रो र स्वस्थ छालाका लागि पानी सबैभन्दा महत्वपूर्ण हुन्छ । शरीरका लागि दिनमा ८ देखि १० गिलास पानी आवश्यक छ । यसबाट बडीको सम्पूर्ण टक्सिन बाहिर निस्कनुका साथै अनुहारसमेत चम्किलो हुन्छ ।

**बडीवास :** मेन्स ब्युटीविज्ञहरूका अनुसार पुरुषले अनुहारमा साबुनको साटो बडीवास प्रयोग गर्नुपर्छ, कारण साबुनमा सोडियम हाइड्रोक्साइडको मात्रा बढी हुन्छ जसले छालालाई राम्रो गर्दैन । बडीवास अनुहारको सुख्खापन हटाउन प्रभावकारी हुन्छ र त्यसले छालालाई कोमलसमेत राख्छ ।

## फेसबुक फन्डा



संकलक : जीवन भट्टराई

# कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश कुमार खपाङ्गी
yogeshkhapangi@gmail.com






खडानन्द खान बस्या बेला

खडानन्द : हँ, अघि त तरकारीमा दुइटा अप्सन छ आज, भन्यौ त, खाली यही चिचिन्डोकै तरकारी मात्र देख्छु त म त ?

पत्नी : अप्सन दुइटा नै छ त :

१. खान मन लाग्छ भने चुप लागेर खुरुक्क खाऊ ।

२. खान मन छैन भने जुरुक्क उठेर लुरुक्क पर्दे बाहिर जाऊ ।

खडानन्दकी पत्नी र सानो छोरा

छोरा : मम्मी, तपाईं त परीहरू आकाशमा उड्छन् भन्नुहुन्थ्यो त ?

खडु पत्नी : हो त छोरा ।

छोरा : अनि पार्वती आन्टी त उड्नुहुन्न त मम्मी ?

खडु पत्नी : अनि पार्वती आन्टीलाई कसले परी भन्यो त ?

छोरा : हिजो बुबाले पार्वती आन्टीलाई 'तिमी त परी हौ' भन्दै हुनुहुन्थ्यो ।

खडानन्द र हरिबोल

खडानन्द : जहाँबाट मान्छेले एकपल्ट धोका खान्छ, त्यो ठाउँमा फेरि जाँदै नजानु भन्छन् त ।

हरिबोल : हो त, किन जानु त त्यस्तो ठाउँमा ?

खडानन्द : हुन त हो, अनि ससुरालीचाहिँ किन घरी-घरी जान्छन् त मानिसहरू ????

खडानन्द र हरिबोल

हरिबोल : तँ पनि अब बिहे गर यार, बिहे गर्नुको आनन्द पनि बेग्लै छ यार जिन्दगीमा !

खडानन्द : कस्तो आनन्द नि ?

हरिबोल : खानलाई केही पाइयोस्, नपाइयोस् त्यो छुट्टै कुरा, सुन्नलाई चाहिँ धेरै पाइन्छ यार !

खडानन्दले म्यारिज ब्युरो खोले, अरूको वैवाहिक सम्बन्ध अघि बढाइदिनका लागि । एउटी युवती आइन् अफिसमा । खडानन्दले एउटा केटाको तस्बिर निकाले ।

खडानन्द : केटा यही हो, राम्रो खानदान छ, केटाले एमबीए पढ्या हो, एउटा राम्रो कम्पनीमा जागिर खान्छ, कमाइ, बानीबेहोरा एकदम राम्रो छ, उचाइ पनि ५ फीट ९ इन्च जति छ, तर केटा अलि कालो छ ।

केटी : सबैथोक ठिकै छ, तर यहि क्वालिटीमा सेतो रङको चाहिं देखाउनुस् न सर ।

खडानन्द र हरिबोल

खडानन्द : पहिले-पहिले बजारको कुनै पसलमा छिर्दा आफूलाई भगवान सम्झिन्थें, किनभने त्यहाँ लेख्या हुन्थ्यो– ग्राहक देउता हुन् । आजकल त आफैंलाई चोर सम्झिने गऱ्या छु ।

हरिबोल : किन र ?

खडानन्द : किनभने त्यही ठाउँमा आजकल 'तपाईं सिसिटिभी क्यामेराको निगरानीमा हुनुहुन्छ' भनेर लेख्या हुन्छ ।

खडानन्द र हरिबोल

खडानन्द : म पूरै हात खुट्टा छोडेर बाइक चलाउन सक्छु ।

हरिबोल : हात खुट्टाको मात्र के कुरा भो र ? हाम्रा गाउँका चारकोलजीले त झन् सासै छोडेर पनि कुदाउन सक्छन् ।

खडानन्द : हो र ?

हरिबोल : हो त, अस्ति भर्खर मात्र माइ खोलामा उनको दाहसंस्कार गरेर आएको ।

खडानन्द र साथी

हरिबोल : के गरेको हौ यो ? हातमा आइरनले डाम्दैछस् त ?

खडानन्द : अलि कमजोरी महसुस भएर डाग्डरकोमा गा'को, शरीरमा आइरनको कमीले गर्दा यस्तो भाको भने, अनि ।

जीएफ : म माथी धेरै युवाहरू मर्छन्, किन होला ?

खडानन्द : हैट्, के कुरा गरेको हौ ? तिमी अस्पतालको बेड हौ र ????

प्राइभेट बैंकमा, सेक्युरिटी गार्डमा जागिर खानको लागि खडानन्द अन्तरवार्ता दिन गए ।

अन्तर्वार्ता लिने व्यक्ति : तपाईंलाई अंग्रेजी बोल्न आउँछ ?

खडानन्द : आउँदैन, किन र सर ?

अन्तर्वार्ता लिने व्यक्ति : यो सेक्युरिटी गार्डको जागिरमा अङ्ग्रेजी बोल्न नआउनेको काम छैन, तपाइ जान सक्नुहुन्छ ।

खडानन्द : किन र सर अंग्रेजी बोल्न जान्नैपर्ने ? के चोर, लुटेरा, बैंक लुट्नेहरू पनि उतै बेलायतबाटै आउने हुन् र ...????

खडानन्द र हरिबोल

हरिबोल : खडु, तेरी गर्लफ्रेन्ड छैनन् ...?

खडानन्द : छे यार, तर मेरो त हाफ गर्लफ्रेन्ड मात्र हो !

हरिबोल : के भन्छ यो ? कस्तो हो यो हाफ गर्लफ्रेन्ड भनेको ?

खडानन्द : उसको ब्वाइफ्रेन्डसँग झगडा परेपछि रुन मात्र मकहाँ आउँछ यार !

खडानन्द विवाह गरेपछि पहिलो पटक ससुराली जाँदै थिए । बसमा अलि भीड थियो, उनी आफ्नी दुलहीलाई च्याप्प पक्रेर प्यासेजमा उभिएका थिए ।

ड्राइभर : (यसो पछाडी हेर्दै) हैन के गऱ्या हौ भाइ, त्यसरी पक्रिरहनु त पर्दैन त ।

खडानन्द : तपाईंहरूले नै बसमा लेख्नुभाको छ त, आफ्नो सामानको सुरक्षा आफैं गर्नुहोला भनेर ।

खडानन्दको प्राइभेट अफिसमा एकजना महिला सेक्रेटरीको आवश्यकता थियो । खडानन्द अन्तर्वार्ता लिने कुर्सीमा थिए । एउटी युवती आइन् अन्तरवार्ता दिन ।

खडानन्द : तपाईं विवाहित कि अविवाहित ?

युवती : म अविवाहित सर ।

खडानन्द : ल तपाईं जान सक्नुहुन्छ, हामीलाई विवाहित र अनुभवी महिला चाहिएको हो ।

युवती : सर, म अविवाहित भए पनि अनुभवी छु ।

## पत्याउनु हुन्छ ?

# शिशुको नाम सरकारले राख्छ



कुनै पनि अभिभावकले आफ्ना सन्तानको जन्मपछि उसको नाम आफ्नो इच्छा र रहरअनुसार राख्छन् । पूर्वीय समाजका जन्मपत्री बनाउनुपर्ने समुदायमा ज्योतिषीले नाम राखिदिने चलन छ । सुन्दा अचम्म लाग्न सक्छ, उत्तरी युरोपको डेनमार्क जस्तो सम्पन्न र विकसित देशमा त्यहाँका आमाबाबुले आफ्नो इच्छाअनुसार आफ्ना सन्तानको नाम राख्न पाउँदैनन् । उनीहरूले सरकारले उपलब्ध गराएको ७ हजार नाममध्येबाट मात्र आफ्ना शिशुको नाम राख्न पाउँछन् ।

### जगिङमा रोक

मर्निङ वाकमा निस्किनु, दौडनु, जगिङ गर्नु, कसरत गर्नु स्वास्थ्यका लागि आवश्यक मानिन्छ । प्रायः सबैखाले चिकित्सकले प्रभातकालीन कसरतलाई शरीरका लागि विशेष लाभदायक मानेका छन् र उनीहरू यसको सिफारिस समेत गर्छन् । यद्यपि पूर्वी अफ्रिकी देश बुरुन्डीमा भने यस्तो प्रभातकालीन घुमफिर तथा कसरतमा मार्च २०१४ देखि प्रतिबन्ध छ ।

## तथ्य - सत्य



सिंगापुरलाई संसारकै सबैभन्दा विकसित र कठोर नियम-कानुन भएको देश मानिन्छ । सिंगापुर विकसित हुनुमा त्यहाँको कठोर कानुन तथा अनुशासन पालनालाई नै प्रमुख कारण मानिएको छ । सिंगापुरको कानुनअनुसार त्यहाँ कसैलाई पनि सार्वजनिक स्थलमा गाली गर्न पाइँदैन । त्यसो गर्नु गम्भीर फौजदारी अपराध मानिन्छ । यसैगरी सार्वजनिक स्थलमा फोहर फ्याँक्नु, धूम्रपान एवं मद्यपान गर्नुलाई पनि सिंगापुरको कानुनले दण्डनीय अपराधको श्रेणीमा राखेको छ ।

नागरिकको स्वास्थ्य कुनै पनि सरकारको पहिलो दायित्व हो । आफ्नो यो दायित्व पूरा गर्न संसारका कतिपय मुलुकले स्वास्थ्य सेवालाई निःशुल्क गरेका छन् भने कतिपय मुलुकले आफ्ना शत-प्रतिशत नागरिकलाई स्वास्थ्य बिमा उपलब्ध गराएका छन् । यद्यपि सिंगापुर मात्र संसारको यस्तो मुलुक हो जहाँ नागरिकलाई स्वस्थ राख्न त्यहाँको सरकारले सार्वजनिक स्थलमै एक्सरसाइज मेसिन उपलब्ध गराउँछ । त्यसबाहेक सिंगापुरमा सबै जिमखाना त्यहाँका नागरिकका लागि निःशुल्क उपलब्ध छन् ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

### मेष

अध्ययनमा लगानीअनुरूप नै सफलता हात लाग्नेछ । अवसरका लागि क्षमतावान् व्यक्तिसँग प्रतिस्पर्धा हुनसक्छ । परिश्रम तथा बुद्धिको सहायताले उचाइमा पुग्न सकिनेछ । परिवारजनको भावनालाई आत्मसात् गर्दा समस्या पहिचान गर्न मद्दत मिल्नेछ । आलोचना गर्ने आफन्तजन नजिकिनेछन् ।

### वृष

भविष्यका निम्ति दिगो जग बसाउने बेला आएको छ । नयाँ संगतमा प्रेम अंकुरित हुनसक्छ । छोटो समयमै घुलमिल हुन खोज्नेहरूसँग सचेत रहनुहोला । मान्यजनको सुझाव आत्मसात् गर्दा सकारात्मक ऊर्जा प्राप्त हुनेछ । आर्थिक क्षेत्रमा गरिएका प्रयास लक्ष्यमा पुग्नेछन् ।

### मिथुन

काममा सफलता मिल्नेछ । व्यवसायबाट लाभ लिन केही समय कुर्नुपर्नेछ । सामाजिक काममा सहभागी हुने अवसर जुट्नेछ । साथीभाइसँगको सम्बन्ध प्रगाढ रहनेछ । खराब आचरण हुनेहरूले जालझेल गर्न सक्छन् । प्रलोभन देखाउनेहरूबाट टाढा रहँदै प्रतिष्ठा जोगाउने प्रयास गर्नुहोला ।

### कर्कट

आर्थिक लगानीबाट सन्तोषजनक परिणाम हात लाग्नेछ । आफ्नो योजनामा भएका काम सहज रूपमा सम्पन्न हुनेछन् । प्रेमी-प्रेमिकाबीचको मधुरताले पारस्परिक सम्बन्धलाई थप उचाइमा पुऱ्याउनेछ । दुर्घटनाबाट जोगिन संयमको खाँचो छ । सेतो रंगको प्रयोग फलदायक रहला ।

### सिंह

पारिवारिक जिम्मेवारीले मन पिरोल्न सक्छ । परिस्थितिलाई बेवास्ता गरियो भने समस्या निम्तिन सक्छ । मन पराउने साथीहरू नजिक हुन खोज्दैछन्, भावना बुझ्ने प्रयत्न गर्नुहोला । भोज-भतेरमा सहभागी हुँदा समय तथा स्वास्थ्यप्रति सचेत रहनुपर्नेछ । रातो पहिरनले विविध अवसर दिलाउनेछ ।

### कन्या

कार्यव्यस्तताले गर्दा परिवारका सदस्यहरू रुष्ट हुन सक्छन् । घर-परिवारलाई पनि समय दिनुहोला । विभिन्न अवसरले पिछा गरेको अवस्था छ । आम्दानी राम्रै भए पनि खर्चले पिरोल्न सक्छ । प्रेम प्रस्ताव राख्नेहरूसँग सचेत रहनुमै आफ्नो कल्याण छ ।

### तुला

लामो समयदेखि रोकिएका काम सम्पन्न हुनेछन् । नोकरीमा स्थानान्तरण तथा पदोन्नतिको योग छ । कामका विभिन्न अवसर जुट्नेछन् । दोष थुपार्नेहरू प्रशंसा गर्न थाल्नेछन् । अरुको मुख नताकी निर्णय लिँदा थप अवसरको ढाको खुल्नेछ । यात्रा गर्दा मौसमको ख्याल गर्नुहोला ।

### वृश्चिक

भोज-भतेरमा पुराना मित्रसँगको भेटले पर्याप्त मनोरञ्जन प्रदान गर्नेछ । भौतिक सुखबाट मात्र ढुक्क हुन नसकिएला । विश्वास पात्रले कुरा काटदा मन खिन्न हुनेछ । पारिवारिक सहयोगमा महत्वपूर्ण कार्य सम्पन्न गर्न सकिनेछ । साताको अन्त्यमा पुण्य कर्मतर्फ रुचि बढ्नेछ ।

### धनु

नयाँ अवसरले थप मेहनतको अपेक्षा गरेको छ । भविष्यको चिन्ताले सताउन सक्छ । स्वार्थी साथीहरूका कारण मन खिन्न हुनेछ । काम सम्पन्न गर्ने क्रममा अपजसको सामना गर्नुपर्ला । सामाजिक कामले संयमित रहन प्रेरित गर्नेछ । परिवर्तित मौसमका कारण स्वास्थ्य बाधा उत्पन्न हुनसक्छ ।

### मकर

मेहनतले कार्य सम्पन्न गर्न सहज बनाउनेछ । प्रेमी-प्रेमिकाबीचको तितोपन अझ वृद्धि हुन सक्छ । कम बोल्नुमै फाइदा होला । बलमिच्याइँ गरे काम बिग्रने सम्भावना छ । विदेश जाने प्रक्रियामा बढी खर्च भए पनि ढिलो गरी सफलता हात लाग्नेछ ।

### कुम्भ

गोपनीयतामा विशेष ध्यान दिनुहोला । कुरा काट्नेहरू सलबलाएको अवस्था छ । मनभित्र उब्जिएको चञ्चलतामा संयमित रहनुमै आफ्नो कल्याण छ । अधुरा काम क्रमिक रूपमा सुचारु हुनेछन् । अबेरसम्म यात्रा गर्दा ध्यान पुऱ्याउनुहोला ।

### मीन

आफ्नै जुक्ति बुद्धिले प्रतिकूल अवस्थालाई अनुकूल बनाउन सकिनेछ । आर्थिक पक्ष सबल हुँदै जानेछ । विदेश भ्रमणको अवसर जुट्न सक्छ । नगद सापटी लिएकाहरूले कारोबारमा जालझेल गरी झुक्याउन सक्छन् । चिसो वातवरणमा स्वास्थ्य प्रतिकूल हुनसक्छ, सावधानी अपनाउनुहोला ।

**यो साता**

असोज ५ गते
विश्व शान्ति दिवस
विश्व अल्जाइमर्स दिवस
असोज ६ गते
सामाजिक सेवा दिवस
असोज ७ गते
विश्व सांकेतिक भाषा दिवस
असोज ८ गते
इन्द्रजात्रा
असोज ९ गते
सोह्र श्राद्ध प्रारम्भ
असोज १० गते
विश्व आणविक हतियार निर्मूलन दिवस
असोज ११ गते
विश्व पर्यटन दिवस

**अब हाम्रो पालो**

# कम पढेका व्यक्तिहरू किन राजनीतिमा लाग्छन् ?



राम्रो नाम-दाम कमाउन ।

**विकास**

बोल्न र कुरा घुमाउन पिएचडीको आवश्यकता पर्दैन हजुर !

**आनन्द**

जसले कुरा बुझ्दैनन् र मान्छे कुट्न अनि मार्न पनि सक्छन् । उसँग सबै डराउँछन् अनि उसैले चुनाव जित्छ । त्यही भएर ऊ नेता हुन्छ ।

**नर्बदा पौडेल**

अकुत सम्पत्ति कमाउने सजिलो माध्यम भएकाले ।

**कमल**

आफ्नो स्कोप खोज्दै, टोले लठुवाहरू लिडर बनेका हुन्छन् । हात र दिमाग चलाउन नजान्ने, मुख मात्र चलाउन जान्ने भएर यस्तो भएको हो ।

**डेनिस**

धेरै पढेका मानिस कसरी सेटल हुने भन्दाभन्दै हैरान हुन्छन् । नपढेकाहरू सम्पूर्ण समय समाजमै बसेर केही न केही गरिरहन्छन्, त्यसैले ।

**डल्ले भाइ**

पढेलेखेकाहरूलाई जागिर खोज्दै र जागिर धान्दै ठीक हुन्छ । त्यसैले कम पढेकाहरू राजनीतिमा लाग्छन् ।

**काया बस्नेत**

पैसा कमाउन, अपराध ढाकछोप गर्न, शिक्षित व्यक्तिलाई असफल बनाउन अनि देशलाई कंगाल बनाउन ।

**सुदर्शन श्रेष्ठ**

गफै गरेर खान पाइन्छ भने किन अंग्रेजी, गणित, विज्ञान आदि पढेर दिमाग भुट्नु नि ? अब त पढ्दै नपढी पास हुने जमाना पनि आइसक्यो ।

**माधव पाण्डे**

अरू विकल्प नदेखेर वा राजनीति गर्ने मानिसले यति पढेकै हुनुपर्छ भनेर नतोकिएकाले ।

**संगीता रेग्मी**

नपढेपछि अरू कुनै काम हुँदैन । त्यसैले दिन कटाउन के गर्ने त भन्दा हावादारी गफ हान्ने, झगडा गर्ने, यसका लागि राजनीति राम्रो प्लेटफर्म हो । दाम पनि आउने दिन पनि कट्ने ।

**महेन्द्र विष्ट**

नेपालमा पैसा कमाउन राजनीति गर्नेहरू ९९ प्रतिशत छन् । उनीहरूलाई निजी फाइदा बाहेक अरू कुनै कुरामा चासो छैन ।

**नारायण अचार्य**

राजनीति समाजकै महत्वपूर्ण पाटो हो, जब विद्यार्थीले सामाजिक कार्यमा ध्यान दिन्छ तब उसले बुझ्छ, पढेर मात्र होइन परेर ज्ञान पाइन्छ । अनि ऊ किताबी ज्ञान र स्कुलको मार्कसिटमा कम होला तर अबुझ भने हुँदैन । जस्तै : नेल्सन मन्डेलाको मार्कसिट त थिएन तर समाज बदल्ने चाहना थियो, सपना थियो ।

**ऋषिजंग थापा बगाले**

> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
>
> १. अहिले तपाईंले हेर्ने उत्कृष्ट टेलिभिजन कार्यक्रम कुन हो र किन ?

पढेलेखेकाहरू किन फस्दा हुन् फोहोरी राजनीतिमा ?

**भुवन थापा**

जीविकोपार्जनको कुनै आधार नहुने भएकाले । अहिलेको नेपालको सन्दर्भमा राजनीति नै कमाइको उत्तम स्रोत र साधन भएकाले ।

**डेभिड भण्डारी**

अरू केही गर्न सक्ने दक्षता नभएर ।

**प्रकृति**

ठगेर खान पाइने भएकाले ।

**निशान**

पत्रकारहरू पनि कम पढ्ने भा'को भएर ।

**पूर्ण मानव**

नेपालको राजनीति बिनाविचार चल्छ । जोसँग शक्ति छ, उसले सबैलाई घुमाउन सक्छ, त्यही भएर होला ।

**जनक कुँवर**

धेरै पढेका मानिसहरूले राम्रो अवसर पाउँछन् । आन्दोलनमा धेरै पढेलेखेका व्यक्तिहरू प्रहरीको कुटाइ खान तथा जेल बस्न तयार हुँदैनन् । कम पढेकाले जागिरमा अवसर पाउँदैनन् । जो जोखिम मोल्न तयार हुन्छन् नेता बन्छन् अनि देश चलाउँछन् ।

**रमन लामा**

राजनीति भनेकै नपढेकाहरूले त गर्ने हो नि । पढेकाले त जागिर खाने हो ।

**तारा लिम्बू**

दाम कमाउन सजिलो हुन्छ नि । त्यसैले कम पढेलेखेकाहरू राजनीतिमा लाग्छन् ।

**जीवन क्षेत्री**

पढिसकेपछि के गर्ने भन्ने अन्यौलताले निम्ताउने तनावले गर्दा राजनीतिमा लाग्छन् । राजनीतिमा आफू ठूलो मान्छे भएको आभाष हुन्छ, सान दिन पाइन्छ ।

**शंकर आचार्य**

पढेलेखेकाहरूमाथि राज गर्न ।

**प्रसन्न अर्याल**

## यौन जिज्ञासा र समाधान


डा. राजेन्द्र भद्रा



म २५ वर्षीय अविवाहित पुरुष हुँ । मैले आजसम्म कसैसँग यौनसम्बन्ध राखेको छैन । आफ्नो यौनप्यास मेटाउन मैले १४ वर्षको उमेरदेखि नै लगातार हस्तमैथुन गर्दै आएको छु । हस्तमैथुनमा चिल्लोपनका लागि म आफ्नो थूक प्रयोग गर्छु । पहिले त यो समस्या थिएन, तर अहिले हस्तमैथुनपछि कहिलेकाहीं दुखेजस्तो, पोलेजस्तो हुन्छ र पिसाब पनि छिनछिनमा लागिरहन्छ । पानी पिएपछि बिस्तारै दुख्न, पोल्न र पिसाब रोकिन छोड्छ । यो समस्याले पछि आफ्नो यौनसाथीलाई यौनसुख दिन पो सक्दिन कि भन्ने चिन्ता लाग्छ । यो यौनरोग हो कि के हो ? मैले कुनै औषधी तथा डाक्टरको सहयोग लिएको छैन । अब मैले के गर्नुपर्छ ?

**एम.**

तपाईंको प्रश्नको जवाफ दिनुभन्दा पहिले पुरुष यौनाङ्गका बारेमा छोटोमा चर्चा गरौं । तपाईंलाई थाहै होला, प्रमुख पुरुष यौनाङ्ग लिङ्ग, अण्डकोष थैली, अण्डकोष, पौरुष ग्रन्थि आदि हुन् । त्यसबाहेक इपिडिडाइमिस, वीर्यथैलीजस्ता अङ्गले यी यौनाङ्गका साथै प्रजनन कार्यमा सहयोग गर्छन् । लिङ्गभित्र एउटा नली हुन्छ, जसलाई हामी मूत्रनली भन्छौं । यो नली लिङ्ग मुण्डमा एउटा प्वालका रूपमा खुल्छ, जसलाई हामी मूत्रद्वार भन्छौं । यसले पिसाब थैलीबाट पिसाबलाई बाहिर निस्कने बाटो दिने भएकाले पनि यसको नाम मूत्रनली राखिएको हो, तर यही नलीबाटै वीर्य समेत निस्कन्छ । यो महत्वपूर्ण अङ्ग संवेदनशील हुन्छ, यसमा हुने थोरै परिवर्तनले पनि विभिन्न लक्षण देखाउन सक्छ । मूत्रनलीमा कुनै बाधा भएको, संक्रमण भएको वा गडबडी सिर्जना भएको स्थितिमा लिङ्ग दुखेको वा पोलेको अनुभव हुन सक्छ । यौन रोग लिङ्ग दुख्ने वा पोल्ने स्थितिको एउटा महत्वपूर्ण कारक हो । यद्यपि लिङ्ग दुख्ने वा पोल्ने स्थिति हुनासाथ यौनरोगका कारणले हो भन्नेचाहिँ होईन । कतिपय स्थितिमा यौन रोग नभै अन्य कारणले समेत यस्तो हुन्छ ।

### किन यस्तो भएको ?

कतिपय युवकले हस्तमैथुनपछि लिङ्ग पोलेको, हल्का दुखेको वा असजिलो भएको अनुभव गर्छन् । यस्तो हरेक हस्तमैथुनपछि हुन सक्छ भने कहिलेकाहीं मात्रत पनि हुनसक्छ । यस्तो भएपछि धेरैले कतै यौनरोग लाग्यो कि अन्य केही गम्भीर समस्या सिर्जना भयो कि भनेर चिन्ता गर्न थाल्छन् । विशेष गरेर लामो समयसम्म लिङ्ग र त्यसमा पनि लिङ्गको टुप्पोलाई उत्तेजित गराइएको स्थितिमा यस्तो अनुभव हुने सम्भावना हुन्छ । पिसाब फेरूँ-फेरूँ लाग्छ र पिसाब फेरिसकेपछि पोल्न कम हुन्छ तर पिसाब फेरूँ-फेरूँ जस्तो भएर पिसाब फेर्न जाँदा केही थोपाभन्दा बढी पिसाब आउँदैन । लामो समयसम्म यौन उत्तेजनामा रहँदा विभिन्न यौनाङ्गमा रगतको बहाव बढी हुन्छ । पौरुष ग्रन्थिमा यस्तो हुँदा लिङ्गको टुप्पातिर दुखेको अनुभव हुन सक्छ । पौरुष ग्रन्थिको संक्रमणमा पनि यस्तो लक्षण देखिन सक्छ । मूत्रनलीको शोथ वा संक्रमण हुँदा पनि लिङ्ग दुख्ने, पोल्ने, पिसाब गरूँ-गरूँ जस्तो हुन्छ । हस्तमैथुन गर्दा वीर्यलाई बाहिर आउन नदिई रोक्दा पनि पिसाब फेरूँ-फेरूँजस्तो हुन्छ । अत्यधिक दबाव दिंदा मूत्रनलीका कोषिकामा सूक्ष्म चोट पुग्न सक्छ अनि वीर्य स्खलनका बेला मूत्रनलीको श्लेष्म (mucus) पखालिन सक्छ । पछि पिसाब फेर्दा मूत्रनलीको भित्री भागको प्रत्यक्ष सम्पर्कमा आउन सक्छ । वीर्य केही मात्रामा क्षारीय हुन्छ भने हाम्रो पिसाब केही अम्लीय । पिसाब फेर्दा अम्लीय पिसाबका कारणले पनि पोलेको अनुभव हुन सक्छ ।

### के यौनरोग भएको होला ?

तपाईंले उल्लेख गर्नुभएको लक्षणले मूत्रनलीको संक्रमणको संकेत गर्छ । मूत्रनलीको शोथ वा संक्रमण यौनरोगका कारणले पनि हुन सक्छ वा अन्य कारणले पनि । तपाईंलाई थाहै होला, यौनरोग वा यौन संक्रमण यौनसम्पर्कको माध्यमबाट सर्छ । यौनरोग भन्नाले विभिन्न किसिमको यौनसम्पर्कबाट सर्ने रोगहरूको समूह हो । तपाईंले अहिलेसम्म यौनसम्पर्क नगरेको कुरा गर्नुभएको छ । त्यसैले सैद्धान्तिक रूपमा तपाईंलाई यौन रोग भयो भन्न मिल्ने आधार छैन ।

### समाधान के होला ?

कहिलेकाहीं त वीर्यस्खलनका कारणले पनि यस्तो लक्षण देखिन सक्छ । यो प्रायः आफैं कम भएर जान्छ । प्रशस्त पानी पिउनुपर्छ । त्यसले पिसाब पातलो बनाउन मद्दत मिल्छ, जसले पोल्ने पनि केही कम गर्छ । त्यसैले अनावश्यक रूपमा धेरै चिन्ता लिनुपर्छ जस्तो लाग्दैन । हस्तमैथुन गर्दा होस् वा यौनसम्पर्क गर्दा मूत्रनलीमा सूक्ष्म चोट नलागोस् भनेर विशेष ध्यान पुऱ्याउनुपर्छ । हामीले सरसफाइका लागि प्रयोग गर्ने साबुन होस् वा कोलोन (सुगन्धित जल) कडा किसिमको नहोस् भन्ने कुरामा पनि ध्यान दिनुपर्छ ।

तैपनि बिसेक भएन वा अन्य लक्षण देखियो भने भनेर विशेष चनाखो रहनुपर्छ । यस्तो स्थितिमा चिकित्सकसँग सरसल्लाह गरी उपचार गराउनुपर्छ । मूत्र प्रणालीको संक्रमण छ कि छैन भनेर पत्ता लगाउन पिसाब जाँच गर्नुपर्छ । संक्रमणको प्रकार हेरेर औषधीको सेवन ठीकसँग गरे समस्या समाधान हुन्छ ।

अन्त्यमा, तपाईंले पिसाब रोकिन छोड्छ भनेर लेख्नुभएको कुरा स्पष्ट छैन । खुलाएर लेख्नुभए पक्कै जवाफ दिन सजिलो हुने थियो । तपाईंले आफ्नो यौनसाथीलाई यौन सुख दिन नसक्ने भन्ने कुनै आधार छैन । कलिलै उमेरदेखि तपाईंमा पर्याप्त यौनेच्छा भएकाले नै त्यसलाई पूरा गर्न हस्तमैथुन गर्न थाल्नुभयो र अहिलेसम्म निरन्तरता दिंदै आउनुभएको छ । तपाईंमा लिङ्ग उत्तेजना पनि राम्रैसँग भएको हुनुपर्छ । त्यसैले अनावश्यक चिन्ता गर्न आवश्यक छ जस्तो लाग्दैन ।



**सूचना**

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## डा. सुमनको सल्लाह


डा. सुमनराज ताम्राकार

# के हो शीघ्र स्खलन

*यौनसम्पर्कका क्रममा वीर्य स्खलन होला जस्तो भयो भने लिंग बाहिर निकाल्ने अनि उत्तेजना कम भएपछि सक्रिय हुने, यौन क्रीडा रोकेर ध्यान अर्कै तर्फ मोड्ने, महिला माथि बसेर यौन क्रीडा गरे स्खलन ढिलो हुने हुँदा आसन परिवर्तन गर्ने, स्खलन हुन लाग्दा यौनसाथीलाई यौन सम्पर्कको गति घटाउन संकेत गर्ने, स्खलन होला-होला जस्तो भयो भने लिंगको फेदमा अँठ्याउने, अण्डकोष र मलद्वारबीचको वीर्य नली थिच्ने, कम चिप्लोयुक्त बाक्लो खालको कन्डम प्रयोग गर्ने । शीघ्र स्खलनको समस्या बिस्तारै हट्दै जान्छ ।*

मानव यौन प्रक्रिया चक्रका चार चरणमध्ये उत्तेजना एवं प्लेटो चरणपछिको विशेष महत्वपूर्ण चरणमा चरम सुखसँगै पुरुषमा वीर्य स्खलन हुन्छ । त्यसपछि यौनांगमा शिथिलता आई रिजोलुसन (पुरानै अवस्था) मा फर्कन्छ । कतिपय पुरुषले शीघ्र स्खलनको समस्या भएको गुनासो गर्छन् । प्रायः सबैले अनुभव गरेको तथ्य के हो भने यौनका दृष्टिले परिपक्व भएदेखि तथा वीर्य उत्पादन एवं कुनै तरिकाले स्खलन (हस्तमैथुनलगायतका माध्यमबाट) सुरु भएदेखि शीघ्र स्खलनको समस्या विद्यमान हुन्छ । चाँडो वीर्य स्खलन सापेक्षिक समस्या हो । त्यसैले यसलाई परिभाषित गर्न गाऱ्हो छ । स्वस्थ्य व्यक्तिको ३ मिनेटमा वीर्य स्खलन हुन्छ भने शीघ्र स्खलन भएको मान्ने व्यक्तिले २ दशमलव ३२ सेकेन्डमै वा यौन कार्यको ५-१० धक्कामै वीर्य स्खलन हुँदा पनि शीघ्र स्खलनको गुनासो गर्छन् ।

कति समयभित्रको वीर्य स्खलनलाई शीघ्र मान्ने वा कति समयको वीर्य स्खलनलाई ढिलो मान्ने ? यो विषयमा कुनै स्पष्ट समय सीमा छैन । तुलनात्मक रूपमा महिलालाई चरम सुखमा पुग्न ढिलो हुन्छ, त्यही कारणले पनि लोग्नेमानिसहरू शीघ्र स्खलन भएको अनुभूति गर्न पुग्छन् । कतिपयले भने वीर्य स्खलनअघि आउने रसलाई नै वीर्य मान्छन् । कतिपयचाहिँ यौन चलचित्रमा देखाइने लामो यौन कार्यबाट प्रभावित भै आफूमा शीघ्र स्खलन भएको आशंका गर्छन् ।

शीघ्र स्खलन हुनुको मुख्य कारण मानसिक हो । यसले पुरुष प्रजनन प्रणाली वा स्नायु प्रणालीमा खराबी आएको अर्थ लाग्दैन । उनीहरू आफ्नो यौनसाथीलाई सन्तुष्ट तुल्याउन सक्दिनँ कि भन्ने चिन्ताले पनि ग्रस्त हुन्छन् । यस्तो विषयमा चिन्ता गर्नु आवश्यक छैन, तर यस्तो समस्या नियमित रूपमा दोहोरियो भने समाधानतर्फ लाग्नुपर्छ । शीघ्र स्खलन कम गर्ने उपायका लागि धैर्यता चाहिन्छ ।


शीघ्र स्खलनमाथि नियन्त्रण सम्भव छ । यौनसम्पर्कका क्रममा वीर्य स्खलन होला जस्तो भयो भने लिंग बाहिर निकाल्ने अनि उत्तेजना कम भएपछि सक्रिय हुने, यौनसाथीको शरीरका विभिन्न अंगमा ध्यान नदिने, यौन दृश्य तथा यौन परिकल्पना नगर्ने, यौन क्रीडा रोकेर ध्यान अर्कै तर्फ मोड्ने, महिला माथि बसेर यौन क्रीडा गरे स्खलन ढिलो हुने हुँदा आसन परिवर्तन गर्ने, स्खलन हुन लाग्दा यौनसाथीलाई यौन सम्पर्कको गति घटाउन संकेत गर्ने, स्खलन होला-होला जस्तो भयो भने लिंगको फेदमा अँठ्याउने, अण्डकोष र मलद्वारबीचको वीर्य नली थिच्ने, कम चिप्लोयुक्त बाक्लो खालको कन्डम प्रयोग गर्ने । शीघ्र स्खलनको समस्या बिस्तारै हट्दै जान्छ ।

यसका अतिरिक्त लिंग वरिपरिको मांसपेशीको कसरतले पनि शीघ्र स्खलनको समस्या कम गर्छ । यसका लागि दृढ अठोट एवं धैर्यताका साथै यौनसाथीको सहयोग एवं समझदारीको आवश्यकता पर्छ । बेन्जोकेन वा लिग्नोकेन भएका औषधि लिंगमा प्रयोग गर्दा वीर्य स्खलन ढिलो हुन्छ । वीर्य स्खलन नियन्त्रण अभ्यासका क्रममा हस्तमैथुन गर्ने, स्खलन हुनै लाग्दा रोक्ने अनि उत्तेजना कम भएपछि फेरि थाल्ने । यो प्रक्रिया दोहोऱ्याइरहनुपर्छ ।

यौनसम्पर्करहित यौन आनन्द प्राप्त गर्ने वैकल्पिक उपाय पनि अपनाउनुपर्छ । यो काममा धैर्यताका साथै यौनसाथीको सहयोग एवं समझदारी चाहिन्छ । यी सबै अभ्यासका बाबजुद पनि आशातित नतिजा प्राप्त गर्न समय लाग्न सक्छ, तसर्थ धैर्य कायम राख्न सक्नुपर्छ । अभ्यासका क्रममा सफलता प्राप्त भएन भनेर निराश भैहाल्नु हुँदैन । बरु कति सुधार आयो, त्यसमा सकारात्मक सोच राखी अझ राम्रो नतिजा प्राप्त गर्नेतर्फ प्रयासरत रहनुपर्छ । शीघ्र स्खलनको समस्या कायम रहे यौन विशेषज्ञ वा मनोरोग विशेषज्ञको सहयोग लिन सकिन्छ ।

# धनाढ्य महिला खेलाडीहरू




















**मैदान बाहिर**

## शून्य गुरुत्वाकर्षणमा बोल्टको जित



संसारकै सर्वाधिक तीव्र गतिका धावक उसेन बोल्ट जिरो ग्राभिटी अर्थात शून्य गुरुत्वाकर्षणमा पनि अब्बल साबित भएका छन् । जमैकाका धावक बोल्टले शून्य गुरुत्वाकर्षणको दौडमा भाग लिँदै जित हासिल गरेका हुन् । ओलम्पिक प्रतियोगिताका ८ पटकका विजेता बोल्टले एयरबसको जिरो जी प्लेनमा यस प्रकारको दौडमा सहभागिता जनाएका थिए । फ्रान्सको वायुमण्डलमा भएको उक्त रेसमा फ्रान्सका अन्तरिक्ष यात्री जिन फ्रान्सिस क्लेयरभाय र नोभ स्पेसका सीईओ तथा फ्रेन्च डिजाइनर अकटेभ डे गोल्लेले भाग लिएका थिए । प्रारम्भमा शून्य गुरुत्वाकर्षणमा बोल्टले आफैलाई सम्हाल्न सकेनन्, तर अन्त्यमा उनले रेस जितेरै छोडे । यो रेस निकै रोमाञ्चक भएको उनले बताएका छन् ।


## हट फोटोसुटका कारण चर्चित

क्यानाडाकी महिला टेनिस खेलाडी युजिन बुकार्ड कुनै मोडल भन्दा कम छैनन् । २४ वर्षीया बुकार्ड आफ्नो खेलका साथै हट अन्दाजका कारण पनि उत्तिकै चर्चित छिन् । उनी सोसल मिडियामा आफ्ना ग्ल्यामरस तस्बिर पोस्ट गरेर सबैलाई लोभ्याउँछिन् । बुकार्डले केही दिनपहिले आफू टेनिसमा



नलागेको भए सफल मोडल बन्ने धारणा व्यक्त गरेकी थिइन् । गत वर्ष उनले आइस हकी खेलाडी जोर्डन क्याररका साथ डेटिङ गएको आफ्नो तस्बिर सार्वजनिक गरेकी थिइन् । यद्यपि केही समय पछि नै उनीहरूको ब्रेक-अप भएको थियो ।

## फ्लेयरले गरे पाँचौं विवाह



डब्लुडब्लुईका लोकप्रिय रेसलर रिक फ्लेयरले पाँचौ विवाह गरेका छन् । रिकले आफ्नी गर्लफ्रेन्ड वेन्डी बारलोसँग एक विशेष समारोहबीच विवाह गरेका हुन् । उक्त अवसरमा डब्लुडब्लुईसँग सम्बन्धित रेसरलहरूको सहभागिता थियो । ६९ वर्षीय रिक तथा टेनिस खेलाडी ५८ वर्षीया वेन्डी करिब ६ वर्षदेखि साथै थिए । गत वर्षको अगस्टमा रिक मुटुको समस्याका कारण गम्भीर बिरामी हुँदा वेन्डीले नै उनको हेरचाह गरेकी थिइन् । रिकले विवाहको भिडियो समेत इन्स्टाग्राम स्टोरीमा राखेका छन्, जसमा सेतो कोट लगाएका रिक हातमा फूल लिएर बेहुली वेन्डीतर्फ अघि बढिरहेका देखिन्छन् । उक्त अवसरमा आफ्नी श्रीमती मिसेल म्याककुलका साथ अन्डरटेकर पनि उपस्थित थिए । उक्त विवाहबाट सबैभन्दा बढी खुसी रिक फ्लेयरकी छोरी चार्लोट देखिएकी थिइन् । उनले नै वैवाहिक समारोहको तस्बिर खिच्ने देखि विभिन्न कार्य गरेकी थिइन् ।

# मैदानबाहिर हारेको युद्ध



हिमेश

साफ च्याम्पियनसिप-२०१८ मा नेपालको प्रदर्शन धेरै दृष्टिकोणले अर्थपूर्ण रह्यो र शिक्षाप्रद पनि । एउटा तथ्य मान्नैपर्छ, ढाकामा भएको यसपटकको प्रदर्शनलाई लिएर नेपालले गर्व गर्न सक्छ । कारण प्रतियोगिता सुरु हुनुअघिको केही साता नेपालका लागि सुखद रहन सकेन । जाकार्तामा भएको एसियाली खेलकुदको पुरुष फुटबलमा नेपालले समूह चरण नै काट्न सकेन र पाकिस्तानविरुद्धको खेलसमेत गुमायो ।

त्यसपछि नेपालले आफ्नो प्रमुख प्रशिक्षक नै गुमायो । जाकार्तामा नेपाली टिमका प्रशिक्षक जापानका ग्योटुकु कोजी फेरि नेपाल फर्कन सकेनन । बिनाअनुमति यी विदेशी प्रशिक्षक गैरकानुनी तरिकाले लामो समय नेपाल बसेका थिए । यसमा दोष कसको हो, त्यो आफ्नै ठाउँमा छ, तर यसले दक्षिण एसियाली फुटबलको सर्वोच्च प्रतियोगिताको तयारी नेपालले सुमधुर ढंगले गर्न नसकेको कुरा नै प्रमाणित हुन्छ । साफ च्याम्पियनसिप सुरु हुनुभन्दा केही दिनअघि मात्र बालगोपाल महर्जन प्रशिक्षण नियुक्त भए ।

यस्तोमा नेपालले ढाकामा राम्रो प्रदर्शन गर्न सक्ने कुरामा आशंका सिर्जना भैसकेको थियो । नभन्दै नेपाल लिग समूहको आफ्नो पहिलो खेलमै पाकिस्तानसँग २-१ ले पराजित भयो । त्यतिबेलै धेरैले अनुमान गरिसकेका थिए, अब नेपाल फेरि एकपटक सेमिफाइनल पुग्न सक्ने छैन र चाँडै घर फर्कनेछ, तर त्यस्तो भएन, नेपालले त्यसपछि भुटानलाई ४-० तथा आयोजक बंगलादेशलाई २-० ले पन्छायो । वास्तवमै त्यो गज्जबको प्रदर्शन थियो र नेपालको यहाँसम्मको यात्राको प्रशंसा गर्नैपर्छ ।

त्यसको ठीक विपरित सेमिफाइनलमा नेपालको प्रतिद्वन्द्वी माल्दिभ्ससँगको खेल भने बिर्सनलायक रह्यो । आफ्नो पहिलो खेलमा श्रीलंकासँग गोलरहित बराबरी खेलेको माल्दिभ्सले भारतसँग पनि २-० को हार बेहोरेको थियो । यस्तोमा माल्दिभ्सको प्रदर्शनको व्यापक आलोचना भैरहेको थियो । अर्कातर्फ माल्दिभ्सको घरेलु फुटबल पनि कलहबाट गुज्रिरहेको स्थितिमा धेरैले अनुमान गरे, यो टिम फाइनल पुग्न योग्य छैन, उपाधि जित्ने त अझ परको कुरा थियो ।

यद्यपि त्यही टिमले नेपाललाई सेमिफाइनलमा नमज्जासँग ३-० ले हरायो । नेपाल फेरि एकपल्ट सेमिफाइनलमै रोकियो । आखिर यही टिमले फाइनलमा भारतलाई पनि हराएर उपाधि नै जित्यो । भलै लिग चरणमा माल्दिभ्सको प्रदर्शन कमजोर थियो, तर नकआउट चरणमा उसको प्रदर्शन सनसनीपूर्ण रह्यो । इतिहासमा जति बेला माल्दिभ्सको यो यात्राको विश्लेषण गरिनेछ, त्यति बेला भनिनेछ, माल्दिभ्स उपाधिका लागि पूर्णतः हकदार थियो ।

यसको विपरित जुन बेला नेपाललाई फेरि एकपल्ट निर्णायक प्रदर्शनको आवश्यकता थियो, ठीक त्यही बेला टिमले राम्रो गर्न सकेन । प्रतियोगिता सकेर नेपाली टिम काठमाडौं फर्किएपछि विश्लेषण गर्दा के निचोड निस्कन्छ भने नेपालले खेल मैदानभित्र होइन, मैदानबाहिर गुमाएको हो । धेरै दृष्टिकोणबाट भन्न सकिन्छ, खेलाडीले मैदानमा सक्दो खेलेपनि त्यसलाई सुहाउँदो व्यवस्थापन ढाकामा देखिएन ।

ढाकामा नेपाली टिमको फितलो व्यवस्थापनको नमुना नै देखियो । खासमा यसपटकको साफ च्याम्पियनसिपमा नेपालको प्रदर्शन मैदान बाहिर हारेको युद्ध जस्तै रह्यो र त्यसको प्रमुख कारण थियो, फितलो व्यवस्थापन । आजभोलि नेपाली टिमले ठूलो प्रतियोगिता अघि आफ्नो तयारी सातदोबाटोको अप्राकृतिक मैदानमा गर्छ । धेरै भैसकेको छ, नेपालले प्राकृतिक मैदानमा अभ्यास नगरेको । सातदोबाटोको टर्फ मैदानमा अभ्यास गर्दा-गर्दा नेपालका अधिकांश खेलाडीले प्राकृतिक घाँसे मैदानमा खेल्न बिर्सिसकेको अवस्था छ ।

कुनै समय के भनिन्थ्यो भने पानी परेर मैदान हिलाम्मे भएपछि सबैभन्दा राम्रो खेल्ने टिम नेपाल नै हो । त्यस्तो किन भने नेपाली खेलाडी हिलाम्ये मैदानमा खेल्न अभ्यस्त थिए । अचेल नेपाली खेलाडीले त्यस्तो अवसर गुमाइसकेका छन् । यस्तोमा भन्न कर लाग्छ, सातदोबाटोको टर्फ मैदानमा धेरै अभ्यास गर्नु पनि नेपालका लागि हितकर हुन छाडेको छ । खेलाडीले यस्तो मैदानमा अभ्यास गर्न त पाउनु पर्छ नै, प्राकृतिक घाँसे मैदानको अनुभव पनि उत्तिकै चाहिन्छ । यसको प्रभाव माल्दिभ्सविरुद्धको सेमिफाइनलमा देखियो ।

लगातारको पानी र चट्याङको सम्भावनाबीच पहिलो हाफमा लगभग आधा घन्टा खेल रोकियो । यसबीच बंगबन्धुको मैदान पूर्णतः हिलाम्य भैसकेको थियो र त्यो मैदानमा नेपाली खेलाडीले खेल्नै सकेनन् । यसका पछाडि एउटा कारण त नेपाली टिम यस्तो मैदानमा खेल्न अभ्यस्त नहुनु नै थियो । अर्को कारण थियो, त्यस्तो हिले मैदानमा खेल्न चाहिने बुट नेपाली खेलाडीसँग थिएन् । त्यसैले नेपाली खेलाडी लगातार मैदानमा चिप्लिरहे, लडिरहे ।

अर्कातर्फ माल्दिभ्सका खेलाडीले भने ढुक्क भएर खेलेको देखियो । यस्तो मैदानमा खेल्न स्टड भएको बुट चाहिन्छ । त्यस्तो बुटको मुनि फलामे गट्टा हुन्छन् । नेपाली खेलाडीमध्ये गोलरक्षक किरण लिम्बू तथा मिडफिल्डर निराजन खड्काले मात्र स्टड बुट प्रयोग गरे, अरू खेलाडीसँग स्टड बुट थिएन । केही वर्षअघि नेपालले यस्तै समस्या सामना गरेको थियो र त्यति बेला अखिल नेपाल फुटबल संघले केही दर्जन बुट विदेशबाट मगाएको थियो ।

सम्भवतः ती सस्ता र कमसल खालका थिए, फेरि प्रयोगमा आएनन् अथवा ती महँगा र स्तरीय थिए, त्यसैले ती सबै बुट कहींकतै हराए । जति बेला ढाकामा चाहिएको थियो, त्यति बेला त्यस्ता बुट उपलब्ध हुन सकेनन् । सेमिफाइनलको पहिलो हाफमा खेल रोकिंदा खेलाडीको जर्सी नराम्रोसँग भिजिसकेको थियो, तर नेपालसँग त्यसको स्थानमा सुकिलो जर्सि लगाउने विकल्प पनि थिएन् । सबैलाई थाहा थियो, यो दक्षिण एसियामा पानी पर्ने समय हो ।

सेमिफाइनलअघि नै सहभागी सबै टिमले आफ्नो जर्सीमा हस्ताक्षर गर्ने कार्यक्रम थियो । नेपाली टिमले जर्सीका लागि चिनियाँ कम्पनी केल्मीसँग अनुबन्ध गरेको छ, तर साइनिङ कार्यक्रममा खेलाडीले अर्कै ब्रान्डका जर्सिमा हस्ताक्षर गरे । यस्तोमा केल्मीले खुलेरै त्यसको विरोध गर्नुपरेको थियो । आखिर यो सबै व्यवस्थापनकै कमजोरीले त भएका हुन् । यस्तै व्यवस्थापन रहने हो भने नेपाली फुटबलले सफलता हात पार्ने सम्भावना अझ कम हुनेछ । तसर्थ ढाकामा नेपाली फुटबल टिमलाई व्यवस्थापन गर्ने जिम्मेवारी पाएका ती सबै अहिलेको नेपालको पराजयका लागि जिम्मेवार छन् । यो प्रकरणलाई अब पनि ढाकछोप गर्ने हो भने नेपाली टिमले फुटबल नै नखेले हुन्छ ।

## पाँच प्रश्न



**भारतमा हिजो असोज ४ गते ४६ औं संस्करणको एसियन स्कुल यू-१८ च्याम्पियनसिप फुटबल प्रतियोगिता प्रारम्भ भएको छ । उक्त प्रतियोगितामा नेपाली टिमका मुख्य प्रशिक्षक हुन् चेतनारायण श्रेष्ठ । श्रेष्ठले सन् १९९२ मा १९ वर्ष मुनीको राष्ट्रिय टिमबाट अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइसकेका छन् । नेपालीले टोलीले एसियन च्याम्पियनसिपका विदेशी टिमसँग कसरी प्रतिस्पर्धा गर्दैछ ? मुख्यप्रशिक्षक श्रेष्ठसँग साप्ताहिकको पाँच प्रश्न :**

**एसियन स्कुल यू-१८ फुटबल च्याम्पियनसिपमा नेपाली खेलाडीहरूले कस्तो खेल प्रदर्शन गर्नेछन् ?**

हाम्रो मुख्य लक्ष्य भनेकै एसियन स्कुल यू-१८ च्याम्पियनसिपको उपाधि जित्नु हो । त्यसका लागि नेपाली टिमका राष्ट्रिय खेलाडीहरू लामो समयदेखि अभ्यासरत छन् । नेपालले पहिलो पटक एसियन स्कूल यू- १८ च्यम्पियनसिपमा भाग लिंदैछ ।

**एसियन च्याम्पियनसिपमा कसको कप्तानीमा नेपाली टिम मैदानमा ओर्लदैछ ?**

दिनेश हेमजनको कप्तानीमा २० जना खेलाडी चयन गरिएको छ । नेतृत्वदायी भूमिकामा रहेका हेमजन धनुषाका हुन् र उनले यस अघि १६ र १९ वर्ष मुनिको अन्तराष्ट्रिय प्रतियोगिता खेलिसकेका छन् ।

**नेपालले यसका लागि कति दिनको अभ्यास गरेको छ ?**

मैले ४५ दिन माग गरेको थिए । समय अभावका बाबजुद खेलाडीहरूले १ महिना प्रशिक्षण लिएका छन् । विराटनगरमा सञ्चालित बन्द प्रशिक्षणबाट नेपाली टिम तयार पारिएको हो ।

**नेपालले पहिलो खेल बलियो मानिएको थाइल्यान्डसँग प्रतिस्पर्धा गर्दैछ । थाइल्याण्डसँग नेपालले कुन पोजिसनमा खेल्नेछ ?**

पहिलो खेलमा नेपाली खेलाडीहरूले आक्रामक खेल खेल्नेछन् । हाम्रो टिमको फिनिसिङ अलिक कमजोर भएकाले फिनिसिङमा सुधार गरी अलिक बढी आक्रामक खेल खेल्नुपर्नेछ । त्यस्तै ४, ४ र २ को रणनीतिमा मैदानमा उत्रने नेपाली टिम ४, ३ र ३ को रणनीतिसमेत अपनाउनेछ ।

**अन्त्यमा ?**

पहिलो पटक भाग लिएको ४६ औं संस्करणको एसियन स्कुल यू-१८ च्याम्पियनसिपको उपाधि जितेर नेपालको शिर उच्च राख्न हामी तमाम खेलाडी तथा अफिसियलहरू प्रतिबद्ध छौं ।

प्रस्तुति : अनिल श्रेष्ठ

## एसियन स्कुल च्याम्पियनसिपमा नेपाल



भारतको आगरामा हिजो असोज ४ गते प्रारम्भ भएको ४६ औं संस्करणको एसियन स्कुल यू-१८ च्याम्पियनसिप फुटबल प्रतियोगितामा सहभागी हुन नेपाली राष्ट्रिय टिम भारत पुगेको छ । उक्त प्रतियोगिताका लागि नेपालबाट २० खेलाडी तथा ८ अफिसियलसहित २८ सदस्यीय टिम भारत पुगेको हो ।

नेपालले आफ्नो पहिलो खेल असोज ७ गते थाइल्यान्डसँग खेल्नेछ । एक महिनासम्म विराटनगरमा सञ्चालित बन्द प्रशिक्षणबाट नेपाली खेलाडी छनौट गरिएका हुन् । नेपाली फुटबल टिमले पहिलो पटक एसियन स्कुल च्याम्पियनसिपमा सहभागिता जनाउन लागेको हो । १० दिन चल्ने यो प्रतियोगितामा नेपालको नेतृत्व दिनेश हेमजनले गरिरहेका छन् ।

एसियन स्कुल च्याम्पियनसिप खेल्न जाने टिमका मुख्य प्रशिक्षक चेतनारायण श्रेष्ठ हुन् । नेपाली टिममा विष्णुकुमार केसी, विशाल सुनार तथा सूर्य अधिकारी (गोलरक्षक), विकास खवास, नविन गुरुङ, राजन गुरुङ, असिम गुरुङ, रन्दिप पौड्याल तथा सजित राई (डिफेन्स), नितिन थापा, मनिष थापा, जय गुरुङ, सेतेहाङ आङदेम्बे, सुरज ज्यू ठकुरी तथा अनिल महर्जन (मिडफिल्डर) छन् भने स्ट्राइकरमा कप्तान दिनेश हेन्जन, बुद्ध वल तामाङ, रितिक खड्का, अनुप गुरुङ तथा टीका गुरुङ छन् । नेपाली टिमका २० मध्ये १३ जनासँग अन्तर्राष्ट्रिय खेल खेलिसकेको अनुभव छ भने सात जना नयाँ अनुहार हुन् ।

समय सन्दर्भ



अधिकारी रवीन्द्र, बनेपा

# उफ्, के यो माया हो ?

हरेक दिन फेसबुकमा देख्छु, कसै न कसैको बूढीको वा बूढाको बर्थ डे वा कम्तीमा एक जोडीको म्यारिज एनिभर्सरी परेकै हुन्छ । समयको चक्र हो, वर्षमा दुई दिन एक जोडीको जन्मदिन आइरहन्छ अनि वर्षमा एक दिन विवाहको वार्षिकोत्सव पनि ।

हरेक वर्षगाँठमा बूढाले बूढीलाई ट्याग गरेर शब्दका यस्ता ज्वारभाटाहरू बर्साउँछ सम्भवतः उसले ती शब्दहरू आफैँले सिर्जना गरेको पनि हुँदैन, अज्ञात स्रोतबाट ल्याएर पेस्ट गरिएको हुन्छ । कतिपय शब्दको अर्थ आफैँलाई थाहा नहुन सक्छ अनि सम्भवतः शब्दका भावहरू उसले वास्तवमै अनुभूति गरेको हुँदैन, तैपनि ऊ जहिल्यै फेसबुक पोस्टमा दोस्रो हुन्छ, किनभने प्रायः उसकी बूढीले रातको १२ बजे नै समान किसिमको अर्थ राख्ने पोस्ट गरिसकेकी हुन्छे । प्रायः यस्ता अवसरमा बूढाबूढीबीचको पहिले भन्ने राम्रै जुहारी चलेको देखिन्छ ।

वैवाहिक जीवनमा आबद्ध भैसकेका कतिपय दम्पतीले यो लेख पढेर यो पंक्तिसम्म आइपुग्दा रिसले कान राता बनाइसकेका होलान् । नबनाउन पनि किन ? ठाडै कुनै एउटा पोस्टका लागि गरिने सिर्जना आफ्नो नभै कसै न कसैको चोरेको हो भन्दा रिस त उठिहाल्छ । त्यसै पनि सबै सिर्जना आफ्नै हुने भए शेक्सपियरका उद्गार के कामका ? अनि सबै लक्ष्मीप्रसाद देवकोटा पनि त हुँदैनन् । कहीं थोरोका वाक्य सापटी लिइन्छ त कहीं चाणक्यका । उहाँहरूको रिसको लजिक अर्को पनि हुन सक्छ, के अब आफ्नो म्यारिज एनभर्सरीमा बूढीले बूढालाई वा बूढाले बूढीलाई विस पनि गर्न नपाउनु ? तथापि विवाहपछि कसैको मौलिकता नासिएर जान्छ भन्न खोजिएको पनि होइन र कसैले कसैलाई विस गर्न मनाही गर्ने कुरा पनि आउँदैन । यहाँ त केवल प्रविधिसँग जोडीएर आएको विकासशील नूतन जीवनशैलीका केही विचारणीय पाटाहरू केलाउन खोजिएको मात्र हो ।

आज विश्व प्रविधिको चरम विकासले धेरै सानो भएको छ । संसारको कुनै कुनाबाट इच्छाएको व्यक्तिसँग चाहेको समयमा भिडियो कल गर्न कुनै महाभारत छैन । यसर्थ आज एउटा पूर्ण जीवनमा सम्पर्कमा आउने मानिसहरूको संख्या असीमित छ । सामाजिक सञ्जालमा साथीहरूको हूल बहु-आयामिक, बहु-भाषिक, बहु-सांस्कृतिक, बहु-राष्ट्रिय, अनेकानेक छन् । 'ह यापी एनिभर्सरी माई डियर बूढा' भनेर गाला जोडेको पोस्ट हाल्दा पल्ला गाउँको सन्ते कार्कीले त देख्छ नै, त्यही पोस्टमा अन्जानमा ट्याग खाएका उनकै बूढाका टियुका प्राध्यापकले पनि थाहा पाउँछन्, अंग्रेजी खासै नबुझ्ने बिन्देश्वरी मिसले देख्छिन् अनि स्विट्जल्यान्डका टिम कुकले पनि देख्छन् । फ्रेन्ड सूचीमा २ हजार छन् भने १ हजारले त पक्कै हेर्छन् । तैपनि, सेलेब्रिटीलाई छोडेर, मरेर २ सय लाईक र २० कमेन्टभन्दा बढी बिरलैको देखिन्छ । केटाका नजिकका साथीहरू जो उसको विवाहमा जन्त गएका थिए, केटीका नजिकका साथीहरू जो उनलाई दही-चिउरा ख्वाउन जानेवाला छन् र परिवार-नातागोताबाहेक उनीहरूको एनिभर्सरीको खबरले न कसैलाई हर्ष दिन्छ न त बिस्मात नै । केवल उनीहरूको इन्टरनेटको केही डाटा खाइदिन्छ । खाइँदो नपरेको कुरामा लाईक र कमेन्ट गरेर बस्न अलि बढी नै फुर्सद हुनुपर्ने हुन्छ वा मुड बेसी नै खराब हुनुपर्छ ।

अझ उदेक लागेर आउने कुरा त के भने उदायचलदेखि अस्तायचलसम्म एउटै घर-आँगनमा बस्ने श्रीमान्-श्रीमतीबीच फेसबुकका त्यही पोस्टमुनिका कमेन्टमा लभ यू तथा लभ यू टु अनि मुटु, माया र किसका इमोजीहरू टनाटन हुनु । लाग्छ, वास्तविक जीवनमा त उनीहरूको बोलचालसमेत हुँदैन वा फुर्सद छैन । एउटै कमेन्टका हजारौं रिप्लाई हेर्दा लाग्छ, 'किचेनमा भात डढ्यो जस्तो छ, म कुचो लगाउँदै छु, एकपटक गएर हेरिदिनु न' भन्नसमेत मुख फोर्दैनन् श्रीमतीहरू, सीधै फेसबुक लग-इन गर्छन् । श्रीमानहरू पनि कम छन् भन्न खोजेको होइन । करिब ८० वटा कमेन्ट सोही पोस्टमुन्तिर टाइप गरिरहनुभन्दा बरु बरन्डामै गएर मुखामुख कुरा गरे हुने । दुईमध्ये कोही विदेशमा छ भने पीएम गरे हुने, तर यहाँ सामाजिक सञ्जाललाई सुनियोजित ढंगमा कुनै पारिवारिक नाटक मञ्चनको स्टेज बनाइएको छ । ती श्रीमान्-श्रीमती कलाकार भैरहेका छन् । गोप्य हुनुपर्ने भावनाहरू छताछुल्ल विश्वसामु पोखिरहेका छन् । क्वालिटी समयसँगै बसेर, घुम्न गएर, प्रणयसूत्रमा बाँधिएर वा रचनात्मक तरिकाले आफ्नो विवाहको वार्षिकोत्सव मनाउन सकिन्छ न कि यन्त्रवत् ढंगले कुनै मेसिनमा हातका औंला चलाएर । फेसबुके पोस्ट वा कमेन्टले सम्बन्ध राम्रो हुने होइन, दैनिक व्यवहारले हुने हो । सम्बन्ध राम्रो छ भने वल्लोपल्लो घरकाले मात्र होइन, पूरै समाजले थाहा पाउँछ र उदाहरणीय मान्छ, तर स्वयं आफैँले विज्ञापन गर्नु नक्कले अनि ढोंगी प्रवृत्ति हो । यो सम्बन्ध घर चिराचिरा भएर चर्किएपछि बाहिरबाट जबरजस्ती प्लास्टर गर्न खोज्नुजस्तै हो । आत्मविश्वास फर्काउने आपसी कुराकानी र सद्भावले हो । अरूलाई सुनाउँदैमा कसैले आएर समस्या मिलाईदिँदैन । भनिन्छ, साँच्चै नै मिलेका जोडी फेसबुकमा टाइम पास गरेर बस्दैनन् । अझ बेलाबेलामा फेसबुकमा माया र विवाहलाई प्रोत्साहन गर्न भन्दै एक सातासम्म बूढाबूढी नारिएको तस्बिर राखेर अरू दुई जोडीलाई पनि त्यसै गर्न च्यालेन्ज दिइएको देखिन्छ । अहोरात्र आफैँसँग हुने बूढा वा बूढी सँगसँगै बसेर फोटो खिच्नुलाई पनि किन चुनौती भनिएको हो, साँचै चुनौतीपूर्ण भएर त होला । अर्काका बूढा वा बूढीसँग फोटो खिचेर हालौँन् त्यो पो च्यालेन्ज । वैवाहिक जीवनभित्रका कतिपय विषयलाई गोपनीय नै राख्नुपर्छ । आपसी झगडा र माया आफ्नै वैवाहिक पर्खालभित्र राखेर सुल्झाउनु-बुझाउनुको मज्जा पनि बेग्लै छ । वैवाहिक जीवनका स-साना कुरा पनि बढी महत्वका हुन्छन्, यसको संवेदनशीलता नबुझ्नु वा तिनको यथोचित कदर नगरी दुनियाँसामु आदर्श प्रेमको ढोल पिट्नु किमार्थ राम्रो होइन ।

> एउटै घर-आँगनमा बस्ने श्रीमान्-श्रीमतीबीच फेसबुकका त्यही पोस्टमुनिका कमेन्टमा लभ यू तथा लभ यू टु अनि मुटु, माया र किसका इमोजीहरु टनाटन हुनु । लाग्छ, वास्तविक जीवनमा त उनीहरुको बोलचालसमेत हुँदैन वा फुर्सदै छैन । एउटै कमेन्टका हजारौं रिप्लाई हेर्दा लाग्छ, "किचेनमा भात डढ्यो जस्तो छ, म कुचो लगाउँदै छु, एकपटक गएर हेरिदिनु न" भन्नसमेत मुख फोर्दैनन् श्रीमतीहरू, सीधै फेसबुक लग-इन गर्छन् । श्रीमान्हरु पनि कम छन् भन्न खोजेको होइन ।

ravinems@iom.edu.np

# नेपाली धुन चिनाउँदै





अमेरिका अध्ययनका लागि आएका युवाहरूले खोलेको एफवान ब्यान्ड नेपाली मौलिक संगीतको धुन जोगाउन लागिपरेको छ । टेक्सासस्थित अर्भिङमा बस्दै आएका आयुस, रोशन, युवराज, सविन, रसिस तथा युभीले ब्यान्डमार्फत नेपाली मौलिक बाजा एवं संगीतलाई अमेरिकामा पनि गुन्जाइरहेका छन् । ब्यान्डमा आयुष डंगोलले रिदम, रोशन पराजुलीले बाँसुरी र मेलोडिका, युभी पन्तले पर्कसन, युवराज भट्टले भोकल, सविन रोकाले गितार तथा रसिस माथेमाले धिमेमा साथ दिइरहेका छन् । छोटो समयमै लोकप्रिय भएको यो ब्यान्डले सांगीतिक कन्सर्टहरूमा सहभागिता जनाउने क्रमसमेत बढेको छ ।

रहरैरहरमा मादल, बाँसुरी, पर्कसन, धिमे, गितार आदि बजाउन थालेका युवाहरूको समूह नै पछि ब्यान्डका रूपमा स्थापित भएको हो । यो ब्यान्डले गायनभन्दा पनि धुनमा केन्द्रित रहेर आफ्नो प्रस्तुति दिँदै आएको छ ।

उनीहरूले पहिलो पटक अमेरिकामा बसोबास गर्ने नेपालीहरूको साझा फेसबुक पेज युएस नेपाल हेल्प नेटवर्क मार्फत पहिलो लाइभ शो गरेका थिए । हजारौं प्रयोगकर्ता रहेको उक्त पेजमार्फत गरिएको लाइभ प्रस्तुतिमा अमेरिकामा रहेका नेपालीहरूबाट राम्रो प्रतिक्रिया आएपछि उनीहरू हौसिए ।

'जहाँ रहे पनि आफ्नो पहिचान र संस्कृतिलाई जोगाउँ भनेर हामी युवाहरू लागेका हौं,' ब्यान्डका सदस्य रोशन पराजुलीले भने, 'सबैतिरबाट राम्रो प्रतिक्रिया आएको छ ।' उनले आफूहरूलाई थप लोपोन्मुख बाजाहरू आवश्यक परेकाले नेपालबाट झिकाउने प्रक्रियामा रहेको समेत बताए । अहिले उनीहरूले अर्भिङस्थित रमाइलो नेपाली रेस्टुराँमा 'डिनर विथ एफवान' मार्फत लाइभ प्रस्तुति दिँदै आएका छन् ।

शिव शर्मा


KANTIPUR INTERNATIONAL COLLEGE







Paid Internship
China, UAE, Thailand, Malaysia, India & many more ...
For Hotel Management

Admission Open
We prepare you for success
With experienced, qualified & renowned foreign degree holders professors/lecturere from Australia, Russia, USA, India & multimedia classroom. KIC envision preparing the graduates who want to get ahead in the value of lifelong learning & leadership in global business organization.

BHM Bachelor of Hotel Management | BHCM Bachelor of Hospitality & Catering Management | BBA Bachelor of Business Adminstration | MBA Master of Business Adminstration | MHHM Master of Hotel & Hospitality Mgmt. | BID Bachelor of Interior Design | BE Civil Bachelor of Civil Engineering | B.Arch Bachelor of Architecture

International Membership

KIC Kantipur International College

COLLEGE OF MANAGEMENT
Buddhanagar, New Baneshwor
Tel: 4780564, 4783904

COLLEGE OF ENGINEERING
Tel: 5582564, 5582565
www.kantipurinternational.edu.np

नोटः जेहेन्दार तथा विश्वविद्यालय आरक्षित छात्रावृतिको व्यवस्था छ ।


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.नं.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुवास ढकाल ।